## उपाध्यक्ष भनाई

नेपालको वर्तमान संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, सुशासन, विकास र संवृद्धिको स्थापना गरि शिक्षालाई वैज्ञानिक प्राविधिक व्यावसायिक सिपमूलक रोजगारमूलक एवम् जनमुखी बनाउदै शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै नागरिकका लागि आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क रुपमा प्राप्त गर्न पाउने मौलिक व्यवस्था गरिएको छ।

यस गाउँपालिकाभित्रका शैक्षिक मुद्दा तथा चुनौतीहरुलाई अवसरमा परिणत गरि शैक्षिक गुणस्तरमा सुधार ल्याउनु यस योजनाको प्रमुख प्राथमिकता हो। केदारस्यूँ गाउँपालिकालाई संवृद्ध र केदारस्यूँ बासीलाई सुखी बनाउन शिक्षा क्षेत्रमा गरेको लगानीले जनताको जीवनस्तर उकास्न अतुलनीय सहयोग पुग्नेछ। यस योजनालाई उच्च प्राथमिकता दिई यस पालिकाको शैक्षिक वातावरणलाई सन्तोषजनक बनाउने प्रयास गरिएको छ। अबको शिक्षाले व्यक्तिलाई ज्ञान मात्र नभएर सीप सिकाउन सकेमा सीपयुक्त जनशक्ति उत्पादन भई श्रम बजारमा काम पाउने रोजगारी सिर्जना हुने आयआर्जन र आम्दानीमा बढोत्तरी भई समुन्नत समाजको ढोका खुल्ने भएकोले विश्वव्यापी रुपमा चर्चामा आएका जीवनोपयोगी सीपहरु यस गाउँपालिका क्षेत्रका परम्परागत मौलिक ज्ञान, सीप, संस्कृति र सभ्यता असल पक्षहरुलाई संरक्षण र संवर्द्धन गर्दै नयाँ पुस्तामा हस्तान्तरणका माध्यमले शिक्षित, सुसंस्कृत र संवृद्ध पालिका बनाउने पवित्र सोच बोकेको यस योजनाले केदारस्यूँको आमुल परिवर्तनमा निकै सहयोग पुर्याउनेछ।

अन्तमा योजना निर्माणमा खटिनु भएका सबै पदाधिकारीहरु तथा सल्लाह र सुझाव प्रदान गरि यस योजनालाई अझ सुन्दर बनाउन सहयोग गर्नु हुने केदारस्यूँ गाउँपालिकाको शैक्षिक जमात लगायत सबै सरोकारवाला वर्गलाई विशेष धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्न चाहन्छुँ। सम्बन्धित सबै पक्षलाई यस योजनाको ठोस र पूर्ण कार्यान्वयनमा जुट्न हार्दिक अपिल गर्दछुँ।

**मनिषा धामी**
(उपाध्यक्ष)
केदारस्यूँ गाउँपालिका

# विद्यालय शिक्षा क्षेत्र योजना

## २०८१–२०९१

**केदारस्यूँ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देउरा, बझाङ**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

# विद्यालय शिक्षा क्षेत्र योजना २०८१-२०९१

## School Education Sector Plan (SESP), 2025-2035

केदारस्यू गाउँपालिका
विद्यालय शिक्षा क्षेत्र योजना- आ.व. २०८१/०८२-२०९१/०९२
सर्वाधिकारः केदारस्यू गाउँपालिका
प्रकाशनः २०८१
संस्करणः दोस्रो
प्रकाशित प्रतिः ५००

**संरक्षक**
श्री गणेश बहादुर बोहरा
(गाउँपालिका अध्यक्ष)

**प्रमुख सल्लाहकार**
श्री मनिषा धामी (गाउँपालिका उपाध्यक्ष)

**लेखनः**

१. केशव राज भट्ट ( नि.प्रमुख प्रशासकिय अधिकृत )
२. हिक्मत बहादुर भण्डारी (प्राविधिक सहायक )
३. रोसन धमेना ( शिक्षक चन्द्रोदय मा. वि )
४. धुर्व बहादुर कुँवर ( शिक्षक शिक्षोदय मा.वि )
५. खगेन्द्र नाथ (शिक्षक भैरव मा.वि . झोता )
६. नारायण मल्ल (शिक्षक गर्जेपानी मा.वि रायल )
७. विक्रम भण्डारी (शिक्षक वेताल मा.वि )
८. पदमा खत्री (शिक्षा अधिकृत समुदायिक विकास केन्द्र डोटी)

**सम्पादनः** केशव राज भट्ट ( नि.प्रमुख प्रशासकिय अधिकृत )
**प्राविधिक सहयोग :** युरोपियन युनियन, युनिसेफ र सामुदायिक विकास केन्द्र डोटी (CDC)

## अध्यक्ष भनाई

नेपालको संविधानले प्रत्येक नागरिकलाई शिक्षाको मौलिक हक प्रत्याभूत गरेको छ । शिक्षा प्राप्त गर्न पाउनु नागरिकको मौलिक अधिकार र गुणस्तरीय शिक्षाको व्यवस्था गर्नु सरकारको दायित्व हो । समाज परिवर्तनको वाहक शक्ति शिक्षालाई समयसापेक्ष, वैज्ञानिक, व्यावसायिक, सीपयुक्त र रोजगारमूलक बनाउदै समाजवाद उन्मुख राष्ट्र निर्माणको लागि बलियो आधारको रुपमा बलियो आधार तयार गर्नुपर्ने बेला भएको छ । मुलुकले अन्तराष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धता, दीगो विकास लक्ष्य, नेपालको संविधान, चालु आवधिक योजना, संघीय सरकारको विद्यालय क्षेत्र विकास योजना आदिलाई मार्गदर्शनको रुपमा लिई केदारस्यूँ गाउँपालिकाको यो १० वर्षे शिक्षा योजना तयार पारिएको छ ।

यसै सन्दर्भमा केदारस्यूँ गाउँपालिकाले विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई निशुल्क तथा अनिवार्य शिक्षाको माध्यमबाट शिक्षामा गुणस्तरीय पहुँच पुर्याउन तथा शैक्षिक सक्षमता र सेवा प्रवाहको अवस्थालाई प्रभावकारी बनाई सबै बालबालिकाहरुलाई सिकाईका सबै अवसरहरु सुनिश्चित गर्न यो १० वर्षे शिक्षा क्षेत्र योजना निर्माण गर्ने पहिलो प्रयास गरिएको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा देखिएको वर्तमान शिक्षाको व्यवस्थापन र गुणस्तरीयताको चुनौतीलाई सामना गर्दै विकसित भई रहेको नयाँ नयाँ प्रविधि र ज्ञान विज्ञानको क्षेत्रलाई समेट्दै सबैलाई सहज, सुलभ, सरल तथा आवश्यकता अनुसार शिक्षा प्रदान गर्नकै लागि यो योजना सरोकारवाला पक्षहरुको सहभागितामा तयार पारिएको छ ।

विद्यालय शिक्षा तहका नियमित शैक्षिक कार्यक्रमहरुका अतिरिक्त निरन्तर शिक्षा, विशेष शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, शिक्षाका अन्तरसम्बन्धित मुद्दाहरु, विपद व्यवस्थापनसँगै शिक्षाको सुशासन र व्यवस्थापनका पक्षलाई समेटेर तयार पारिएको यस योजनाले केदारस्यूँ गाउँपालिकाको शैक्षिक मार्गदर्शन गर्ने कुरामा म विश्वस्त छुँ । यसकमा साथै यस कार्यमा सहयोग गर्नु हुने यस पालिकाका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, योजनाको मस्यौदा निर्माण समितिका पदाधिकारीज्यूहरु, योजना निर्माण सल्लाहकार समितिका पदाधिकारीज्यूहरु, सामाजिक विकास समितिका संयोजकज्यू, सबै वडाका वडा अध्यक्षज्यूहरु लगायत जनप्रतिनिधिज्यूहरु, शिक्षा अधिकृत तथा शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुखज्यू, विभिन्न शाखाका शाखा प्रमुखज्यूहरु, शिक्षा, यूवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारीज्यूहरु, सबै कर्मचारीज्यूहरु लगायत सम्पूर्ण सरोकारवालाहरुलाई स्मरण गर्न चाहन्छुँ । यस योजनाको कार्यान्वयनमा शिक्षाको गुणस्तरलाई उच्च प्राथमिकता दिँदै अनुगमन, मूल्याङ्कन र सक्षम व्यवस्थापनद्वारा यसको लक्ष्य र उद्देश्यहरु पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछुँ ।

**गणेश बहादुर बोहरा**
(अध्यक्ष)
केदारस्यूँ गाउँपालिका

**परिच्छेद ५ : अन्य उपक्षेत्र**
- ५.१ उच्च शिक्षा ........ ९२
- ५.२ मातृभाषामा शिक्षा ........ ९५
- ५.३ सार्वजनिक पुस्तकालय ........ ९७
- ५.४ नैतिक शिक्षा ........ ९९

**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन**
- ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास........ १००
- ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध ........ १०२

**परिच्छेद ७ : लगानी र श्रोत व्यवस्थापन**
- ७.१ वर्तमान अवस्था ........ १०५
- ७.२ उद्देश्य........ १०७
- ७.३ रणनीति........ १०७
- ७.४ प्रमुख उपलब्धि........ १०८
- ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य........ १०८
- ७.६ योजनाको वार्षिक वजेट तर्जुमा प्रक्रिया........ १०८
- ७.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन........ १०८

**परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन**
- ८.१ वर्तमान अवस्था........ १०९
- ८.२ उद्देश्य........ ११०
- ८.३ रणनीति........ ११०
- ८.४ प्रमुख उपलब्धि तथा नतिजा........ १११
- ८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........ ११२

अनुसूचीहरु........ ११५

सन्दर्भ सामग्री........ १२६


## प्रमुख प्रशासकीय अधिकृत भनाई

नेपालको वर्तमान संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा शिक्षा प्राप्त गर्न पाउनु नागरिकको मौलिक अधिकार र गुणस्तरीय शिक्षाको व्यवस्था गर्नु सरकारको दायित्व हो । केदारस्यूँ गाउँपालिकालाई संवृद्ध र केदारस्यूँ बासीलाई सुखी बनाउन शिक्षा क्षेत्रमा गरेको लगानीले जनताको जीवनस्तर उकास्न अतुलनीय सहयोग पुग्नेछ ।

यस योजनालाई उच्च प्राथमिकता दिई यस पालिकाको शैक्षिक वातावरणलाई सन्तोषजनक बनाउने प्रयास गरिएको छ । वर्तमान समयमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउदै शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै नागरिकका लागि आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क रुपमा प्राप्त गर्न पाउने मौलिक हकको प्रत्याभूति गरेको छ ।

शिक्षालाई समयसापेक्ष, वैज्ञानिक, व्यावसायिक, सीपयुक्त र रोजगारमूलक बनाउदै समाजवाद उन्मुख राष्ट्र निर्माण गर्न यस योजनाले सहयोग गर्ने कुरामा विश्वस्त छुं । अन्तमा योजना निर्माणमा खटिनु भएका सबै पदाधिकारीहरु तथा सल्लाह र सुझाव प्रदान गरि यस योजनालाई अझ सुन्दर बनाउन सहयोग गर्नु हुने केदारस्यूँ गाउँपालिकाको शैक्षिक जमात लगायत सबै सरोकारवाला वर्गलाई विशेष धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्न चाहन्छुँ । सम्बन्धित सबै पक्षलाई यस योजनाको ठोस र पूर्ण कार्यान्वयनमा जुट्न हार्दिक अपिल गर्दछुँ ।

**केशव राज भट्ट**
(नि. प्रशासकिय अधिकृत)
केदारस्यूँ गाउँपालिका

## प्राविधिक सहायक

नेपालको वर्तमान संविधानको अनुसुची ८ ले आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेको तथा स्थानीय सरकार सचालन ऐन २०७४ को दफा ११ (ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाका २३ वटा अधिकारहरु कानुनी रुपले स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा संविधान र कानुनले अङ्गीकार गरेको व्यवहारलाई आत्मसात गर्दै **सुखी केदारस्यूँबासी र संवृद्ध केदारस्यूँ गाउँपालिका**को परिकल्पनालाई साकार पार्ने शैक्षिक पहुँच, गुणस्तर र व्यवस्थापनलाई अग्रस्थानमा राख्न जरुरी देखिएको छ । वर्तमान समयमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउदै शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै नागरिकका लागि आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क रुपमा प्राप्त गर्न पाउने मौलिक अधिकारलाई सुनिश्चित गर्न योजनाको आवश्यकता भई निर्माण गरिएको छ ।

वि. स. २०१३ सालदेखि राष्ट्रिय स्तरमा तयार गरिएको योजनाले स्थानीय तहका सबै आवश्यकताहरुलाई परिपुर्ति गर्न कठनाई भईरहेको अवस्थामा वि.स. २०५७ सालदेखि शिक्षालाई विकेन्द्रित योजनाको रुपमा निर्माण गर्ने सुरुवात गरेसँगै स्थानीय तहमा जनसमुदाय र सरोकारवालहरुको संलग्नतामा जिल्ला शिक्षा योजना र गाउँ / नगर शिक्षा योजना निर्माण तथा कार्यान्वयनको जमर्को गरिएको थियो । संघीयता पछिको समयमा राज्यको पुनर्संरचनासँगै संघ, प्रदेश र स्थानीय तह गरि तीन वटै तहका सरकारहरुले शिक्षालाई साझा र एकल अधिकारको रुपमा बोध गरि कार्य गर्ने सन्दर्भमा नयाँ शिक्षा क्षेत्र योजनाको आवश्यकता परेको देखिएको छ । विद्यालय क्षेत्र विकास योजनाको समाप्ति पछि तीन वटै तहमा एउटै कार्य ढाँचामा निर्माण भएको यस योजनाले केदारस्यूँ गाउपालिकालाई यथार्थमा दश वर्ष पछि सबै शैक्षिक गन्तव्य हासिल गर्ने कुरामा विश्वस्त छुँ।

पहिलो अनुभवमा नयाँ योजना निर्माण गर्नु जटिल एवम् चुनौतीपूर्ण कार्य भएको छ तापनी यो योजनाको मस्यौदा निर्माण समितिको काम अत्यन्तै प्रशंसनीय रहेको छ । योजना निर्माणमा आ आफ्नो अमूल्य सहयोग, सुझाव तथा पृष्ठपोषण प्रदान गर्नु हुने सल्लाहकार समितिका संयोजक आदरणीय गाउँपालिका अध्यक्षज्यू, गाउँपालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सामाजिक विकास समितिका संयोजकज्यू, सबै वडाका वडा अध्यक्षज्यूहरु लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, शिक्षा, यूवा तथा खेलकुद शाखा लगायत अन्य शाखामा कार्यरत सबै कर्मचारी मित्रहरु, विद्यालय व्यवस्थापन समितिको पदाधिकारीज्यूहरु, प्रधानाध्यापकज्यूहरु , शिक्षकहरु लगायत सबै सरोकारवाला वर्गलाई हार्दिक कृतज्ञता प्रकट गर्दछुँ। अन्तमा यस योजनाको प्रभावकारी र पूर्ण कार्यान्वयनको अपेक्षा गरेको छुँ।

**हिक्मत बहादुर भण्डारी**
(प्राविधिक सहायक)
केदारस्यूँ गाउँपालिका

## विषयसूची

**परिच्छेद १ : परिचय**
१.वर्तमान अवस्था.......... २
१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण.......... १२
**परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण**
२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार.......... १३
२.२ दूरदृष्टि.......... १४
२.३ लक्ष्य.......... १४
२.४ उद्देश्य.......... १४
२.५ रणनीति.......... १४
२.६ कार्यनीति.......... १५
२.७ अपेक्षित उपलब्धि.......... १८
२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण.......... २०
२.९ लक्ष्य निर्धारण .......... ३०
**परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्र**
३.१ प्रारम्भिक वालविकास र शिक्षा.......... ३२
३.२ आधारभूत शिक्षा .......... ३६
३.३ माध्यमिक शिक्षा.......... ४०
३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम.......... ४५
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ.......... ४८
**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र**
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन.......... ५४
४.२ शिक्षक व्यवस्थापन र विकास .......... ५८
४.३ शैक्षिक समता र समावेशीकरण .......... ६६
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम .......... ७०
४.५ विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता .......... ७५
४.६ विद्यालय भौतिक पूर्वाधार विकास .......... ८०
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि.......... ८४

गर्ने गरी वैज्ञानिक संस्कृति, अनुसन्धान तथा विकास मार्फत शिक्षा प्रणालीलाई उत्थानशील र उपयोगी बनाईनेछ।

विद्यालयदेखि उच्च शिक्षाको भर्नामा लैङ्गिक समानता कायम भएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार ५ वर्षभन्दा माथि उमेरको साक्षरता दर ७६.३ प्रतिशत र १५ देखि २४ वर्ष उमेरको साक्षरता दर ९२ प्रतिशत पुगेको छ। गण्डकी, बागमती र कोशी प्रदेश पूर्ण साक्षर प्रदेश घोषणा भएका छन्। विद्यालय शिक्षामा विभिन्न ३० मातृभाषामा पाठ्यक्रम विकास भएको छ। पूर्व प्राथमिक शिक्षाको भर्नादर ९४.९ प्रतिशत, आधारभूत तहको खुद भर्ना दर ९६.१ प्रतिशत र माध्यमिक तह (९-१२) को खुद भर्नादर ५८.४ प्रतिशत पुगेको छ। यसरी भर्ना दर उल्लेख्य रहे पनि विद्यार्थीको विद्यालय छाड्ने दर र सिकाइ उपलब्धि भने सन्तोषजनक छैन। यस अवधिमा शिक्षा क्षेत्रका विविध पक्षमा सुधार ल्याउन नीतिगत सुधार तथा कानुनी प्रबन्धहरु गरिएको छ। शिक्षाको उत्पादन र रोगगारीसँग सम्बन्ध स्थापित गर्न नसकिएकाले शैक्षिक बेरोजगारी बढ्दै गएको छ। यसका कारण ठूलो सङ्ख्यामा यूवाहरु विदेशिएका छन् र यो क्रम बढ्दो छ। प्राविधिक शिक्षा तथा तालिमसँग सम्बन्धित विषयहरुमा लक्ष्यअनुरुप विद्यार्थी भर्ना गर्न सकिएको छैन्। देशमा १८ भन्दा बढी विश्वविद्यालयहरु सञ्चानलमा भए पनि देशको लागि आवश्यक जनशक्ति उत्पादनमा केन्द्रित गर्न किएको छैन। पछिल्ला आर्थिक वर्षहरुमा विश्वविद्यालहरुमा अध्ययन अनुसन्धानका बजेट बिनियोजन गर्ने परम्परा देखिन थालेको छ तर अनुसन्धानको प्रभाव देखिनका लागि उक्त बजेट विनिइजन अति नगन्य छ।

### नेपालको संविधान

वर्तमान नेपालको संविधान को भाग ३ अन्तरगत धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था निम्नानुसार गरिएको छ।

१. प्रत्येक नागरीकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।
२. प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनेछ।
३. अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरीकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
३. दृष्टिविहीन नागरीकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धि अपाङ्गता भएका नागरीकलाई साङ्केतिक भाषाको माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
४. नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउनका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

त्यसैगरी धारा ३९ मा बालबालिकाको हक अर्न्तगत बालबालिकालाई परिवार र राज्यबाट शिक्षा तथा प्रारम्भिक बालविकासको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ। साथै भाग ४ राज्यका





# परिच्छेद १

## परिचय

बझाङ जिल्लाको दक्षिण तथा पश्चिमी भागमा अवस्थित केदारस्यूँ गाउँपालिका जिल्लाको मुख्य सडकखण्डसँग जोडिएको गाउँपालिका हो। उच्च पहाडी जिल्लाको रूपमा रहेका बझाङ जिल्लाकै धरातलिय विशेषता झल्काउने यस गाउँपालिका साविकका रायल, बाँझ, भामचौर र भैरवनाथ ४ (चार) वटा गा.वि.स.मिलेर बनेको छ। यो गाउँपालिका हालको संधीय संरचना अनुसार प्रदेश नं. ७ अन्तर्गत पर्दछ। जिल्लाको कुल क्षेत्रफलको ३.३ प्रतिशत भुभाग ओगटने यस गाउँपालिकाको कुल क्षेत्रफल ११३.९१ वर्ग कि.मि रहेको छ। वडागत क्षेत्रफल अनुसार यस गाउँपालिकाको वडा नं. १ को क्षेत्रफल १५.४० वर्ग कि.मि रहेको छ जुन कुल क्षेत्रफलको १३.६% रहेको छ। त्यसैगरी वडा नं. २ को क्षेत्रफल ४.४४ वर्ग कि.मि (कुल क्षेत्रफलको ३.९%), वडा नं. ३ को क्षेत्रफल १३.७४ वर्ग कि.मि.(कुल क्षेत्रफलको १२.२%), वडा नं. ४ को क्षेत्रफल १५.७९ वर्ग कि.मि (कुल क्षेत्रफलको १४%), वडा नं. ५ को क्षेत्रफल ११.९९ वर्ग कि.मि.(कुल क्षेत्रफलको १०.६%), वडा नं. ६ को क्षेत्रफल १५.९६ वर्ग कि.मि.(कुल क्षेत्रफलको १४.१ %), वडा नं. ७ को क्षेत्रफल १३.८४ वर्ग कि.मि.(कुल क्षेत्रफलको १२.१%), वडा नं. ८ को क्षेत्रफल १४.८९ (कुल क्षेत्रफलको १३.२%) र वडा नं. ७.८३ वर्ग कि.मि.(कुल क्षेत्रफलको ६.९%) रहको छ।२८°५९" देखि २९°२६" उत्तरी अक्षांश तथा ८०°१२" देखि ८०°४०" पूर्बी देशान्तरमा सुदूरपश्चिम प्रदेश बझाङ जिल्लाको सदरमुकाम देखि करीव ४० किलोमिटर पश्चिममा अबस्थित यस गाउँपालिकाको सिमाना पूर्वमा दुर्गाथली गाउँपालिका र थलारा गाउँपालिका, पश्चिममा बुंगल नगरपालिका तथा बित्थडचीर गाउँपालिका, उत्तरमा बुंगल नगरपालिका तथा दुर्गाथली गाउँपालिका र दक्षिणमा वित्थडचीर गाउँपालिका तथा थलारा गाउँपालिकासँग जोडिएको छ। यस गाउँपालिकाको हावापानी समशितोष्ण र शितोष्ण रहेको छ। महाभारतको लेक तथा अन्य उच्च भागमा हिँउदको समयमा हिँउ पर्ने भएकोले ०° र गर्मियाममा ३५° सम्म पुग्ने गर्दछ। यस क्षेत्रको अधिकांश भूगाग बनजंगलले ओगटेको छ। यस क्षेत्रको महत्वपूर्ण भूभागका रुपमा रहेको बन क्षेत्रमा धूपीसल्ला, सल्ला, बाज तिखाज, गुराँस, साल, विभिन्न किसिमका जटिवुटीहरु तथा बुट्यानहरुको वन रहेको छ। पूर्ब पश्चिम फराकिलो र उत्तर दक्षिण साँघुरो रहेको यस पालिकाको हावापानीमा विषमता पाईन्छ। यस पालिकाको काडाचौर,भामचौर लगायतका उच्च हिमाली भुभागमा निकै चिसो हावापानी पाईन्छ भने यस पालिकाकै केन्द्र रहेको देउरा क्षेत्र बझाङ जिल्लाकै सर्वाधिक गर्मी हुने क्षेत्रको रुपमा चिर परिचित छ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीसहितको नेपाल राज्यको पुनर्संरचना सँगै बझाङ जिल्लाका तत्कालीन बाँझ, भामचौर, रायल र भैरवनाथ सहित ४ वटा गा.वि.स. हरु मिलेर केदारस्यूँ गाउँपालिकाको स्थापना तथा निर्माण भएको हो।नेपालको नक्सामा सुदुरपश्चिम प्रदेशको

बझाङ जिल्लामा पर्ने केदारस्यूँ गाउँपालिका ८०.५° देखि ८०.५४° पूर्वि देशान्तर र २९.३१° देखि२९.३९° उत्तरी अक्षांश सम्म अबस्थित छ। यसको क्षेत्रफल ११३.९१ वर्ग कि.मि. रहेको छ। यस गाउँपालिकाको पूर्वमा दुर्गाथली गाउँपालिका र थलारा गाउँपालिका, पश्चिममा बुंगल नगरपालिका तथा बित्थडचीर गाउँपालिका, उत्तरमा बुंगल नगरपालिका तथा दुर्गाथली गाउँपालिका र दक्षिणमा वित्थडचीर गाउँपालिका तथा थलारा गाउँपालिका अवस्थित छन् । यस गाउँपालिकाको दक्षिणी सीमानाको काम सेती नदीले गरेको छ भने पश्चिमी सिमानाको काम कालङ्गा नदीले गरेको छ। यस गाउँपालिकाको हावापानी समशितोष्ण र सितोष्ण रहेको छ। लेकाली भेगको औषत तापक्रम हिउदमा ०° सम्म र गर्मि याममा २०° देखि ३५° सम्म पुग्ने गर्दछ । यस क्षेत्रको अधिकांश भूभाग सल्ला, धूपीसल्ला, वाँज, तिखाँज, लालिगुरास तथा अन्य बुट्यान र जडिबुटी युक्त वनजंगलले ढाकेको छ
केदार मन्दिर, कैलाश मन्दिर, मौभेरी मन्दिर, नमादेउ मन्दिर, त्रिवेणी धाम, सुर्मा भवानी मन्दिर, बाह्रदेउ, भगवती देवीको मन्दिर आदि यहाँका प्रमुख धार्मिक स्थल हुन्। यस क्षेत्रका सबै बासिन्दाहरुले गौरा पर्व, भूवो पर्वलाई साताव्यापी महोत्सवका रुपमा मनाउने चलन रहेको पाइन्छ।

### १.१ वर्तमान अवस्था

केदारस्यूँ गाउपालिका सुदूरपश्चिम प्रदेशको बझाङ जिल्ला अन्तर्गत पर्दछ । यस गाउपालिकालाई प्रशासनिक रुपमा ९ वडामा विभाजन गरिएको छ। यस गाउपालिकामा शै.स. २०८२ सम्ममा सामुदायिक माध्यमिक विद्यालय १३ वटा, सामुदायिक आधारभूत विद्यालय (१–८) सम्मका ५ वटा, सामुदायिक र संस्थागत आधारभूत (१–५) २३ वटा, सामुदायिक आधारभूत (१–३) १३ वटा र ६ वटा प्रारम्भिक वाल कक्षा विद्यालय गरी कूल जम्मा ५८ वटा विद्यालयहरु सञ्चालनमा छन्। शिक्षा तथा मानव स्रोत विकास केन्द्र अन्तरगत प्राविधिक तथा व्यावसायिक शिक्षा धारको एक माध्यमिक विद्यालय र CTEVT अन्तरगतको एक माध्यमिक विद्यालय रहेको छ। प्रारम्भिक बाल विकास शिक्षामा संघीय २३ र स्थानीय स्वयंसेवक सहजकर्ताको रुपमा ३३ गरी जम्मा ५६ जना वाल सहजकर्ता, प्राथमिक तहमा ९३ दरबन्दी ३९ राहत अनुदान कोटा गरि जम्मा १३२ कोटा, निम्न माध्यमिक तहमा १७ दरबन्दी र २२ राहत अनुदान कोटा गरि जम्मा ३९ कोटा, । माध्यमिक तह(९-१२) सम्ममा २३ दरबन्दी र ३९ राहत अनुदान कोटा गरि जम्मा ६२ कोटा रहेका छन्। अंग्रेजी तथा गणित विज्ञान विषय शिक्षण गर्न शिक्षण सिकाई अनुदानमा कार्यरत २१ जना शिक्षकहरुमध्ये १२ जना नि मा वि तह र ९ जना मा वि तहमा कार्यरत रहेका छन्। विभिन्न सामुदायिक विद्यालयहरुमा संघीय कर्मचारीहरुको रुपमा विद्यालय सहायक १२ जना र विद्यालय सहयोगी ४९ जना कार्यरत रहेका छन्। पालिकाले शिक्षक विद्यार्थीको अनुपातलाई मिलाउन र नपुग शिक्षकको व्यवस्थापन गर्न तथा विद्यालयको शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्ने उद्देश्यले पालिका अन्तरगतका विभिन्न सामुदायिक विद्यालयहरुमा स्वयंसेवक शिक्षक तथा कर्मचारीको रुपमा मा. वि. तह (कक्षा ९-१०) मा ६ जना, नि.





मा. वि. तह (कक्षा ६-८) मा १२ जना, प्रा. वि. तह (कक्षा १-५) मा १८ जना गरी जम्मा ३६ जना स्वयंसेवक शिक्षकहरु र स्थानीय स्वयंसेवक कर्मचारीहरुमा लेखापाल १ जना र विद्यालय सहयोगी ५ जना कार्यरत रहेका छन्।

यस गाउपालिकाले विद्यालयहरुमा कक्षा १ देखि ५ सम्म स्थानीय विषयको पाठ्यक्रमको निर्माण गरि कार्यान्वयन , स्थानीय शिक्षा क्षेत्र योजनाको प्रारम्भिक मस्यौदाको तयारी, सामुदायिक विद्यालयहरुलाई नपुग शिक्षक स्थानीय स्रोतबाट व्यहोर्ने गरि व्यवस्थापन, शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न शिक्षासँग सम्बन्धित ऐन, नियम तथा कानुनहरु निर्माण गरि कार्यान्वयन लगायतका स्थानीय स्रोत र साधनहरुको अधिकतम परिचालन हुने शिक्षण सिकाइका असल अभ्यासहरु भइरहेका छन्।

### संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धि

संयुक्तराष्ट्रसंघको महासभाबाट सन् १९८९ नोभेम्बर २० तारिखका दिन महासन्धि घोषणा भए अनुसार महासन्धिको धारा २८ मा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकार र कम्तीमा प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क गराउने दायित्व उल्लेख गरिएको छ । यसै गरी धारा २९ मा शिक्षा बालबालिकाको व्यक्तित्व र बौद्धिक क्षमताको विकासतर्फ निर्देशित हुनुपर्ने तथा धारा ३२ मा स्वास्थ्य शिक्षा र विकासमा हानी पुग्ने प्रकारले काममा लगाएर बालश्रम गर्न नहुने कुरा उल्लेख गरेको छ।

### दिगो विकासका लक्ष्यहरू (२०३० सम्म)

सन् २०३० सम्म विश्वमा निश्चित लक्ष्य हासिल गर्नका लागि जम्मा १७ वटा दिगो विकासका लक्ष्यहरू निर्धारण गरेको छ। यी लक्ष्यहरू मध्ये लक्ष्य ४ मा दीगो विकासको लक्ष्यले शिक्षासम्बन्धी दीगो विकासको लक्ष्य राखेको छ। यस अन्तरगत सन् २०३० सम्ममा सबैका लागि समावेशी तथा समानतामा आधारित गुणस्तरीय शिक्षाका साथै जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्ने कुरामा नेपालले प्रतिबद्धता जनाएको छ।

### चालु सोह्रौँ पञ्चवर्षिय योजना (२०८१/०८२-२०८५/०८६)

चालु सोह्रौँ पञ्चवर्षिय योजना (२०८१/०८२-२०८५/०८६) अनुसार प्रारम्भिक बालविकासदेखि सबै तह र प्रकारका शिक्षालाई पहुँचयोग्य, समावेशी, गुणस्तरीय, समयसापेक्ष सवम् जीवनोपयोगी बनाइ सक्षम तथा प्रतिस्पर्धी जनशक्ति मार्फत मुलुकको समग्र विकास प्रक्रियामा योगदान पुर्याउँछ। शिक्षाले मुलुकको आर्थिक समृद्धि, सामजिक प्रगति र ज्ञानमा आधारित अर्थतन्त्र निर्माणका लागि आधारशिला प्रदान गर्दछ। जनशक्तिलाई आवश्यक ज्ञान, सीप, क्षमता र योग्यता प्रदान गर्दछ। शिक्षाले नवप्रवर्तन, रोजगार क्षमता र उत्पादकत्व बढाउँछ। समाजमा आउने गतिशिलतालाई सम्बोधन

| | | | |
|---|---|---|---|
| कक्षा ९ | २७८ | २८१ | ५५९ |
| कक्षा १० | ३४४ | ३०५ | ६४९ |
| **कक्षा ९-१०** | **६२२** | **५८६** | **१२०८** |
| कक्षा ११ | १७३ | १८८ | ३६१ |
| कक्षा १२ | २५६ | २८२ | ५३८ |
| **कक्षा ११-१२** | **४२९** | **४७०** | **८९९** |
| **जम्मा** | **४७६६** | **४६९१** | **९४५७** |

*स्रोतः IEMIS, CEHRD, 2081, केदारस्यूँ गा पा, शिक्षा, यूवा तथा खेलकुद शाखा, बझाङ*

**तालिका ५**

**सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ताको विवरणः २०८१**

| क्र.स. | तह/पद | स्वीकृत स्थायी दरवन्दी | राहत/ अनुदान | शिक्षण सिकाई अनुदान | स्वयंसेवक | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | बालविकास शिक्षक | - | २३ | - | ३३ | **५६** |
| २.. | आधारभूत शिक्षक (१-५) | ९३ | ४० | - | १८ | **१५१** |
| ३. | आधारभूत शिक्षक (६-८) | १८ | २२ | १२ | १२ | **६४** |
| ४. | माध्यमिक शिक्षक (९-१०) | १५ | २० | ९ | ६ | **५०** |
| ५. | माध्यमिक शिक्षक (११-१२) | - | २८ | - | - | **२८** |
| ६. | विद्यालय सहायक | - | १२ | - | १ | **१३** |
| ७. | विद्यालय सहयोगी | - | ४९ | - | ७ | **५६** |
| ८. | सा.सि.के.सहजकर्ता (CLC) | - | ३ | - | - | **३** |
| | **जम्मा** | **१२६** | **१९७** | **२१** | **७७** | **४२१** |

*स्रोतः केदारस्यूँ गा पा, शिक्षा, यूवा तथा खेलकुद शाखा, बझाङ।*





निर्देशक सिद्धान्त, नीति र दायित्व अन्तर्गत (ज) मा नागरीकका आधारभूत आवश्यकता सम्बन्धि देहायका नीतिहरु राखिएका छन।

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाँउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने।
२. शिक्षाक्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने।
३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाइ क्रमशः निःशुल्क बनाउँदै लैजाने।
४. नागरीकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र पर्वर्द्धन गर्ने नेपालको संविधान (२०७२) को अनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्था र अनुसुचि ९ को संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा (२) शिक्षा, खेलकुद र पत्रपत्रिका सम्बन्धि व्यवस्था गरिएको छ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ मा गाउँपालिका तथा गाउँपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि व्यवस्था उल्लेख गरिएको छ।

**राष्ट्रिय शिक्षा नीति, २०७६**

नेपाल सरकारले मिति २०७६ कार्तिक १८ गते नेपालको राष्ट्रिय शिक्षा नीति स्वीकृत गरी जारी गरेको छ। यो नीतिमा दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरु तय गरिएका छन्। यसमा ५५ ओटा नीतिहरू विस्तृतरूपमा उल्लेख गरी संघीय, प्रदेश र स्थानीय सरकारको जिम्मेवारी पनि तोकिएको छ। यसले समेटेका केही मुख्य मुख्य प्रावधानहरू देहाय बमोजिम छन्। उक्त नीतिमा "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रुपान्तरण र समृद्धि" को दूरदृष्टि र सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाइ देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने लक्ष्य राखिएको छ।

**साक्षरताको अवस्थाः**

**वडागत साक्षरताको अवस्था**

यस गाउँपालिकालाई नेपाल सरकार (शिक्षा विकास तथा समन्वय ईकाई बझाङ) बाट वि. सं. २०७६ साल असार २४ गतेका दिनमा साक्षर गाउँपालिका घोषणा गरिएको थियो। प्रत्येक सामुदायिक सिकाइ केन्द्रहरु तथा साक्षर जनसंख्या तथ्याङ्क संकलकहरु मार्फत वडागत साक्षर जनसंख्याको तथ्याङ्क सङ्कल गरिएको थियो। जस अनुसार साक्षरता प्रतिशत ९५.८४ प्रतिशत रहेको छ।

**तालिका १**

**वडागत साक्षरता प्रतिशत**

| वडा न. | साक्षरता प्रतिशत |
|---|---|
| १ | ७२ |
| २ | ६७.२ |
| ३ | ६९ |
| ४ | ७१ |
| ५ | ७०.९ |
| ६ | ६८.२ |
| ७ | ६६.१ |
| ८ | ७०.३ |
| ९ | ७४.७ |
| **जम्मा** | **६९.९३** |

*स्रोतः साक्षर घोषणा २०७६ शिक्षा विकास तथा समन्वय ईकाई बझाङ ।*

**केदारस्यूँ गाउँपालिकाको वर्तमान शैक्षिक संस्थाको विवरणको अवस्थाः**

यस केदारस्यूँ गाउँपालिकामा हाल प्रारम्भिक बालविकास देखि विद्यालय तह पठनपाठन हुन्छ । विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका २**

**शैक्षिक संस्थाहरुको तहगत विवरणः २०८१**

| कक्षा १-३ | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | जम्मा | बझाङदीप क्याम्पस | वाल विकास केन्द्रहरु | सामुदायिक सिकाई केन्द्रहरु |
|---|---|---|---|---|---|---|---|---|
| २० | २२ | ५ | ३ | १० | ६ | १ | ५४ | ३ |

*स्रोतः IEMIS केदारस्यूँ, शिक्षा, युवा तथा खेलकुद शाखा, बझाङ ।*

यस केदारस्यूँ गाउँपालिका अन्तरगत ५४ वटा सामुदायिक विद्यालयहरु तथा ६ वटा संस्थागत विद्यालयहरु गरी जम्मा ६० वटा विद्यालयहरु रहेका छन् । विद्यालयमा आधारित ५४ वटा प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । सामुदायिक सिकाइ केन्द्रहरुः सृष्टि सा.सि.के. केदारस्यूँ १ चौडाम बझाङ, भामचौर सा.सि.के. केदारस्यूँ ६ भाडसैन बझाङ र सुनिमष्टा सा.सि.के. केदारस्यूँ ९ झोता बझाङ गरि ३ वटा रहेका छन् ।





**तालिका ३**

**वडागत शैक्षिक संस्थाहरुको विवरण २०८१**

| क्र.सं. | वडा नं. | सामुदायिक विद्यालयका बालविकास केन्द्रहरुको संख्या | विद्यालयहरुको संख्या | | |
|---|---|---|---|---|---|
| | | | सामुदायिक | संस्थागत | जम्मा |
| १. | १ | ७ | ७ | १ | ८ |
| २. | २ | ५ | ५ | ० | ५ |
| ३. | ३ | ४ | ४ | ० | ४ |
| ४. | ४ | ५ | ५ | २ | ७ |
| ५. | ५ | ७ | ७ | १ | ८ |
| ६. | ६ | ८ | ८ | ० | ८ |
| ७. | ७ | ४ | ४ | १ | ५ |
| ८. | ८ | ९ | ९ | ० | ९ |
| ९. | ९ | ५ | ५ | १ | ६ |
| | **जम्मा** | **५४** | **५४** | **६** | **६०** |

*स्रोतः केदारस्यूँ गा पा, शिक्षा, यूवा तथा खेलकुद शाखा, बझाङ ।*

**तालिका ४**

**सम्पूर्ण विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको कक्षागत विवरण २०८१**

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| बालविकास र नर्सरीदेखि युकेजीसम्म | ७२८ | ८३६ | १५६४ |
| कक्षा १ | ५१२ | ५१२ | १०४६ |
| कक्षा २ | ३३५ | ३३३ | ६६८ |
| कक्षा ३ | ३४१ | २९३ | ६३४ |
| कक्षा ४ | ३४९ | २९७ | ६४६ |
| कक्षा ५ | ३४० | ३४३ | ६८३ |
| **कक्षा १-५** | **१८७७** | **१७७८** | **३६५५** |
| कक्षा ६ | ४३६ | ३३५ | ७७१ |
| कक्षा ७ | ३४० | ३६२ | ७०२ |
| कक्षा ८ | ३३४ | ३२४ | ६५८ |
| **कक्षा ६-८** | **१११०** | **१०२१** | **२१३१** |

- ❖ आधारभूत तहका विद्यालयको न्यूनतम आवश्यकताहरु पूरा गर्ने ।
- ❖ आधारभूत तहमा निःशुल्क तथा अनिवार्य शिक्षा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- ❖ विद्यालय छोड्ने, कक्षा दोहोऱ्याउने दर घटाउने ।
- ❖ सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री तथा सिकाइ वातावरणको कमी हुनु ।
- ❖ आधारभूत र माध्यमिक तहमा बालबालिकाको सिकाइ उपलब्धिमा बृद्धि गर्ने ।
- ❖ माध्यमिक तहको शिक्षा गुणस्तरीय बनाउने ।
- ❖ सबै विद्यालयमा सूचना, प्रविधि तथा सञ्चारको पहुँच बिस्तार गर्ने ।
- ❖ माध्यमिक तहमा प्राविधिक शिक्षाको पहुँच, विस्तार तथा गुणस्तरमा अभिबृद्धि गरी प्राविधिक तथा व्यवसायिक शिक्षालाई सर्वसुलभ बनाउने ।
- ❖ अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउने ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

१. सबैका लागि विद्यालय शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चित गर्ने ।
२. सुरक्षित बाल/लैङ्गिक/अपाङ्ग/वातावरणमैत्री तथा उत्थानशील विद्यालयको स्थापना गर्ने ।
३. विद्यालय शिक्षाका असमानताहरु ।
४. विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकताको अभिवृद्धि गर्ने ।
५. विद्यालय शिक्षामा प्रभावकारी तथा उत्तरदायी शासन तथा व्यवस्थापन प्रणालीको स्थापना गर्ने
६. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निशुल्क गर्ने राष्ट्रिय लक्ष्य पूरा गर्ने ।
७. नक्साङ्कनका आधारमा विद्यालय स्थापना समायोजन तथा पुनर्वितरण गर्ने ।





**तालिका ६**

**सामुदायिक विद्यालयमा रहेका शिक्षक दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको विवरण: २०८१**

| क्र.स. | तह | शिक्षक दरबन्दी विवरण | | | | | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत दरवन्दी | राहत/ अनुदान | शिक्षण सिकाई अनुदान | स्वयंसेबक | कूल जम्मा | | |
| १ | बालविकास | - | २३ | - | ३३ | ५६ | १५७५ | १:२९ |
| २ | आधारभूत ( १-५) | ९३ | ४० | - | १८ | १५१ | ४४६८ | १:३० |
| ३ | आधारभूत (६-८) | १८ | २२ | १२ | १२ | ६४ | २१९३ | १:३५ |
| ४ | माध्यमिक (९-१०) | १५ | २० | ९ | ६ | ५० | १३९२ | १:२८ |
| ५ | माध्यमिक (११-१२) | - | २८ | - | - | २८ | १०४३ | १:३८ |
| | **औसत** | **१२६** | **१३३** | **२१** | **६९** | **३४९** | **१०६७१** | **१:३१** |

*स्रोतः IEMIS 2081 CEHRD, केदारस्यूँ गा पा शिक्षा, यूवा तथा खेलकुद शाखा, बझाङ ।*

**तालिका ७**

**विद्यार्थीहरुको तहगत औसत सिकाइ उपलब्धि विवरण:**

| शैक्षिक सत्र | आधारभूत तह | | | | माद्यमिक तह | | | समग्रमा औसत |
|---|---|---|---|---|---|---|---|---|
| | कक्षा १-३ | कक्षा ४-५ | कक्षा ६-८ | औसत | कक्षा ९-१० | कक्षा ११-१२ | औसत | |
| शै. स. २०८१ | ५१ | ५२ | ४९ | ५१ | ४६ | ४५ | ४६ | ४८ |
| शै. स. २०८२ | ५२ | ५१ | ४८ | ५० | ४९ | ४७ | ४८ | ४९ |

*स्रोतः केदारस्यूँ गा पा, शिक्षा, यूवा तथा खेलकुद शाखा, बझाङ ।*

माथिको तालिकालाई विश्लेषण गर्दा सिकाइ उपलब्धि समग्रमा सन्तोषजनक रुपमा प्राप्त हुन सकेको अवस्था छैन । माध्यमिक तहको सिकाइ उपलब्धि घटेको छ । सुधारका कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### हाल सञ्चालित मुख्य कार्यक्रमहरू

केदारस्यूँ गाउँपालिकाले शिक्षाको गुणस्तर सुधार गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । विद्यालयको भौतिक संरचना निर्माण तथा आन्तरिक तथा बाह्य वातावरण सुदृढ गर्दै बालबालिकाको उच्चतम सिकाइ बृद्धि गर्न तथा समग्र गाउँपालिकाको शैक्षिक सुधारका लागि देहायका कार्यक्रमका माध्यमबाट गाउँपालिका प्रयासरत छ ।

**१. स्वयंसेबक शिक्षक नियुक्तिद्वारा अपुग शिक्षकको व्यवस्थापनः**

गाउँपालिकामा विद्यालय संख्याका आधारमा शिक्षक दरबन्दीको पर्याप्तता नभएका कारण शिक्षक पदपूर्ति गर्नका लागि कार्यविधि तयार गरी स्थानीय तहस्तरमा स्वयंसेबक दरबन्दी कायम गरी आवश्यक पर्ने शिक्षकको पदपूर्ति गरेको छ। यस अन्तरगत वाल कक्षा तहमा ३३ जना, प्रा. वि. तहमा १८ जना, नि. मा. वि. तहमा १२ जना, मा. वि. तहमा ६ जना, विद्यालय सहायक १ जना र विद्यालय सहयोगी ७ जना गरि जम्मा ७७ जना मानव संशाधन/जनशक्तिको उचित व्यवस्थापन गरिएको छ।

**२.** शिक्षकको क्षमता अभिबृद्धिका लागि गाउँपालिका स्तरमा शिक्षक कार्यशाला सञ्चालन

**३.** विद्यालयको गुणस्तर सुधारका लागि शिक्षक, अभिभावक तथा विद्यार्थीबीच अन्तरक्रिया कार्यक्रमको सञ्चालन

**४.** सूचना तथा सञ्चार प्रविधिको व्यवस्थापनः सबै सामुदायिक विद्यालयहरुमा WIFI जडान तथा सञ्चालन, माद्यमिक तह तथा निम्न माद्यमिक तहका विद्यालयहरुमा ICT Lab सहितको सूचना प्रविधि कक्षको व्यवस्था गरिएको छ।

**५. उत्कृष्ट बालविकास केन्द्र र शिक्षकलाई पुरुस्कारः** बालविकास शिक्षकलाई थप हौसला तथा अझै राम्रो काम गर्नका लागि उत्प्रेरणा मिलोस भनी यस गाउँपालिकाले उत्कृष्ट बालविकास केन्द्र र शिक्षकलाई प्रोत्साहन/पुरुस्कारको कार्यक्रम सञ्चालन गरेको छ।

**६. परीक्षामा नयाँ व्यवस्थापनः**शैक्षिक सुधार तथा विद्यार्थी मूल्याङ्कनलाई वास्तविकतामा लैजान गाउँपालिकाले केदारस्यूँ गाउँपालिका अन्तरगतका विद्यालयहरुमा सञ्चालित आधारभूत तह (कक्षा ८) को अन्तमा आधारभूत शिक्षा परीक्षालाई माध्यमिक शिक्षा परीक्षाको मोडेलमा व्यवस्थापन गर्ने गरिएको छ।

**७.** विद्यालय व्यवस्थापन पदाधिकारीहरुका लागि विद्यालय व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम सञ्चालन

**८.** विद्यालयको लेखा प्रणालीलाई व्यवस्थित तथा चुस्त र दुरुस्त पार्न विद्यालयमा लेखाको काम गर्ने शिक्षक तथा कर्मचारीलाई लेखा तालिम प्रदान

**९.** सबै विद्यालयमा कार्यरत IT शिक्षकहरलाई सूचना र प्रविधि सम्बन्धी तालिम प्रदान

**१०.** विपन्न, गरीव तथा आमावुवा विहिन बालबालिकाको लागि छात्रवृत्तिको व्यवस्थापन

**११.** विज्ञ समूह तथा रोष्टर प्रशिक्षक तयारी

माथि उल्लेखित कार्यक्रमहरूका अतिरिक्त हाल तीनै तहका सरकारहरूद्वारा कार्यान्वयनमा रहेका केही कार्यक्रमहरू निम्नानुसार छन्

१. मासिक रुपमा प्र.अ. बैठक सञ्चालन
२. बालविकास केन्द्रका सहजकर्ताका लागि क्षमता विकास तालिम





३. विद्यालयमा भौतिक विकास निर्माण (भवन ,पुस्तकालय ,फर्निचरसहित कक्षा कोठा ,विज्ञान प्रयोगशाला,ICT प्रयोगशाला, WASH सहितको शौचालय मर्मत तथा सम्भार )
४. शैक्षिक सामग्रीका लागि अनुदान वा खरीद
५. राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम
६. कक्षाकोठा व्यवस्थापन अनुदान
७. छात्रवृत्ति र प्रोहत्सान अनुदान
८. प्रति विद्यार्थी लागत अनुदान
९. शिक्षण सिकाइ सुधार अनुदान
१०. विद्यालय तथा कक्षा अनुगमन निरीक्षण/सुपरिवेक्षण
११. लेखा तथा जिन्सी व्यवस्थापन तालिम
१२. शिक्षण सिकाई अनुदान
१३. राष्ट्रपति रनीङ शील्ड प्रतियोगिता सञ्चालन तथा खेलकुद र अतिरिक्त क्रियाकलाप सञ्चालन
१४. सामुदायिक सिकाइ केन्द्र
१५. साक्षरता र निरन्तर शिक्षा कक्षा
१६. आइ.सि.टि जडान
१७. दिवा खाजा (प्रारम्भिक बालविकास देखि कक्षा ६ सम्म)
१८. सरकारी र विभिन्न गैरसरकारी संघसंस्थाबाट आयोजना तथा सञ्चालन गरिने कार्यक्रमहरू
१९. अभिभावक शिक्षा कार्यक्रम
२०. विद्यार्थी मनोपरामर्स कार्यक्रम
२१. विद्यार्थी, शिक्षक, प्र अ, विद्यालयका पदाधिकारी र जनप्रतिनिधिहरुका बिचमा शैक्षिक छलफल तथा अन्तर्क्रिया
२२. नमुना विद्यालय कार्यक्रम सञ्चालन
२३. पढ्दै कमाउदै कार्उक्रमको सञ्चालन
२४. विद्यालयमा भौतिक पूर्वाधारको विकास

**शैक्षिक सुधारका लागि अवलम्वन गर्नुपर्ने पक्षहरु**

- ❖ प्रधानाध्यापक, शिक्षकहरुको क्षमता विकास तथा कार्यसम्पादन करार।
- ❖ शिक्षण पेशामा दक्ष जनशक्ति आकर्षण।
- ❖ न्यूनतम मापदण्ड पूरा नगरेका बालविकास केन्द्रको गुणस्तर सुधार
- ❖ सबै बालबालिकाको प्रारम्भिक बालविकास केन्द्रमा पहुँच सुनिश्चित गर्ने।

४. प्रत्येक आधारभूत तथा माध्यमिक विद्यालयहरुमा एक विद्यालय एक पुस्तकालय, सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशालाको विस्तार गरी गुणस्तरीय शिक्षण सिकाइको न्यूनतम वातावरण निर्माण गरिने छ।

५. भाषिक तथा सांस्कृतिक विविधता अनुरुप शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने छ।

६. प्रत्येक विद्यालयहरुमा लैङ्गिक सम्पर्क शिक्षकको व्यवस्था गरी लैङ्गिकमैत्री सिकाइ वातावरण तयार गरिने छ।

७. विद्यार्थीहरुको सिकाइ गतिलाई द्रुत बनाउन अभिभावक, शिक्षक र विद्यार्थीहरु सहभागी हुने गरी अन्तरक्रिया तथा कार्यशालाहरु आयोजना गरिने छ।

८. विद्यार्थीहरुमा रहेका प्रतिभाहरुको खोजी गर्न आधारभूत तह देखि नै अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिने छन्।

९. गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम लागु गरिने छ।

१०. पालिकास्तरीय वार्षिक शैक्षिक कार्यपात्रो र शिक्षा नीति तयार गरी कार्यान्वयनलाई निरन्तरता दिईने छ।

११. शैक्षिक सत्रको शुरुवात देखिनै निर्धारित पाठ्यक्रमको कार्यान्वयनमा जोड दिन पाठ्यक्रम प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१२. स्थानीय मूल्य मान्यता परम्परागत ज्ञान प्रविधि, सामाजिक तथा सांस्कृतिक पहिचान, संरक्षण तथा सम्वर्द्धन गर्न स्थानीय पाठ्यक्रमलाई आवश्यकता अनुसार संशोधन गरी कार्यान्वयन गरिने छ।

१३. सामुदायिक तथा संस्थागत विद्यालयमा स्वीकृत प्राप्त पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनको व्यवस्था मिलाइने छ

१४. स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्रीहरु निर्माण गरी प्रयोगमा ल्याइने छ।

१५. शैक्षिक संस्थाहरुको नियमित सुपरीवेक्षण गरी सुधारका लागि पृष्ठपोषण प्रदान गरिने छ।

१६. नतिजामा आधारित मूल्याङ्कन प्रणालीका आधारमा पुरस्कार, दण्ड र पृष्ठपोषणको पद्धतिलाई अवलम्बन गरिने छ।

१७. पालिकाभित्र सञ्चालित उच्च शिक्षण संस्थाहरु तथा अन्य शैक्षिक संस्थाहरुसँग समन्वय तथा सहकार्य गरिने छ।

१८. कमजोर भौतिक संरचना भएका विद्यालयहरुलाई प्राथमिकता दिई शैक्षिक संस्थाहरुको भौतिक संरचना निर्माण कार्यलाई निरन्तरता दिइने छ।

१९. विद्यालयमा आवश्यक पर्ने न्यूनतम संरचनाहरुको स्थापना तथा विकास गरिने छ।

२०. संघ तथा प्रदेश सरकारको समन्वय तथा सहजीकरणमा स्थानीय सरकारले विद्यालयको भौतिक पूर्वाधार विकास र शैक्षिक विकासमा उच्च प्राथमिकता दिइने छ।





# परिच्छेद २

## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१. स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधार

देशमा प्रजातन्त्रको पुनर्वहालीसँगै शिक्षा आर्जनका लागि विभिन्न विद्यालय तथा विश्वविद्यालयको स्थापना भई सर्वसाधारणका लागि शिक्षा आर्जन गर्न सहज वातावरण कायम गर्न सरकारले शिक्षासँग सम्बन्धित विभिन्न नीति तथा कार्यक्रम ल्याएको छ। वि.सं. २०१० मा *"नेपालमा शिक्षा"* योजना कार्यान्वयन भएसँगै शिक्षा प्राप्त गर्न आम नागरिकको चासो बढेको देखिन्छ।

शिक्षामा आम नागरिकको पहुँच बृद्धि गर्न तथा शिक्षालाई व्यावसायिक तथा प्रतिस्पर्धी बनाउनका लागि शिक्षासँग सम्बन्धित विभिन्न नीति, नियम तथा परियोजना सञ्चालन भएका छन्। नेपालको वर्तमान संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेसँगै शैक्षिक योजना प्रणालीमा पनि विकेन्द्रीकरणको अभ्यास भई रहेको छ। संविधानत: शिक्षालाई मौलिक हकको रुपमा सुनिश्चित गर्नुका साथै प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई नि:शुल्क गरेको छ। अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षाको हक प्रदान गरेको छ। संविधानको अनुसूची-८ ले स्थानीय तहको अधिकारको सूचीको क्र. सं. ८ मा आधारभूत र माध्यमिक तहको शिक्षा स्थानीय तहको क्षेत्राधिकारमा राखेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार शिक्षाका २३ वटा अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। केदारस्यूँ गाउँपालिकाको स्थानीय सरकारले अधिकार कार्यान्वयन गर्न तथा शिक्षाको विकासमार्फत समृद्ध गाउँपालिका निर्माणको सुनिश्चितताका लागि यो गाउँ शिक्षा योजना निर्माण गरिएको हो।

देहायका प्रमुख आधारहरु लिइ यस केदारस्यूँ गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माण गरिएको हो :

१. नेपालको संविधान, २०७२
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३. शिक्षा ऐन, २०२८ संशोधन सहित
४. शिक्षा नियमावली, २०५९ संशोधन सहित
५. निशुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन, २०७५
६. राष्ट्रिय शिक्षा नीति, २०७६
७. विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८९
८. सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना २०७६,

९. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा, २०७६
१०. सुदुरपश्चिम प्रदेशको ५ वर्षे आवधिक योजना
११. विभिन्न समयमा नेपाल सरकार तथा सुदुरपश्चिम प्रदेश सरकारबाट बजेट तथा कार्यक्रममा प्रस्तुत नीति कार्यक्रमहरु तथा मार्ग निर्देशनहरु।
१२. गाउँ सभामा पेश भएका नीति तथा कार्यक्रमहरु
१३. निर्वाचनका क्रममा जनप्रतिनिधीहरुबाट गरिएका प्रतिबद्धताहरु।

शिक्षाको सुधारमा लागि वि.सं. २०९१ (सन् २०३४) सम्म प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरी यस खण्डमा गाउँ शिक्षा योजनाको दुरदृष्टि (Vision), ध्येय (Mission), लक्ष्य (Goal), उद्देश्यहरु (Objectives), रणनीतिहरु (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key Indicators) प्रस्तुत गरिएको छन्।

## २.२ दूरदृष्टि

"केदारस्यूँ गाउँपालिकाको इच्छा, सर्वसुलभ र सु-संस्कृत गुणस्तरीय शिक्षा"

## २.३ लक्ष्य

शैक्षिक पहुँच सुनिश्चित गरी आर्थिक तथा सामाजिक रुपान्तरणमा योगदान पुर्याउन सक्ने सभ्य, सक्षम र योग्य नागरिक तयार पार्ने।

## २.४ उद्देश्य

१. सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।
२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर कायम गर्नु।
३. पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल गर्नु।
४. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरि सिकाइ वातावरणमा सुधार ल्याउनु।
५. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर प्रदान गर्नु।
६. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु।
७. शैक्षिक मानव संशाधनको क्षमता विकास / व्यवस्थापन गर्नु।

## २.५ रणनीति

१. प्रारम्भिक बालविकास केन्द्रहरुको संस्थागत क्षमता सुदृढीकरण गर्ने।





२. प्रोत्साहनमूलक कार्यक्रमहरुमार्फत बालबालिकाहरुको शिक्षामा पहुँच वृद्धि गर्ने।
३. विद्यालय नक्साङ्कन गरी आवश्यकताका आधारमा विद्यालय स्थापना र समायोजन गरी सबै बालबालिकाको सहभागिता सुनिश्चित गर्ने।
४. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको मापदण्डबमोजिम विद्यालय शिक्षामा गुणस्तर कायम गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने।
५. सरोकारवालाहरु सबैको सहयोग र समन्वयमा शैक्षिक गुणस्तर प्रवर्द्धन गर्ने।
६. शिक्षामा गुणस्तर कायम गर्न शैक्षिक सुपरीवेक्षण र मूल्याङ्कनलाई प्रभावकारी बनाउने।
७. विद्यालय शिक्षा पाठ्यक्रमको प्रबोधीकरण तथा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका माध्यमबाट पाठ्यक्रमको सान्दर्भिकता र प्रयोगमा अभिवृद्धि गर्ने।
८. पाठ्यक्रममा आधारित शिक्षण सिकाइलाई प्रभावकारी बनाई सिकाइ उपलब्धिलाई मूल्याङ्कनसँग आबद्ध गर्ने।
९. आवश्यक भौतिक तथा शैक्षिक स्रोत साधन उपलब्ध गराइ विद्यालयमा विभेद, भयरहित, बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री सिकाइ वातावरण सिर्जना गर्ने।
१०. विद्यालयमा आकर्षित सिकाइ वातावरण तयार गर्न छापामय कक्षाकोठा स्थापना गर्ने ।
११. विद्यालयमा सरसफाई तथा स्वच्छता कायम गर्न आवश्यक पर्ने संरचनाहरु निर्माण गर्ने।
१२. वैकल्पिक सिकाइ तथा अतिरिक्त कक्षाको व्यवस्था गरी शिक्षाबाट बञ्चित भएकालाई सिकाइको अवसर प्रदान गर्ने।
१३. सामुदायिक सिकाई केन्द्रहरुको सुदृढीकरण गरी साक्षरता तथा व्यावहारिक शिक्षाको विस्तार गर्ने
१४. कार्य क्षेत्रसँगै सिकाइ र सिपलाई आवद्ध गरी साक्षरोत्तर शिक्षा तथा आजीवन सिकाइका अवसरहरु प्रदान गर्ने।
१५. डिजिटल शिक्षण सामग्री र प्रविधिको प्रयोग गरेर शिक्षण पद्धतिमा नवीनता ल्याउने।
१६. विद्यालयहरुको प्राविधिक तथा व्यावसायिक क्षमता विकास गरि प्राविधिक शिक्षामा विस्तार गर्ने
१७. शिक्षक तथा कर्मचारीहरुको लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्ने।
१८. शैक्षिक मानव संशाधनलाई उत्प्रेरित गर्दै पेसाप्रति जवाफदेही बनाउने।

## २.६ कार्यनीतिहरु

**१.** विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिने छ।
२. एक वडामा एक नमूना प्रारम्भिक बालविकास केन्द्रको विकास गरिने छ।
३. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिदै सेवा क्षेत्रभित्रका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षामा प्रवेश गराईने छ।

२१. विपद्को बेलामा पनि सिकाइलाई निरन्तरता दिनका लागि पालिकास्तरमा वैकल्पिक सिकाइ सहजीकरण कार्यविधि तयार पारी प्रभावकारी रुपमा लागु गरिने छ ।
२२. विशेष शिक्षा आवश्यक भएका बालबालिकाहरुका लागि विशेष कक्षा सञ्चालन गरिने छ ।
२३. शिक्षण सिकाइका सन्दर्भ सामग्रीहरु तयार गरी अनलाइन शिक्षा प्रदान गरिने छ ।
२४. औपचारिक शिक्षाबाट बञ्चित भएकाहरुका लागि सिकाइको अवसर प्रदान गर्न बैकल्पिक सिकाइ माध्यमहरु सञ्चालन गरिने छ ।
२५. शिक्षा प्रणालीलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाउने अभ्यास गरिने छ ।
२६. प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताहरुका लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिने छ ।
२७. नव नियुक्त प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीका लागि सेवा प्रवेश तालिम सञ्चालन गरिने छ
२८. स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्रीहरु निर्माण गरी प्रयोगमा ल्याइने छ ।
२९. शैक्षिक संस्थाहरुको नियमित सुपरीवेक्षण गरी सुधारका लागि पृष्ठपोषण प्रदान गरिने छ ।
३०. नतिजामा आधारित मूल्याङ्कन प्रणालीका आधारमा पुरस्कार, दण्ड र पृष्ठपोषणको पद्धतिलाई अवलम्बन गरिने छ ।
३१. पालिकाभित्र सञ्चालित उच्च शिक्षण संस्थाहरु तथा अन्य शैक्षिक संस्थाहरुको विकासका लागि समन्वय तथा सहकार्य गरिने छ ।
३२. कमजोर भौतिक संरचना भएका विद्यालयहरुलाई प्राथमिकता दिई शैक्षिक संस्थाहरुको भौतिक संरचना निर्माण कार्यलाई निरन्तरता दिइने छ ।
३३. संघ तथा प्रदेश सरकारको समन्वय तथा सहजीकरणमा स्थानीय सरकारले विद्यालयको भौतिक पूर्वाधार विकास र शैक्षिक विकासमा उच्च प्राथमिकता दिइने छ ।
३४. विशेष शिक्षा आवश्यक भएका बालबालिकाहरुका लागि विशेष कक्षा सञ्चालन गरिने छ ।
३५. शिक्षण सिकाइका सन्दर्भ सामग्रीहरु तयार गरी अनलाइन कक्षामार्फत शिक्षा प्रदान गरिने छ ।
३६. औपचारीक शिक्षाबाट बञ्चित भएकाहरुका लागि सिकाइको अवसर प्रदान गर्न बैकल्पिक सिकाईका माध्यमहरु सञ्चालन गरिने छ ।
३७. विद्यालय तहमा लागु गरिएको पाठ्यक्रमको प्रबोधिकरण र स्थानीय परिवेश, आवश्यकता, सामाजिक, संस्कृति अनुरुप कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ ।
३८. शिक्षकको शैक्षिक क्षमता अभिबृद्धि गर्न समय समयमा शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई तालिम, कार्यशाला, अभिमुखीकरण कार्यक्रम, बैठक, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छन् ।
३९. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरिने छ ।
४०. सम्पूर्ण शिक्षा प्रणालीलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाउने अभ्यास गरिने छ ।





२.८ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) तलको तालिकामा प्रस्तुत गरिएको हुनेछ :

| सूचकहरु को क्षेत्र | मुख्य कार्य सम्पादन सूचक/आर्थिक बर्ष | इकाई | सूचकहरूको बिगतको प्रगती प्रबित्ती | | | | आधार वर्ष २०८१ | | योजना कार्यान्वयनका आ.ब.हरू | | | | | योजनाको अन्तिम आ.ब.हरू | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १९/२० ७७/७८ | २०/२१ ७८/७९ | २१/२२ ७९/८० | २२/२३ ८०/८१ | २३/२४ ८१/८२ | २४/२५ ८२/८३ | २५/२६ ८३/८४ | २६/२७ ८४/८५ | २७/२८ ८५/८६ | २८/२९ ८६/८७ | २९/३० ८७/८८ | ३०/३१ ८८/८९ | ३१/३२ ८९/९० |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | | | | | | | |
| १.१ | ECED मा सहजै देखिने भर्ना दर (GER in ECED) | जम्मा | ९५.५ | ८९.५ | ८८.८ | ९०.४ | १६३.३ | १६२.५ | १६१.८ | १६१.१ | १६०.४ | १५९.७ | १५९.० | १५८.३ | १५७.६ |
| | | छात्र | ९८.६ | ८१.६ | ८०.९ | ९८.६ | १६२.८ | १६१.६ | १६०.४ | १५९.३ | १५८.१ | १५६.९ | १५५.७ | १५४.६ | १५३.५ |
| | | छात्रा | ९२.२ | ९९.४ | ९८.७ | ८२.० | १६३.७ | १६३.७ | १६३.६ | १६३.५ | १६३.५ | १६३.४ | १६३.४ | १६३.३ | १६३.२ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| १.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव लिई आएका बालबालिकाको प्रतिशत | जम्मा | ८२.७ | ८३.२ | ८५.६ | ९५.७ | ६४.२ | ६४.७ | ६५.२ | ६५.७ | ६६.३ | ६६.८ | ६७.४ | ६७.९ | ६८.४ |
| | | छात्र | ७९.८ | ८०.५ | ८५.२ | ९७.६ | ६०.४ | ६०.९ | ६१.३ | ६१.८ | ६२.३ | ६२.८ | ६३.३ | ६३.८ | ६४.४ |
| | | छात्रा | ८५.९ | ८६.० | ८६.० | ९३.८ | ६८.० | ६८.६ | ६९.१ | ६९.७ | ७०.३ | ७०.८ | ७१.४ | ७२.० | ७२.६ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २ | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | | | | | | | | |
| २.१ | कक्षा १ मा सहजै देखिने प्रवेश दर (GIR Grade 1) | जम्मा | ९६.४ | १०४.९ | १०७.८ | १०२.५ | १४२.८ | | | १५२.० | १५५.२ | १५८.४ | १६१.७ | १६५.१ | १६८.६ |
| | | छात्र | ९६.८ | १०७.० | १०७.४ | १००.६ | १३१.६ | | | १४०.० | १४२.९ | १४५.९ | १४९.० | १५२.१ | १५५.३ |
| | | छात्रा | ९६.१ | १०२.९ | १०८.१ | १०४.६ | १५६.४ | | | १६६.४ | १६९.९ | १७३.५ | १७७.१ | १८०.८ | १८४.६ |

४१. सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिबृद्धि गरी सामाजिक परिचालनका कार्यक्रममा सहभागी गराइने छ।

४२. पालिकास्तरमा अतिरिक्त क्रियाकलापहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न बाल सञ्जालहरूलाई सक्रिय गराइनेछ

४३. विद्यालयमा नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालयका शिक्षक, विद्यालय कर्मचारी र सरोकारवालाको क्षमता अभिबृद्धि गरिने छ।

४४. कार्य सम्पादनका आधारमा प्रत्येक बर्ष उत्कृष्ट शिक्षक छनौट गरी पुरुस्कृत गरिने छ।

४५. विपन्न तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी छात्रवृत्ति, शैक्षिक सामग्री उपलब्ध गराइ उनीहरुको शैक्षिक निरन्तरतामा जोड दिइने छ।

४६. बालबालिकाको पठन सीप अभिबृद्धि गर्न अभिभावकहरुको संलग्नतामा पालिकास्तरमा शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ।

४७. विद्यार्थीहरुलाई राष्ट्र समाज प्रति उत्तरदायित्व बोध गर्नका लागि अनिवार्य रुपमा माध्यमिक तहका विद्यार्थीहरुलाई स्काउट, रेडक्रस जस्ता मानवीय कार्य र गतिविधिमा संलग्न गराइने छ।

४८. रणनीतिक योजना कार्यान्वयनको अवस्था मापन गरी आवधिक प्रतिवेदन तयार गर्न पालिका स्तरमा अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन समिति गठन गरिने छ।

४९. शिक्षाको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि पालिका स्तरमा विज्ञ समूह, विशेषज्ञ समूहको रोष्टर समूह गठन गरी परिचालन गरिनुका साथै शिक्षा प्रणालीलाई तथ्याङ्कमैत्री बनाइने छ।

५०. शिक्षक नियुक्ति व्यवस्थापन र सेवा सर्त सम्बन्धि निश्चित मापदण्ड तयार पारी लागु गरिने छ।

५१. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइने छ।

५२. आधारभूत तह कक्षा ५ र ८ को परीक्षालाइ मर्यादित र स्तरयुक्त बनाउन गाउँपालिका भरि एउटै मापदण्डको प्रश्नपत्र तयार गरि पायक पर्ने विद्यालयको एउटै परिक्षा र परिक्षण केन्द्र कायम गरि सञ्चालन गरिने छ।

## २.७ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य (वि.स. २०९२) सम्ममा निम्नानुसारको मुख्य उपलब्धि हासिल हुनेछ :

१. सबै बालबालिकाहरुका लागि विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुने छ।

२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर कायम भएको हुने छ।

३. पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल भएका हुने छन् ।

४. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरि सिकाइ वातावरणमा सुधार भएको हुने छ।





५. अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि विभिन्न अवसरहरुको सुनिश्चितता भएको हुने छ।

६. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी कार्यान्वयन भएको हुने छ।

७. शैक्षिक मानव संशाधनको क्षमता विकास / व्यवस्थापमा सुधार भएको हुने छ।

८. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर सुनिश्चित भएको हुने छ।

९. आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाले न्यनूनतम सिकाइ सक्षमतासहित आधारभूत तह पूरा गरेका हुने छन्।

१०. माध्यमिक विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गरेको हुने छन्।

११. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज ( Learning Society) निर्माणमा योगदान पुगेको हुने छ ।१२. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम भएको हुने छ र योजना तथा कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनमा नतिजामुखी प्रणाली स्थापित भई अपेक्षित उपलब्धि हासिल भएका हुने छन् ।

१३. सक्षम र अभिप्रेरित शिक्षकद्वारा सिकारुकेन्द्रित सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइको माध्यबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुने छ।

१४. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तर सुनिश्चत भएको हुने छ।

१५. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित भएको हुने छ।

१६. सबै विद्यालयमा आवश्यक सक्षमताका आधार पुरा भई बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार भएको हुने छ।

१७. आवश्यकताअनुसार विद्यालयहरु तथा बालविकास केन्द्रहरु विस्तार एवम् मर्ज भएका हुने छन् ।

१८. भयरहित, बालमैत्री, सुरक्षित, सफा र सुन्दर विद्यालय वातावरण निर्माण भएको हुने छ ।

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | |
| २.२ | कक्षा १ मा खुद प्रवेश दर (NIR Grade 1) | जम्मा | ९५.० | ९५.० | ९७.७ | ९५.६ | -३९.५ | | | ४७.९ | ५१.० | -५४.३ | -५७.९ | -६१.७ | -६५.८ |
| | | छात्र | ९५.३ | ९५.३ | ९८.१ | ९७.० | -३७.६ | | | -४५.८ | ४८.९ | -५२.२ | -५५.८ | ५९.६ | -६३.६ |
| | | छात्रा | ९४.६ | ९४.६ | ९७.३ | ९४.१ | -४१.९ | | | -५०.३ | -५३.५ | -५६.९ | -६०.५ | -६४.३ | -६८.३ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.३ | आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) | जम्मा | १००.२ | १०४.९ | १०५.७ | १०२.५ | १३३.५ | १३५.६ | १३७.८ | १४०.० | १४२.२ | १४४.५ | १४६.८ | १४९.२ | १५१.६ |
| | | छात्र | १००.२ | १०७.० | १०२.५ | १००.८ | १२८.० | १३०.६ | १३३.३ | १३६.० | १३८.७ | १४१.५ | १४४.४ | १४७.३ | १५०.३ |
| | | छात्रा | १००.२ | १०२.९ | १०९.१ | १०४.३ | १३९.४ | १४१.१ | १४२.७ | १४४.४ | १४६.१ | १४७.८ | १४९.५ | १५१.३ | १५३.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) | जम्मा | ९७.१ | ९७.१ | ९७.१ | ९५.३ | २४.४ | २५.८ | २७.२ | २८.८ | ३०.४ | ३२.१ | ३३.८ | ३५.७ | ३७.७ |
| | | छात्र | ९७.० | ९७.० | ९७.० | ९५.४ | २७.४ | २९.० | ३०.८ | ३२.६ | ३४.५ | ३६.६ | ३८.८ | ४१.१ | ४३.६ |
| | | छात्रा | ९७.२ | ९७.२ | ९७.२ | ९५.२ | २१.२ | २२.३ | २३.५ | २४.७ | २५.९ | २७.३ | २८.७ | ३०.२ | ३१.७ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | ० | ० | ० | ० | ११२.८ | ११५.५ | ११५.५ | ११८.२ | १२०.९ | १२३.८ | १२६.७ | १२९.७ | १३२.७ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ० | ० | ० | ० | -२४.२ | -२७.८ | -२७.८ | -३२.० | -३६.८ | -४२.३ | -४८.६ | -५५.९ | -६४.३ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.७ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ सम्म पुग्ने बालबालिकाको दर | जम्मा | ८६.९ | ९६.३ | ९६.३ | ९८.२ | ६७.१ | ६७.४ | ६७.७ | ६८.१ | ६८.४ | ६८.७ | ६९.० | ६९.३ | ६९.७ |
| | | छात्र | ८५.६ | ९४.३ | ९४.३ | ९९.४ | ६७.१ | ६७.४ | ६७.७ | ६८.१ | ६८.४ | ६८.७ | ६९.० | ६९.३ | ६९.७ |
| | | छात्रा | ८८.२ | ९१.६ | ९८.२ | ९६.७ | ६७.१ | ६७.४ | ६७.७ | ६८.१ | ६८.४ | ६८.७ | ६९.० | ६९.३ | ६९.७ |
| | | प्रदेश | | | | | | | | | | | | | |




| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) | राष्ट्रिय | | | | | | | | | | | | |
| २.१७ | कक्षा ५ मा अध्ययनरत बिद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) | स्थानीय | Reading | | | | ५६.० | ५९.४ | ६३.१ | ६६.९ | ७१.० | ७५.३ | ७९.९ | ८४.८ | ९०.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| | | स्थानीय | Numeracy | | | | ६७.५ | ७०.० | ७२.५ | ७५.२ | ७७.९ | ८०.८ | ८३.८ | ८६.८ | ९०.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.१८ | कक्षा ८ मा अध्ययनरत बिद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) | स्थानीय | Nepali | | | | ५६.६ | ६०.० | ६३.६ | ६७.४ | ७१.४ | ७५.६ | ८०.१ | ८४.९ | ९०.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| | | स्थानीय | Math | | | | ४२.९ | ४६.४ | ५०.१ | ५४.२ | ५८.६ | ६३.३ | ६८.५ | ७४.० | ८०.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.१९ | आधारभूततह (कक्षा १-५ मा बिद्यालय | जम्मा | ० | ० | ० | ० | ३३.६ | २०.२ | २०.२ | १२.१ | ७.३ | ४.४ | २.६ | १.६ | ०.९ |
| | | छात्र | ० | ० | ० | ० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | (Survival Rate to Grade 5) | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.८ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ५ तथा अधारभुत्तह (कक्षा १-५) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:- G1-5) | जम्मा | ८०.३ | ८९.६ | ८९.६ | ९४.५ | ५९.९ | ६०.५ | ६१.१ | ६१.८ | ६२.४ | ६३.० | ६३.७ | ६४.३ | ६५.० |
| | | छात्र | ७९.५ | ८७.९ | ८७.९ | ९४.८ | ५९.९ | ६०.५ | ६१.१ | ६१.८ | ६२.४ | ६३.० | ६३.७ | ६४.३ | ६५.० |
| | | छात्रा | ८१.२ | ९१.१ | ९१.१ | ९४.० | ५९.९ | ६०.५ | ६१.१ | ६१.८ | ६२.४ | ६३.० | ६३.७ | ६४.३ | ६५.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | जम्मा | ० | ० | ० | ० | १०९.० | ८५.८ | ८५.८ | ६७.५ | ५३.२ | ४१.८ | ३२.९ | २५.९ | २०.४ |
| | | छात्र | ० | ० | ० | ० | १००.६ | ७९.१ | ७९.१ | ६२.२ | ४८.९ | ३८.५ | ३०.३ | २३.८ | १८.७ |
| | | छात्रा | ० | ० | ० | ० | ११८.२ | ९३.० | ९३.० | ७३.२ | ५७.६ | ४५.४ | ३५.७ | २८.१ | २२.१ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.१ | आधारभूततह (कक्षा १-५) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | स्थानीय | १.०० | ०.९६ | १.०६ | १.०३ | १.०९ | १.०८ | १.०७ | १.०६ | १.०५ | १.०४ | १.०४ | १.०३ | १.०२ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर (GER) | जम्मा | ९९.४ | १०४.३ | १०८.३ | १०६.५ | १२३.८ | १२३.३ | १२२.७ | १२६.१ | १२७.५ | १२८.९ | १३०.४ | १३१.८ | १३३.३ |
| | | छात्र | ९९.३ | १०५.९ | १०६.६ | १०५.३ | ११८.१ | ११७.६ | ११७.० | १२०.५ | १२१.९ | १२३.४ | १२५.० | १२६.५ | १२८.१ |
| | | छात्रा | ९९.६ | १०२.६ | ११०.२ | १०७.८ | १२९.८ | १२९.५ | १२८.८ | १३२.२ | १३३.५ | १३४.९ | १३६.३ | १३७.७ | १३९.१ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.१२ | आधारभूत तह | जम्मा | ९६.३ | ९६.३ | ९६.३ | ९४.५ | १४.१ | १२.९ | १३.२ | १४.४ | १५.२ | १६.० | १६.९ | १७.९ | १८.९ |





| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | (कक्षा १-८) मा खुद भर्ना दर (NER) | छात्र | ९५.५ | ९५.५ | ९५.५ | ९४.३ | १६.० | १४.५ | १४.८ | १६.३ | १७.३ | १८.३ | १९.४ | २०.६ | २१.८ |
| | | छात्रा | ९७.१ | ९७.१ | ९७.१ | ९४.६ | १२.१ | ११.२ | ११.४ | १२.३ | १३.० | १३.६ | १४.४ | १५.१ | १५.९ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.१३ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने दर (Survival Rate to Grade 8) | जम्मा | ७६.४ | ८५.२ | ८५.२ | ९५.२ | ५३.८ | ५४.५ | ५५.२ | ५५.९ | ५६.७ | ५७.४ | ५८.२ | ५८.९ | ५९.७ |
| | | छात्र | ७५.८ | ८३.२ | ८३.२ | ९६.१ | -२१.१ | -२१.४ | -२१.७ | -२१.९ | -२२.२ | -२२.५ | -२२.८ | -२३.१ | -२३.४ |
| | | छात्रा | ७७.१ | ८७.५ | ८७.५ | ९४.९ | ७०.२ | ७१.१ | ७२.१ | ७३.० | ७४.० | ७४.९ | ७५.९ | ७६.९ | ७७.९ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.१४ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ८ तथा अधारभुतह (कक्षा १-८) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:- G1-8) | जम्मा | ७१.१ | ८१.६ | ८१.६ | ९०.१ | ४७.१ | ४८.० | ४९.० | ५०.० | ५०.९ | ५१.९ | ५३.० | ५४.० | ५५.१ |
| | | छात्र | ६९.९ | ७९.५ | ७९.५ | ८९.४ | -१८.५ | -१८.९ | -१९.२ | -१९.६ | -२०.० | -२०.४ | -२०.८ | -२१.२ | -२१.६ |
| | | छात्रा | ७२.२ | ८४.० | ८४.० | ९१.१ | ६१.५ | ६२.७ | ६४.० | ६५.२ | ६६.५ | ६७.८ | ६९.२ | ७०.५ | ७१.९ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.१५ | आधारभूततह (कक्षा १-८) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | स्थानीय | १.०० | ०.९७ | १.०३ | १.०२ | १.१० | १.१० | १.०९ | १.१० | १.१० | १.०९ | १.०९ | १.०९ | १.०९ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.१६ | कक्षा ३ मा अध्ययनरत बिद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम | स्थानीय | Reading | | | | ४७.७ | ५०.९ | ५४.३ | ५७.९ | ६१.८ | ६५.९ | ७०.३ | ७५.० | ८०.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| | | स्थानीय | Numeracy | | | | ६१.३ | ६३.९ | ६६.५ | ६९.३ | ७२.२ | ७५.२ | ७८.३ | ८१.६ | ८५.० |
| | | प्रदेश | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाहिर रहेका बालबालिकाको दर (OOSC) | छात्रा | ० | ० | ० | ० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| | आधारभूततह (कक्षा १-८) मा बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | जम्मा | ०.७ | २.३ | २.८ | ५.० | ६०.१ | ५९.७ | ५९.१ | ५८.८ | ५८.४ | ५८.० | ५७.५ | ५७.१ | ५६.६ |
| | | छात्र | ०.९ | ४.२ | ४.३ | ५.४ | ५६.९ | ५६.४ | ५५.९ | ५५.५ | ५५.० | ५४.५ | ५४.१ | ५३.६ | ५३.१ |
| | | छात्रा | ०.४ | ०.१ | १.१ | ४.६ | ६३.६ | ६३.२ | ६२.६ | ६२.४ | ६२.० | ६१.६ | ६१.२ | ६०.८ | ६०.४ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.२० | आधारभूततह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | स्थानीय | ३६.५ | ३७.६ | ३७.८५ | ३९.०० | २२.४ | २२ | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.२१ | आधारभूततह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | स्थानीय | ४४.० | ४४.६ | ४६.६० | ४७.२० | २७.५ | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.२२ | आधारभूततह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | स्थानीय | २८.९ | ३०.५ | २९.१० | ३०.८० | ९.८ | १० | १० | १० | १० | १० | १० | १० | १० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ३ | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | | | | | | | |
| ३.१ | माध्यमिकतह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर (GER) | जम्मा | ६७.२ | ७२.३ | ८३.० | ७३.४ | ८१.१ | ८८.३ | ९२.९ | १०४.२ | ११३.५ | १२३.८ | १३५.२ | १४७.९ | १६२.१ |
| | | छात्र | ६६.६ | ७५.२ | ९१.२ | ७१.३ | ७९.७ | ८८.७ | ९३.३ | १०७.४ | ११८.५ | १३१.० | १४५.० | १६०.९ | १७८.८ |
| | | छात्रा | ६७.९ | ६९.७ | ७५.४ | ७५.४ | ८२.६ | ८८.९ | ९३.५ | १०४.० | ११२.७ | १२२.२ | १३२.५ | १४३.९ | १५६.३ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ३.२ | माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना | जम्मा | ५०.१ | ५२.१ | ५७.१ | ५१.६ | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | | छात्र | ४९.५ | ५१.२ | ५६.६ | ४९.६ | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |





| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थानीय Math | ०.० | ०.० | ०.०० | ०.०० | ५४.० | ५७.२ | ६०.५ | ६४.० | ६७.७ | ७१.७ | ७५.९ | ८०.३ | ८५.० |
| | | प्रदेश Math | | | | | | | | | | | | | |
| | | राष्ट्रिय Math | | | | | | | | | | | | | |
| | | स्थानीय Science | ०.० | ०.० | ०.०० | ०.०० | ३७.० | ४०.७ | ४४.९ | ४९.४ | ५४.४ | ५९.९ | ६६.० | ७२.७ | ८०.० |
| | | प्रदेश Science | | | | | | | | | | | | | |
| | | राष्ट्रिय Science | | | | | | | | | | | | | |
| ४ | जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | | | | | | | |
| ४.१ | ५ बर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | स्थानीय | ०.० | ०.० | ०.०० | ०.०० | ७१.९ | ७३.५२ | ७५.२१ | ७६.९४ | ७८.७२ | ८०.५३ | ८२.३९ | ८४.२८ | ८६.२३ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ४.२ | १५ बर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | स्थानीय | ०.० | ०.० | ०.०० | ०.०० | ६०.९ | ६२.६९ | ६४.४८ | ६६.३३ | ६८.२३ | ७०.१८ | ७२.१९ | ७४.२५ | ७६.३८ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ४.३ | १५ देखि २४ बर्ष उमेरका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | स्थानीय | ०.० | ०.० | ०.०० | ०.०० | ९७.५ | ९७.५७ | ९७.६८ | ९७.७९ | ९७.९० | ९८.०२ | ९८.१३ | ९८.२४ | ९८.३६ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दर (NER) | छात्रा | ५०.७ | ५२.९ | ५७.७ | ५३.४ | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ३.३ | माध्यमिकतह (कक्षा ९-१२) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | स्थानीय | १.०२ | ०.९३ | ०.८३ | १.०६ | १.०४ | १.०० | ०.९९ | ०.९७ | ०.९५ | ०.९३ | ०.९१ | ०.८९ | ०.८७ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ३.४ | आधारभूततह बाट माध्यमिकतहमा संक्रमण दर (Transition rate from Basic Level to Secondary Level) | जम्मा | ९१.० | ९६.८ | ९६.८ | ९४.४ | ५९.७ | ६९.५४ | ८१.०४ | ९४.४<br>४ | ##### | ##### | ##### | ##### | २०३.०<br>३ |
| | | छात्र | ९४.७ | ९६.० | ९६.० | ९२.४ | ६४.८ | | | | | | | | |
| | | छात्रा | ८८.१ | ९७.६ | ९७.६ | ९६.१ | ५४.९ | | | | | | | | |
| | | प्रदेश | प्रदेश | | | | | | | | | | | | |
| | | राष्ट्रिय | राष्ट्रिय | | | | | | | | | | | | |
| ३.५ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० सम्म पुग्ने दर (Survival Rate to Grade 10) | जम्मा | ७२.९ | ८०.९ | ८०.९ | ९१.४ | ५१.६ | ५३.१ | ५४.६ | ५६.२ | ५७.९ | ५९.५ | ६१.३ | ६३.० | ६४.९ |
| | | छात्र | ७०.१ | ७९.८ | ७९.८ | ९१.३ | -१५.० | -१५.४ | -१५.९ | -१६.३ | -१६.८ | -१७.३ | -१७.८ | -१८.३ | -१८.८ |
| | | छात्रा | ७५.३ | ८२.१ | ८२.१ | ९२.० | ६६.० | ६७.९ | ६९.९ | ७१.९ | ७४.० | ७६.१ | ७८.३ | ८०.६ | ८३.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | ० | ० | ० | ० | ६१.० | ६६.२ | ६६.२ | ७१.८ | ७७.८ | ८४.४ | ९१.६ | ९९.३ | १०७.७ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ३.७ | माध्यमिकतह (कक्षा ९-१२) मा महिला | स्थानीय | १७.४ | १८.६ | १८.६५ | २०.०० | ७.८ | ८.० | ८.२ | ८.५ | ८.७ | ९.० | ९.३ | ९.६ | ९.८ |
| | | प्रदेश | | | | | | | | | | | | | |





| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षकको प्रतिशत | राष्ट्रिय | | | | | | | | | | | | | |
| ३.८ | जम्मा सामुदयिक बिद्यालयमध्ये कक्षा ९-१२ मा प्राबिधिक धार सहित सन्चालन गर्ने बिद्यालयहरुमा भर्ना भएका जम्मा बिद्यार्थी सङ्ख्या | स्थानीय | ०.० | ०.० | ०.०० | ०.०० | ३.४ | ४.० | ४.८ | ५.६ | ६.६ | ७.९ | ९.३ | ११.० | १३.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| | सामुदायिक माध्यमिक बिद्यालयहरुमध्ये कक्षा ९-१२ मा बिज्ञान बिषयमाभर्ना भएका जम्मा बिद्यार्थी प्रतिशत | स्थानीय | ०.० | ०.० | ०.०० | ०.०० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ३.९ | कक्षा १० मा अध्ययनरत बिद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) | स्थानीय Nepali | ०.० | ०.० | ०.०० | ०.०० | ६३.० | ६५.९ | ६८.९ | ७२.० | ७५.३ | ७८.७ | ८२.३ | ८६.१ | ९०.० |
| | | प्रदेश Nepali | | | | | | | | | | | | | |
| | | राष्ट्रिय Nepali | | | | | | | | | | | | | |
| | | स्थानीय English | ०.० | ०.० | ०.०० | ०.०० | ४९.० | ५२.१ | ५५.४ | ५८.९ | ६२.६ | ६६.६ | ७०.८ | ७५.२ | ८०.० |
| | | प्रदेश English | | | | | | | | | | | | | |
| | | राष्ट्रिय English | | | | | | | | | | | | | |

# परिच्छेद ३

## शिक्षाका मुख्य उपक्षेत्र

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

*" घर बलियो जगले, शिक्षा बलियो प्रारम्भिक बालबिकासले "*

नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमको सुरुवात सन २००४ सालमा काठमाण्डौमा स्थापना भएको मन्टेश्वरी स्कूलबाट भएको पाइन्छ । यस उमेर समूहका बालबालिकाहरुको सर्वाङ्गीण (शारीरिक, वौद्धिक, सामाजिक, संवेगात्मक एवम भाषिक पक्षहरुको समुचित) विकासका लागि स्वास्थ्यकर्मी, बाल विकास शिक्षकहरु, अभिभावक एवम बालबालिकालाई लक्षित गरिएको नीति तथा कार्यक्रम समेतलाई प्रारम्भिक बालविकास कार्यक्रम भन्ने जनाउँदछ । मानव जीवनको सुरुवाती अवस्था प्रारम्भिक बाल्यावस्था भनिएको हो । राष्ट्रिय योजना आयोगबाट प्रारम्भिक' बालविकास राष्ट्रिय रणनीति (२०७७–२०८८) ले प्रारम्भिक बाल्यावस्थालाई गर्भावस्थादेखि आठ वर्षसम्मको उमेर भनी परिभाषित गरेको छ । बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि पुर्ब बाल्यावस्था सम्मका सम्पूर्ण बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि अति आवश्यक तत्वहरु राम्रो स्वास्थ्य, पर्याप्त पोषण, सुरक्षा तथा संरक्षण उत्प्रेरणा तथा सिकाइ एवम संवेदनशील स्याहार उचित पालनपोषणका अवसरहरु प्रदान गर्नु हो । दिगो विकासका १७ ओटा लक्ष्यहरु मध्ये ११ ओटा लक्ष्यहरु प्रत्यक्ष रुपमा प्रारम्भिक बालविकाससँग सम्वन्धित रहेकोले सबै नीति तथा कार्यक्रमले ती लक्ष्यहरुलाई प्राप्त गर्न आपसी समन्वय र सहकार्यमा काम गर्ने वातावरण बन्नुपर्ने देखिन्छ । नेपालको संविधान २०७२, को धारा-३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनि उल्लेख गरिएको छ । शिक्षा ऐन,२०२८ आठौं संशोधनले बालविकास शिक्षालाई विद्यालयको संरचना भित्र कायम गरेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने छ भनि उल्लेख गरेको छ साथै नेपालको सोह्रौ योजनामा पनि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गरी सबै बालबालिकाका लागि अनिवार्य गरिनेछ भन्ने रणनीति लिएको पाइन्छ ।

प्रारम्भिक बालविकास शिक्षा विद्यालय जाने उमेर पूर्वका बालवालिकाहरुको सर्वाङ्गिण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम शिक्षा हो । सर्वाङ्गिण विकास अन्तर्गत बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक सामाजिक र संवेगात्मक विकास पर्दछन । कुनै एक पक्षको विकास कमजोर हुँदा व्यक्तिको व्यक्तित्व विकासमा बाधा पर्न सक्ने भएकाले बालबालिकामा उल्लेखित सबै पक्षको विकासमा ध्यान दिनु आवश्यक छ । त्यसैले प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अंक चिनाउने कार्यमा





| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६.१ | बालविकास तथा पूर्व प्र.बि.मा (ECED) | | ०.० | ०.० | ०.०० | ०.०० | ५४ | ५७ | ५९ | ६२ | ६६ | ६९ | ७२ | ७६ | ८० |
| ६.२ | आधारभूततह (कक्षा १-५) | | ०.० | ०.० | ०.०० | ०.०० | २६ | ३० | ३४ | ३८ | ४४ | ५० | ५७ | ६५ | ७४ |
| ६.३ | आधारभूततह (कक्षा ६-८) | | ०.० | ०.० | ०.०० | ०.०० | ४९ | ५० | ५१ | ५३ | ५४ | ५५ | ५७ | ५८ | ६० |
| ६.४ | आधारभूत (कक्षा १-८) | | ०.०० | ०.०० | ०.०० | ०.०० | ३३ | ३७ | ४० | ४४ | ४९ | ५४ | ५९ | ६५ | ७१ |
| ६.५ | माध्यमिकतह (कक्षा ९-१०) | | ०.० | ०.० | ०.०० | ०.०० | २६ | २७ | २८ | ३० | ३१ | ३२ | ३४ | ३५ | ३७ |
| ६.६ | माध्यमिकतह (कक्षा ११-१२) | | ०.० | ०.० | ०.०० | ०.०० | २५ | २६ | २८ | २९ | ३१ | ३३ | ३४ | ३६ | ३८ |
| ६.७ | माध्यमिक बिद्यालय (कक्षा ९-१२) | | ०.०० | ०.०० | ०.०० | ०.०० | २५ | २७ | २८ | ३० | ३१ | ३३ | ३४ | ३६ | ३८ |

## २.९ प्रमुख उपलब्धि तथा सूचकहरु:

यस गाउँ शिक्षा योजनाका प्रमुख उपलब्धि सूचकहरु निम्नबमोजिम निर्धारण गरिएको छ :-

**तालिका १०: दश बर्षे गाउँ शिक्षा योजनाका प्रमुख उपलब्धि सूचक:**

| क्र स | सुचकहरु | आधार वर्ष (वि.स. २०८१) को अवस्था (प्रतिशतमा) | वि.स. २०८६ सम्मको लक्ष्य (प्रतिशतमा) | वि.स. २०९१ सम्मको लक्ष्य (प्रतिशतमा) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|
| **१** | **प्रारम्भिक बालविकास शिक्षा** | | | | | |
| १.१ | कूल भर्नादर | ९३.१ | ९६ | १०० | | |
| १.२ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | ९० | ९५ | १०० | | |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ७८ | ९० | १०० | | |
| १.४ | कक्षा १ मा नवप्रवेशी मध्ये प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्त बालवालिकाको प्रतिशत | ८० | ९० | १०० | | |
| १.५ | आधारभूत तालिम प्राप्त शिक्षक (प्रा.बा.शि) | ५० | ६० | ७५ | | |
| **२** | **आधारभूत शिक्षा** | | | | | |
| २.१ | कक्षा १ मा कूल प्रवेश दर | १०८.७ | १०२ | १०० | | |
| २.२ | कक्षा १ मा खुद प्रवेश दर | ९९.७ | १०० | १०० | | |
| २.३ | कक्षा १-५ कूल भर्नादर | १२४.७ | ११० | १०० | | |
| २.४ | कक्षा १-५ मा खुद भर्नादर | ९९.५ | १०० | १०० | | |
| २.५ | कक्षा १-८ मा कूल भर्नादर | ११६.७ | १०५ | १०० | | |
| २.६ | कक्षा १-८ मा खुद भर्नादर | ९४ | ९६ | १०० | | |
| २.७ | कक्षा १-८ को लैङ्गिक समता सुचकाङ्क | ०.९७ | १ | १ | | |
| २.८ | कक्षा ८ मा टिकाउ दर | ८८ | ९२ | ९८ | | |
| २.९ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ८१ | ८५ | १०० | | |
| २.१० | ५ देखि १२ वर्ष उमेरका विद्यालय वाहिर रहेका बालबालिकाको प्रतिशत | ८ | ५ | ० | | |
| **३** | **माध्यमिक शिक्षा** | | | | | |
| ३.१ | कूल भर्नादर कक्षा ९-१० | १२७.२ | ११० | १०० | | |
| ३.२ | खुद भर्नादर कक्षा ९-१० | ७१.३ | ८० | १०० | | |
| ३.३ | कूल भर्नादर कक्षा ९-१२ | ८७.३ | ९० | १०० | | |
| ३.४ | खुद भर्नादर कक्षा ९-१२ | ४८.९ | ५० | ६० | | |
| ३.५ | कूल भर्नादर कक्षा ११-१२ | ५१.४ | ५५ | ६० | | |
| ३.६ | खुद भर्नादर कक्षा ११-१२ | २६.४ | ३० | ४० | | |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ७७ | ८३ | ८९ | | |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | ५४ | ६० | ७५ | | |
| ३.९ | कक्षा १ देखि १२ मा खुद भर्नादरको आधारमा लैङ्गिक समता सुचकाङ्क | ०.९३ | ०.९७ | १ | | |
| **४** | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | ९३ | ९६ | १०० | | |
| ४.२ | १५ देखि २४ बर्षको साक्षरता दर | ९७.२ | ९९ | १०० | | |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | ५९ | ६७ | ७५ | | |
| **५** | **महिला शिक्षक प्रतिशत** | | | | | |
| ५.१ | आधारभूत तह | ३३ | ४२ | ५० | | |
| ५.२ | माध्यमिक तह | १३ | २१ | ३० | | |
| **६** | **प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका विद्यालय प्रतिशत** | | | | | |
| ६.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | ३४ | ४० | ५० | | |
| ६.२ | आधारभूत विद्यालय | २९ | ३५ | ४१ | | |
| ६.३ | माध्यमिक विद्यालय | २३ | ३० | ४० | | |
| **७** | **स्थानीय बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत** | २० | २५ | ३० | | |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ( पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | शिक्षक क्षमता विकास तालिम सञ्चालन | जना | ३० | ४० | ५० | ५५ | ५० | २२५ | २२५ | |
| २ | बालविकास केन्द्रका बालमैत्री तथा छापामय कक्षाकोठाको निर्माण | | १५ | १० | २० | ५ | ४ | ५४ | ५४ | |
| ३ | सहयोगी कार्यकर्ताहरूलाई बालमैत्री तालिम तथा शैक्षिक सामग्री निर्माण कार्यशाला | जना | १५ | १० | २० | ६ | ५ | ५६ | ५६ | |
| ४ | विद्यालय भर्ना अभियान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | प्रत्येक वडामा एउटा नमुना बालविकास केन्द्र स्थापना | विद्यालय | १ | १ | १ | १ | १ | १ | १० | |
| | **कुल जम्मा रकम (रु. लाखमा) ५** | | | | | | | | | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ वर्तमान अवस्था

केदारस्यूँ गाउँपालिकामा शैक्षिक सत्र २०८१ मा आधारभूत तह (कक्षा १-८) मा जम्मा ५६८६ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन । केदारस्यूँ गाउँपालिकाको वर्तमान अवस्था हेर्दा आधारभूत तह कक्षा १-८ खुद भर्ना दर ९४ प्रतिशत, कूल भर्ना दर ११६.७ प्रतिशत, प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको ६८ प्रतिशत रहेको छ । विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री र वातावरणमैत्री पूर्वाधार र सिकाइ सक्षमता भएका विद्यालयहरुको संख्या न्यून भएकोले सो संख्या बढाउनु पर्ने देखिन्छ । यस तहका सबै विद्यार्थीहरु स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमबाट लाभान्वित भएका छन् । आधारभूत शिक्षामा विद्यालय विद्यार्थी अनुपात ......छ । आधारभूत तहमा विद्यालय छोड्ने र दोहोर्‍याउने दरलाई कम गर्नु आवश्यक छ । राष्ट्रिय प्रारम्भिक पढाइ कार्यक्रमले कक्षा १ देखि ३ का विद्यार्थीहरुको पठन सीपमा सहयोग गरेको पाइएको छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु अति आवश्यक छ । शिक्षण सिकाइ विधि सुधारका लागि





जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गिण विकासमा सहयोग गर्नका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्दछ । प्रारम्भिक बालविकास शिक्षाका कार्यक्रमहरु विभिन्न समयावधिमा सुरु गर्ने भएतापनि चार वर्ष उमेर पुगेका बालवालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा प्रचलित ऐन कानूनमा उल्लेख गरिएको छ । अतः यस शिक्षालाई विशेष प्राथमिकतामा दिन आवश्यक भएकोले केदारस्यूँ गाउँपालिकाको दश वर्षिय शिक्षाक्षेत्र योजनाको मुख्य अंगको रुपमा राखिएको छ ।

### ३.१.१ वर्तमान अवस्था

यस पालिका अन्तरगत जम्मा ५४ वटा बालविकास केन्द्रहरु रहेका र ती सबै विद्यालयमा सञ्चालनमा रहेका छन यस गाउँपालिका अन्तर्गत हाल बालविकास शिक्षाको खुद भर्नादर ६८ प्रतिशत रहेको छ । संस्थागत विद्यालय तथा नीजि क्षेत्रबाट सञ्चालित विद्यालयमा प्रारम्भिक बालविकास ३ वर्षे शैक्षिक कार्यक्रमको रुपमा सञ्चालनमा छ भने सामुदायिक विद्यालयहरुमा १ वर्षको प्रारम्भिक बालविकास शिक्षाको कार्यक्रम सञ्चालनमा छ । यी सबै शैक्षिक संस्थाहरुमा कूल १५६४ जना बालबालिकाहरु अध्ययनरत छन् । यस गाउँपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाको कूल भर्नादर ९३.१ र खुद भर्नादर ९० रहेको छ । कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहितको भर्नादर ८० रहेको छ । प्रारम्भिक बालविकास शिक्षामा लैङ्गिक समता सुचक ०.८९ रहेको छ । प्रारम्भिक बालविकास शिक्षामा कार्यरत शिक्षकहरु ५६ जना रहेका छन । वर्तमान यस अवस्थालाई विश्लेषण गर्दा प्रारम्भिक बालविकास तथा शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन ।

१. प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच पुर्‍याउनु ।
२. सबै प्रारम्भिक बालविकास केन्द्रहरुको न्यूनतम मापदण्ड पूरा गर्नु ।
३. सबै बालबालिकाहरुको लागि आवश्यक स्वास्थ्य, खोप, पोषण, सरसफाई तथा शुद्ध पिउने पानी जस्ता एकीकृत सेवाहरु उपलब्ध गराउनु,
४. जोखिम र विपदमा परेका अति विपन्न बालबालिकाका लागि आपतकालीन सेवा सुनिश्चित गर्नु,
५. भर्ना भएका बालबालिकाहरु कक्षामा नियमित उपस्थितिको सुनिश्चित गर्नु,

**प्रारम्भिक बालविकास तथा शिक्षा क्षेत्रमा देहाय बमोजिमका अवसरहरु देखिन्छन ।**

१. संविधानमा बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको,
२. शिक्षा ऐन २०२८ ले बालविकास शिक्षालाई विद्यालय शिक्षाको रुपमा स्वीकार गरिएको,
३. राष्ट्रिय शिक्षा नीति २०७६ ले बालविकास र शिक्षालाई प्राथमिकता दिएको,
४. नेपाल बालअधिकार महासन्धिको पक्ष राष्ट्र भएको,
५. यस क्षेत्रमा अन्तर्राष्ट्रिय सहकार्यको सम्भावना रहेको,
६. सरकारी तथालगैरसरकारी संघ संस्थाहरु लगानी गर्न आकर्षित रहेको,

### ३.१.२ उद्देश्य

१. प्रारम्भिक बालविकास र शिक्षामा सहभागितामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
२. प्रारम्भिक बालविकास तथा शिक्षामा गुणस्तर सुनिश्चित गर्नु ।
३. सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु ।
४. प्रारम्भिक बालविकास शिक्षकहरुको पेशागत क्षमता विकास गर्नु ।

### ३.१.३ रणनीति

योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अबलम्बन गरिने छनः

१. चार वर्ष उमेरका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकासमा भर्ना गर्ने ।
२. प्रारम्भिक बालविकासको न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने ।
३. नमूना बालविकास केन्द्र स्थापना गर्ने ।
४. प्रारम्भिक बालविकास र शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने ।
५. प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारिता वृद्धि का लागि परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयवीच सहकार्य गर्ने ।
६. बालविकास शिक्षकमा महिलालाई प्राथमिकता दिने ।
७. बालविकास शिक्षकको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्ने ।
८. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री, बाल उद्यानको व्यवस्थापन गर्ने ।
९. बालविकास शिक्षामा भर्ना गर्दा जन्मदर्तालाई अनिवार्य गर्ने ।
१०. सबै बालविकास केन्द्रहरुमा आवश्यक पूर्वाधारसहित बालमैत्री तथा छापामय कक्षाकोठा व्यवस्थापन गर्ने ।
११. राष्ट्रिय पाठ्यक्रम प्रारुपमा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षामा लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने ।
१२. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसस्था निजीक्षेत्र र समुदायलाई जिम्मेवार बनाउने ।
१३. अनाथ, असहाय, विपन्न र लक्षित वर्गका बालबालिकालाई बालविकास शिक्षाको पहुँचमा ल्याउन सहयोग गर्ने ।
१४. एकीकृत सेवा जस्तैः खोप, पोषण, शिक्षा, संरक्षण तथा समुदायको सहभागितासहित प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा सहयोग गर्ने ।





### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. चार वर्ष उमेरका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षामा भर्ना भएका हुने छन् ।
२. प्रारम्भिक बालविकास तहको कूल भर्नादर १०० प्रतिशत पुगेको हुनेछ ।
३. प्रारम्भिक बालविकासको न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन भएको हुने छ ।
४. प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालवालिकाहरु १०० प्रतिशत पुगेका हुने छन् ।
५. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा स्थानीय सरकार, परिवार, समुदाय, गैर सरकारी संघ संस्था र विद्यालयहरु जिम्मेवार हुनेछन् ।
६. सबै बालविकास केन्द्रहरुमा आवश्यक पूर्वाधारसहित बालमैत्री तथा छापामय कक्षाकोठा व्यवस्थापन भएका हुने छन् ।
७. नमूना बालविकास केन्द्र स्थापना भएका हुने छन् ।
८. बालविकास शिक्षकको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन भएका हुने छन् ।
९. बालविकास केन्द्रहरुको प्रभावकारी सुपरीवेक्षण, नियमन तथा प्राविधिक सहायताको संयन्त्र स्थापना भएको हुने छ ।

**नतिजा**

| क्र. स. | सूचक | आधार वर्ष (२०८१/०८२) | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकासमा कुल भर्ना संख्या | १३२८ | १३३० | १३३५ | १३४० |
| २. | न्यूनतम मापदण्ड पुरा गरेका बालविकास केन्द्रको संख्या | ५४ | ५२ | ५२ | ५२ |
| ३. | नमूना बालबिकास केन्द्रको संख्या | १ | ३ | ३ | २ |
| ४. | क्षमता विकास तालिम लिएका बालविकास शिक्षकको संख्या | १५ | ३० | ५ | ४ |
| ५. | बालविकास केन्द्रका बालमैत्री तथा छापामय कक्षाकोठा संख्या | १५ | ३० | ५ | ४ |
| ६. | बालविकासमा महिला शिक्षकको संख्या | | | | |
| ७. | बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालवालिकाहरुको संख्या | १०४६ | १०५० | १०५५ | १०८० |

**तालिका ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन पुनर्वितरण तथा समायोजन | वटा | २ | ० | ० | ०० | ० | २ | २ | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | भौतिक पूर्वाधार व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | ५४ | ० | ० | ० | ० | ५४ | ५४ | |
| ६ | बिषयगत शिक्षकको क्षमता विकास | जना | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | परीक्षा व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५४ | ५४ | |
| ८ | वि व्य स को क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | दिवा खाजा व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५४ | ५४ | |
| कुल जम्मा रकम (रु. लाखमा) १० लाख | | | | | | | | | | |

### ३.३ माध्यमिक शिक्षा

#### ३.३.१ वर्तमान अवस्था

केदारस्यूँ गाउँपालिकामा शैक्षिक सत्र २०८१ सम्ममा कक्षा १-१२ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरु १० र १-१० सम्मका ३ गरी जम्मा १३ रहेका छन । माध्यमिक तहको लैङ्गिक समता सुचकाङ्क ०.९३ रहेको छ । यस तहमा शैक्षिक सत्र २०८० मा जम्मा २४३५ जना विद्यार्थीहरु सामुदायिक विद्यालयहरुमा अध्ययनरत रहेका छन । केदारस्यूँ गाउँपालिकाको वर्तमान अवस्था केलाएर हेर्दा माध्यमिक तह कक्षा ९-१२ को खुद भर्ना दर ४८.९ प्रतिशत , कूल भर्ना दर ८७.३ प्रतिशत रहेको छ । यस स्थानीय तहमा २ वटा प्राविधिक माध्यमिक विद्यालय र एउटा नमूना माध्यमिक विद्यालय रहेका छन् । विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । माध्यमिक तहमा विद्यालय छोड्ने र दोहोर्‍याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु आवश्यक छ । शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान





सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु पर्ने छ । उल्लेखित विश्लेषणका आधारमा आधारभूत शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन ।

१. आधारभूत शिक्षा उमेर समूहका सबै बालबालिकाहरुको शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।
२. आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य गर्नु ।
३. आधारभूत तहको शैक्षिक गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिको वृद्धि गर्नु ।
४. खुद भर्ना दर शत प्रतिशत पुर्‍याउनु, कक्षा दोहोर्‍याउने र छोड्ने दर शून्यमा झार्नु ।
५. लैङ्गिक समता कायम गर्नु ।
६. बालमैत्री अपाङ्गमैत्री, सिकाइमैत्री र वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्नु ।
७. शिक्षकहरुको विषयगत र कक्षागत दरबन्दीको व्यवस्था मिलाउनु ।
८. पोषण, स्वास्थ्य तथा दिवा खाजा लगायत विद्यार्थी सहायता प्रणालीको प्रभावकारीता वृद्धि गर्नु ।
९. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा विकास गर्नु र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी परीक्षालाई विश्वसनीय र वैध बनाउनु ।
१०. शैक्षिक सुशासन तथा जवाफदेहिताको प्रत्याभूति गर्नु ।

#### ३.२.२ उद्देश्य

१ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
२ आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु र सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु ।
३ आधारभूत शिक्षामा शैक्षिक गुणस्तर सुनिश्चित गर्नु ।
४ आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री, भयरहित र सुरक्षित बनाउनु ।

#### ३.२.३ रणनीति

१. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने ।
२. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको विवरण संकलन गरि पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।
३. विद्यालय छोड्ने, कक्षा दोहोर्‍याउने दर घटाउने तथा खुद भर्ना दर, तह पूरा गर्ने दरमा वृद्धि गर्न बालबालिकाहरुको अवस्था पहिचान गरी लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने ।
४. सामुदायिक विद्यालयमा नेपाल सरकाबाट प्राप्त दरबन्दीको मिलान तथा पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरु विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने ।

५. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम र अभिभावक शिक्षा सञ्चालन गर्ने।

६. विद्यालयमा खानेपानी, शौचालय र सरसफाइका संरचनाहरु तथा दिवा खाजा पकाउने भान्साकोठाहरु निर्माण तथा व्यवस्थापन गर्ने।

७. आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षा भित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्ने।

८. विद्यालयहरूमा प्रविधिमैत्री, सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरी सबै बालबालिकाका लागि सिकाइमैत्री वातावरण तयार गर्ने।

९. प्रत्येक बालबालिकालाई आत्म सम्मानपूर्वक सिक्ने वातावरण निर्माण गर्न सम्बन्धित विद्यालयका शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने।

१०. बालबालिकाको पढाइ सीपको विकास गर्न पढाई मेला कार्यक्रमलाईअभियानका रूपमा सञ्चालन गर्ने।

११. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेहि वनाउने।

१२. शिक्षकहरुका लागि शिक्षण विधि र प्रविधि सम्बन्धी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने।

१३. कार्य सम्पादनका आधारमा शिक्षकहरुलाई प्रोत्साहन प्रदान गर्ने।

१४. आवश्यकताका आधारमा आधारभूत विद्यालयहरुमा भौतिक सुविधा विस्तारका कार्यक्रमहरू सञ्चालन गर्ने।

१५. विद्यालयको नियमित सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाई शिक्षक तथा विद्यालयलाई आवश्यक प्राविधिक सहायता प्रदान गर्ने।

१६. स्थानीय भाषा, कला, संस्कृति, सभ्यताको जगेर्ना, जीवनोपयोगी सिप, व्यावहारिक सिप र मूल्यमा आधारित शिक्षाको विकास गर्न स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने।

१७. प्रत्येक विद्यालयमा विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाई सोको कार्यान्वयन गर्ने।

१८. विद्यालय शिक्षालाई प्रकोप संकट तथा माहामारी तथा जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरि कार्यान्वयन गर्ने।

१९. विद्यालयमा बाल उद्यान, फुलबारी, करेसाबारी, वृक्षारोपण आदिजस्ता कार्यक्रम सञ्चालन गर्ने।

२०. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाईमा सुधार ल्याउने।

२१. दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरुलाई सिकाई क्रियाकलापमा एकीकृत गर्ने।

२२. शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने।





### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित भएको हुने छ।

२. आधारभूत तहको खुद भर्नादर सत प्रतिशत पुगेको हुने छ।

३. आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुने छ।

४. आधारभूत तहमा विद्यालय छोड्ने दर र कक्षा दोहोर्‍याउने दरमा कमि आइ कक्षा उत्तीर्ण दर शत प्रतिशत पुगेको हुनेछ।

५. विद्यालयहरूमा बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री, भयरहित र सुरक्षित भौतिक पूर्वाधार विकास भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १. | आधारभूत तह (प्राथमिक कक्षा १-५ ) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ० | ० | ० | ० | ० |
| २. | आधारभूत तह (प्राथमिक कक्षा १-५ ) मा तालिम प्राप्त शिक्षकको संख्या | १५१ | आवश्यकताका आधामा बृद्धि गर्ने | आवश्यकताका आधामा बृद्धि गर्ने | आवश्यकताका आधामा बृद्धि गर्ने | आवश्यकताका आधामा बृद्धि गर्ने |
| ३. | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड पुरा गरेका आधारभूत तहका विद्यालयको संख्या | ४१ | ४१ | ४१ | ४१ | ४१ |
| ४. | प्र.अ. वि. व्य. स. र शि. अ.सं. को क्षमता विकासका कार्यक्रम सञ्चालन भएको संख्या | ५४ | ५२ | निरन्तर | निरन्तर | निरन्तर |

### ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**तालिका ३.३.५.१ माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश, स्थानीय |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ३ | लक्षित वर्गका विद्यार्थीलाई छत्रवृत्तिको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ४ | सुचना सञ्चार प्रविधिको व्यवस्था | विद्यालय | १० | १० | १० | १० | १४ | ५४ | ५४ | संघ,प्रदेश, स्थानीय तह |
| ५ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | विद्यालय | आवश्यकताको अधारमा | आवश्यकताको अधारमा | आवश्यकताको अधारमा | आवश्यकताको अधारमा | आवश्यकताको अधारमा | आवश्यकताको अधारमा | आवश्यकताको अधारमा | स्थानीय |
| ६ | शिक्षक दरबन्दी मिलान | पटक | आवश्यकताको आधारमा | आवश्यकताको आधारमा | आवश्यकताको आधारमा | आवश्यकताको आधारमा | आवश्यकताको आधारमा | आवश्यकताको आधारमा | आवश्यकताको आधारमा | स्थानीय तह |
| ७ | शैक्षिक सामग्रीको व्यवस्थापन | विद्यालय | २० | ३० | ४ | ० | ० | ५४ | ५४ | स्थानीय तह र अन्य संघसंस्था |
| ८ | महामारीको अवस्थामा विभिन्न कार्यक्रम तथा मनोपरामर्श सञ्चालन | विद्यालय | ५४ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५४ | ५४ | संघ, प्रदेश, स्थानीय तह |
| ९ | मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियासँग एकीकृत गरी सुधार र प्रयोगका लागि दक्षता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश, स्थानीय तह |





प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ। संविधानले माध्यमिक शिक्षा निःशुल्क भनेको भएतापनि हाल माध्यमिक तहको शिक्षा पुर्ण रुपमा निःशुल्क गर्न सकिएको छैन। शिक्षक तथा कर्मचारीका लागि तालिम तथा प्रधानाध्यापक नेतृत्व क्षमता विकास सम्बन्धी तालिमहरु पर्याप्त रूपमा सञ्चालन गर्न सकिएको छैन। विभिन्न ढंगले विकास गरिएको व्यक्तिगत क्षमतालाई संस्थामा प्रयोग गर्न सकिएको अवस्था छैन। सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई लागु गर्नुपर्ने आवश्कता छ। राम्रो नेतृत्व भएको प्रध्यानाध्यापकको विद्यालय व्यवस्थापन प्रभावकारी भएकोले प्रधानाध्यापकहरुको नेतृत्व विकास सम्बन्धी तालिमहरु सञ्चालन गर्नु अति आवश्यक छ। माध्यमिक तहमा विषयगत शिक्षक तथा दरवन्दि पर्याप्त छैनन्। विषयगत शिक्षकको उपलब्धता, योग्यता र दक्षता सुनिश्चित गर्न सकिएको छैन। उल्लेखित विश्लेषणका आधारमा माध्यमिक शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन।

१. माध्यमिक तहसम्मको शिक्षा पूर्ण रुपमा निःशुल्क गर्ने।
२. प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षाको विस्तार गर्ने।
३. कक्षा १० उत्तीर्ण गरेका विद्यार्थीहरुको कक्षा ११ मा भर्नादर बढाउने।
४. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच विस्तार गर्ने।
५. सिकाइको गुणस्तर सुधार गरी सिकारु सिकाइमा सुधार ल्याउने।
६. शिक्षकको पेशागत वृत्ति विकास गर्ने।
७. विषयगत शिक्षक दरवन्दिको व्यवस्थापन गर्ने।
८. सामुदायिक र संस्थागत विद्यालयबीच रहेको शैक्षिक गुणस्तरको अन्तर कम गर्ने।
९. विद्यालय शिक्षामा संघ, प्रदेश र स्थानीय तहको साझा तथा विशिष्टिकृत भूमिका सुस्पष्ट ढंगले परिभाषित गर्ने।
१०. विद्यालयमा न्यूनतम भौतिक तथा शैक्षिक गुणस्तर सुनिश्चित गर्ने।

### ३.३.२ उद्देश्यहरु

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छः

१ माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार तथा गुणस्तरीय शिक्षा प्रदान गर्नु।
२ माध्यमिक शिक्षामा खुद भर्नादर तथा टिकाउदर बढाउनु।
३ निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्नु।
४ विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु।
५ प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार गरी स्वरोजगार,उद्यमशील र देश निर्माणको लागि योग्य र मूल्यमा आधारित जनशक्ति उत्पादन गर्नु।

६ उच्च शिक्षा अध्ययनका लागि योग्य तथा र स्वःपहिचान सहितको जनशक्ति उत्पादन गर्नु ।
७ माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

### ३.३.३ रणनीतिहरू

१ विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।
२ आर्थिक समस्याका कारणले माध्यमिक शिक्षा अध्ययन गर्न नसक्ने अवस्थाका बालबालिकाहरुका लागि आर्थिक सहयोगको व्यवस्था गर्ने ।
३ सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ।
४ माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने ।
५ शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने ।
६ शिक्षकका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने ।
७ शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने ।
८ सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने ।
९ विद्यार्थीको मनोबल बढाउन विद्यार्थी मनोपरामर्श तथा उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन गर्ने
१० माध्यमिक विद्यालयहरूमा शैक्षिक गुणस्तरमा आधारित अतिरिक्त कार्यक्रमहरु सञ्चालन गर्ने
११ सम्पूर्ण माध्यमिक विद्यालयमा इ-पुस्तकालय विज्ञान प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटर ल्याबको अनिवार्य व्यवस्था गर्ने ।
१२ विद्यालयहरुमा बालक्लव र वडा तथा पालिकास्तीय बालसञ्जालका माध्यमवाट बालबालिकाहरूको सर्वाङ्गिण विकासमा सहयोग पुर्‍याउने गरी अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने ।
१३ विद्यालय वाहिर रहेका बालबालिकाहरुका लागि बैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
१४ आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणालीको विकास गर्ने ।
१५ विद्यालय व्यवस्थापन समिति , प्रधानाध्यापक र लेखा सम्बन्धी काम गर्ने शिक्षक तथा कर्मचारिहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने
१६ कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनका लागि विद्यार्थीलाई आकर्षित गर्न आवश्यक पूर्वाधार तथा छात्रवृत्तिको व्यवस्था गर्ने ।
१७ हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गर्ने ।





### ३.३.४ प्रमुख उपलब्धि तथ नतिजा

**उपलब्धि**

१. निशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुने छ ।
२. माध्यमिक तहको कूल भर्नादर १०० तथा खुद भर्नादर ८० प्रतिशत पुगेको हुने छ ।
३. माध्यमिक तहको विद्यार्थी लैंगिक अनुपात समदरमा पुगेको हुने छ ।
३. कक्षा १२ को टिकाउदर १०० र सिकाइ उपलब्धि ६० पुगेको हुने छ ।
४. कक्षा ८ बाट उत्तीर्ण भै कक्षा ९ मा प्रवेश हुने दर १०० प्रतिशत पुगेको हुने छ ।
५. सबै विद्यालयमा सक्षम र नेतृत्वदायी प्र. अ. को व्यवस्थापन भएको हुने छ ।
६. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने छ ।
७. सबै विषयका दक्ष र योग्य शिक्षकको व्यवस्था भएको हुने छ ।
८. विद्यालयमा न्यूनतम सिकाइ वातावरण तयार भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १. | माध्यमिक तह (कक्षा ९-१०)मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ११०३ | १२१० | १२११ | १२१५ | १२५० |
| २. | माध्यमिक तह (कक्षा ११-१२)मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ९२५ | ९३० | ९५० | ९५५ | ९८० |
| ३. | न्यूनतम सिकाई सवलीकरण मापदण्ड पूरा गरेका माध्यमिक विद्यालय संख्या | १३ | १३ | १३ | १३ | १३ |
| ४. | विज्ञान विषय अध्ययनरत विद्यार्थी संख्या | ० | ० | ० | ० | ० |
| ५. | माध्यमिक तहका तालिम प्राप्त प्रधानाध्यापक संख्या | १३ | निरन्तरता दिने | निरन्तरता दिने | निरन्तरता दिने | निरन्तरता दिने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन। | पटक | ० | १ | १ | १ | १ | ४ | ५ | संघ, प्रदेश, स्थानीय |
| ३ | प्राविधिक धार सञ्चालन गर्न इच्छुक विद्यालयलाई प्रोत्साहन कार्यक्रम। | पटक | ० | १ | २ | १ | २ | ५ | १० | संघ, प्रदेश, स्थानीय |
| ४ | विद्यार्थीका लागि छात्रवृत्तिका कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५४ वटैमा | ५४ वटैमा | |

### ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

#### ३.५.१ वर्तमान अवस्था

सिकाइ र जीवन एक आपसमा सँगसँगै अगाडि बढीरहेका हुन्छन् । शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र धारणाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली नै अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा एवम आजीवन सिकाइले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरबृद्धि, शिक्षासँग सिप र आम्दानी जोडदै शिक्षित समाजको विकासका लागि अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइले महत्वपूर्ण योगदान गर्दछ।

सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ अवसर दिगो विकासको मूल मर्म रहेकोले विगतको साक्षरताका कार्यक्रमवाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर उपलब्ध गराउनुपर्नेछ । विशेष गरी विभिन्न कारणहरुबाट शिक्षाको औपचारिक संरचना भन्दा बाहिर ठूलो संख्यामा रहेका बालबालिका, युवा, महिला र प्रौढहरूका लागि कार्यमूलक साक्षरता, डिजिटल साक्षरता, आय आर्जन, समूह साझेदारी लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । सामुदायिक सिकाइ केन्द्रको स्तरोन्नति तथा सामुदायिक तथा संस्थागत विद्यालयहरुकै अगुवाईमा अबका कार्यक्रमहरू सञ्चालन हुनुपर्दछ । औपचारिक र अनौपचारिक शिक्षाको विचमा लचकदार र व्यक्तिको आवश्यकता र अनुकुलतामा आधारित कार्यक्रम बनाउदै लैजानुपर्ने आवश्यकता रहेको छ । औपचारीक शिक्षा प्राप्त गर्ने अवसर नहुनेलाई बैकल्पिक अनौपचारीक शिक्षाको माध्यमबाट साक्षर तुल्याइ माध्यमिक तहसम्म शिक्षा प्राप्त गर्ने अवस्थासम्म पुरयाउने उदेश्य बनाउन आवश्यक हुन्छ । नेपालको संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीति, २०७६ ले अवलम्बन गरेको सिद्धान्त, दिगो विकास लक्ष्य नं. ४, सोह्रौँ आवधिक योजना र सुदूरपश्चिम प्रदेशको पहिलो आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले





### ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

#### ३.४.१ वर्तमान अवस्था

कुनै पनि राष्ट्रको समृद्धि र विकासको मूल पूर्वाधार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम हो । मानव जीवनलाई सफल र सरल बनाउन प्राविधिक तथा व्यावसायिक शिक्षाको ठूलो महत्व रहेको छ । वर्तमान समयमा विभिन्न माध्यमिक विद्यालयहरुमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट अनुमति प्राप्त कक्षा ९ देखि १२ सम्मका विभिन्न ६ वटा धारहरुमा समेत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनमा रहेको छ । रोजगारी, सीप, जीवनपर्यन्त शिक्षा तथा जीवनोपयोगी सिपको रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई लिइन्छ । इन्जिनियरिङ, चिकित्सा, वन, कम्प्युटर, पशु, कला, सङ्गीत लगायतका थुप्रै विषयमा पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम समेत विकास गरी कार्यान्वयनमा रहेको पाइन्छ।

केदारस्यूँ गाउँपालिकामा हाल प्राविधिक धार तर्फ शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट शैक्षिक सत्र २०७२ बाट अनुमति प्राप्त गरी सो शैक्षिक वर्ष देखि नै श्री शिक्षोदय माध्यमिक विद्यालय केदारस्यूँ-४, बागथला बझाङमा कम्प्युटर ईन्जिनियरिङ विषयमा कक्षा ९ देखि कक्षा १२ सम्मको पठनपाठन सञ्चालन हुदै आएको छ । कम्प्युटर ईन्जिनियरिङ विषयमा प्रतिवर्ष प्रतिकक्षा ४८ जना विद्यार्थी भर्ना भएर अध्ययन गर्न पाउने व्यवस्था रहेकोमा हाल विद्यार्थी संख्या कोटा अनुसार पुगिरहेको छैन। शिक्षक र प्रशिक्षकको आपुर्ति तथा व्यवस्थापन सशर्त अनुदानबाट नै व्यहोरिएको छ।

केदारस्यूँ गाउँपालिका अन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) को आङ्गिक संस्थाको रुपमा श्री भैरव माध्यमिक विध्यालय केदारस्यूँ ९ झोता बझाङमा पशु विज्ञान विषय पढाई भै रहेको छ। प्राविधिक शिक्षा आजको आवश्यकता भएपनि आर्थिक अवस्था कमजोर भएको कारण धैरेजसो विद्यार्थीहरुले सो तहको अध्ययन गर्न पाएका छैनन । विद्यालय तथा शिक्षालयहरुमा प्राविधिक शिक्षाको लागि आवश्यक पर्ने पूर्वाधारहरुको पर्याप्तता हुन सकेको छैन। प्राविधिक शिक्षाका कक्षाहरु बढि प्रयोगात्मक बनाउनुपर्ने आवश्यकता समेत रहेको छ । यस स्थानीय तहले प्राविधिक शिक्षाको व्यवस्थापनका लागि ल्याव व्यवस्थापन, शैक्षिक सामग्री आपुर्ति र शिक्षक सहायता प्रदान गर्दै आईरहेको छ । माथि उल्लेखित वर्तमान अवस्थालाई विश्लेषण गर्दा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका केहि चुनौतिहरु यसप्रकार रहेका छनः

१. शिक्षा तथा मानव स्रोत विकास केन्द्रले अनुमति प्रदान गर्ने कम्प्युटर ईन्जिनियरिङ बाहेकको प्राविधिक शिक्षाको धारको अनुमति प्राप्त गरी सञ्चालन गर्नु।
२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको शिक्षालय र स्थानीय तह बीचमा समन्वय बढाउनु।
३. विद्यालय तथा शिक्षालयका प्राविधिक कक्षाहरुलाई बढि भन्दा बढी प्रयोगात्मक बनाउन आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारहरुको विकास गर्नु।

४. प्राविधिक तथा व्यावसायिक शिक्षा पढ्न इच्छुक सबै स्थानीय विद्यार्थीहरुलाई अध्ययनको अवसर प्रदान गर्नु।

### ३.४.२ उद्देश्य

१. सबै नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसर सुनिश्चित गर्ने।
२. पालिकामा आवश्यक पर्ने प्राविधिक दक्ष जनशक्ति उत्पादन गर्ने।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई गुणस्तरीय तथा प्रभावकारी बनाउने।
४. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि स्थानीयस्तरमा स्वरोजगारी तथा सोका लागि अवसर उपलब्ध गराउने।

### ३.४.३ रणनीति

प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ।

१. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये दश प्रतिशतलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रममा पहुँच सुनिश्चित गर्ने।
२. प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई पढ्दै कमाउदैको अवधारणा अनुरुप गाउँपालिका भित्रै स्वरोजगारीको अवसर प्रदान गर्ने।
३. विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ अवसर प्रदान गर्न छात्रवृति प्रदान गर्ने।
४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा लगानी गर्न शैक्षिक संघ संस्थाहरुलाई आकर्षित गर्ने।
५. समयसापेक्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको विस्तार गर्ने।
६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमकमा लागि आवश्यक पर्ने भौतिक संरचनाको विस्तार गर्ने
७. स्थानीय स्तरमा स्वरोजगारीका अवसरहरुको खोजी गर्ने।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये दश प्रतिशत विद्यार्थीले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरेका हुने छन्।
२. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्या बढेको हुने छ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गराउने प्रशिक्षकहरुको क्षमता अभिवृद्धि भएको हुने छ
४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमकमा लागि आवश्यक पर्ने भौतिक संरचनाको विस्तार भएको हुने छ।





५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा लगानी गर्न शैक्षिक संघ संस्थाहरुको संख्या वृद्धि भएको हुने छ।
६. प्राविधिक तथा व्यावसायिक शिक्षातर्फका विद्यार्थीहरुलाई छात्रवृतिको अवसर प्राप्त भएको हुने छ।
७. माग तथा आवश्यकतामा आधारित सीप विकासका तालिम कार्यक्रमहरू नियमित रूपमा सञ्चालन भएका हुने छन्।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | २ | आवश्यकता अनुसार विकास गर्ने | आवश्यकता अनुसार विकास गर्ने | आवश्यकता अनुसार विकास गर्ने | आवश्यकता अनुसार विकास गर्ने |
| २. | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | १०० | ११० | १२० | १२५ | १३० |
| ३. | न्यूनतम सिकाई सवलीकरण मापदण्ड पूरा गरेका प्राविधिक विद्यालयको संख्या | २ | आवश्यकता अनुसार विकास गर्ने | आवश्यकता अनुसार विकास गर्ने | आवश्यकता अनुसार विकास गर्ने | आवश्यकता अनुसार विकास गर्ने |
| ४. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम धारमा कार्यरत शिक्षक तथा प्रशिक्षकको संख्या | १३ | निरन्तरता दिने | निरन्तरता दिने | निरन्तरता दिने | निरन्तरता दिने |

### ३.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | विद्यार्थीको तथ्याङ्क संकलन तथा खण्डीकृत डाटावेस तयारी। | पटक | ० | १ | १ | १ | २ | ५ | १० | संघ र प्रदेश गर्ने |

समावेशी एवम समतामा आधारित स्व: सिकाइ केन्द्र (Self-Learning Zone) को रूपमा विकास गर्ने।

१२. जीवनपर्यन्त सिकाइलाई प्रभावपूर्ण बनाउन हरेक वडाहरु सम्मिलित गाउँपालिका स्तरीय योजना, अनुगमन र कार्यान्वयन संयन्त्र विकास गर्ने।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. अनौपचारिक शिक्षालाई साक्षरता र उत्पादनमूलक स्वरोजगारीको मूल आधारको रूपमा विकास गर्दै पूर्ण साक्षर सहितको समुन्नत पालिका निर्माण हुने छ।
२. पूर्ण साक्षर गाउँपालिका घोषणा हुने र नवसाक्षरहरूका लागि आवश्यकतामा आधारित निरन्तर शिक्षाका कार्यक्रमहरूको प्रबन्ध हुने छ।
३. आजीवन सिकाइका लागि परिभाषित ढाँचा र स्तरीकरणका आधारमा सिकाइ अवसरहरूको सिर्जना हुने छ।
४. स्वरोजगारमुलक व्यावसायहरु जस्तै: ब्युटीपार्लर, कार्पेन्टर, टेलरीङ, वेमौसमी तरकारी खेती, व्यावसायिक पशुपंक्षि पालन, अटोमोवाइल जस्ता व्यावसाय दक्ष सिपयुक्त जनशक्ति कार्यक्रम संचालनमा हुने छन्।
५. गाउँपालिकाको पहलमा सिकारुको आवश्यकता अनुसार आजीवन सिकाइका नमूना तथा सिकाइ सामग्रीहरू विकास र कार्यान्वयन हुने छन्।
६. गाउँपालिकामा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत संयन्त्र एवम सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने स्व:सिकाइ केन्द्र ( self-Learning centre) को रूपमा विकास हुने छ।
७. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने छ।
८. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान एवम प्रमाणीकरण गर्न नीति/नियमावली/कार्यविधि तयार गरी राष्ट्रिय योग्यता प्रारूप अनुरूप समकक्षता प्रदानका लागि समन्वय र सहजीकरण हुने छ।
९. संघ र प्रदेश सरकारसँगको समन्वयमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारीताको प्रारूप तयार हुने छ।
१०. निरक्षर साक्षर हुने र साक्षर बेरोजगार युवाहरु उत्पादनमुलक रोजगारीमा संलग्न भइ उत्पादनमा वृद्धि हुने छ।
११. सबै नागरिकका लागि साक्षरता निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन्।





योगदान गर्दछ । पालिकाको भूगोल, हालसम्म शिक्षाको कमजोर पहुँच र नागरिकको सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न अनौपचारिक एवं आजीवन र खुला शिक्षालाई थप व्यवस्थित गर्न आवश्यक देखिन्छ। यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर अभिवृद्धि र संस्थागत क्षमताको विकास गर्नुपर्दछ।

अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई आगामी १० वर्ष भित्र निरन्तर सिकाइमा संलग्न समाज एवं सिकाइ संस्कृतिको प्रवर्धन गर्ने तर्फ लैजानुपर्ने देखिन्छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङगता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा, सामुदायिक सिकाइ केन्द्र सम्वन्धि नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यसै सन्दर्भमा केदारस्यूँ गाउँपालिकाले समेत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी बहन गर्दै आएको छ। यस गाउँपालिका अन्तर्गत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा सम्बन्धी कार्य गर्न सामुदायिक सिकाइ केन्द्रहरु स्थापना भई क्रियाशील रहेका छन। सिकाइ केन्द्रहरूले सामुदायिक पुस्तकालय र वाचनालय तथा महिला समूह निर्माण गरी विभिन्न तालिमहरू एवम आय आर्जनका कार्यक्रमहरू समेत सञ्चालन गरिरहेका छन । यसले जीवनपर्यन्त सिकाइलाई समेत सहयोग पुगेको छ । यसका अतिरिक्त गाउँपालिकामा विभिन्न संघ, संस्था तथा सहकारी संस्था र बैंकहरूले पनि साक्षरता कक्षा, वित्तीय साक्षरता, व्यावसायिक साक्षरता, कानुनी साक्षरता लगायतका अनौपचारिक कक्षाहरू सञ्चालन गरिरहेका छन । नेपाल सरकारले आर्थिक वर्ष २०६९/०७० देखि सञ्चालन गरेको साक्षर नेपाल अभियान अन्तर्गत केदारस्यूँ गाउँपालिकामा रहेका विद्यालय तथा सामुदायिक सिकाइ केन्द्र समेत परिचालित भई १५ वर्षदेखि माथिका ९५ प्रतिशत नागरिकहरूलाई साक्षर गराएर केहि साक्षर गाउँपालिका घोषणा गरेको थियो । यस स्थानीय तह अन्तरगतका तीनवटा सामुदायिक सिकाइ केन्द्रहरुले अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि अथाह प्रयास गरिरहेका छन्।

**चुनौतिहरु (Challenges)**

१. केदारस्यूँ गाउँपालिकामा बसोबास गर्ने सबै नागरिकलाई कार्यमूलक रूपमा साक्षर बनाउनु,
२. साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोडनु,

३. अनौपचारिक माध्यमबाट साक्षरता सीप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु,
५. अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोडनु,
६. समाजमा पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउनु र औपचारिक शिक्षाबाट बञ्चितहरूका लागि भरपर्दो
र सुलभ औपचारिक, खुला तथा बैकल्पिक शिक्षामा पहुँच र निरन्तरता प्रदान गर्नु,
७. अनौपचारिक शिक्षाप्रतिको रुची र साक्षरोत्तर शिक्षाको विकासका लागि वातावरण तयार गर्नु
८. अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरूबीच समन्वय कायम गर्नु,
९. सबै वडाहरूमा सामुदायिक सिकाइ केन्द्रहरूका सेवाहरु विस्तार गर्न ,

**अवसरहरु (Opportunities)**

१. वर्तमान सन्दर्भमा साझेदार संघ संस्थाहरूको स्रोत सहितको प्रतिवद्धता,
२. नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका शिक्षासम्बन्धी प्रतिबद्धता,
३. सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपाल सुखी नेपाली बनाउने सरकारको दीर्घकालिन सोच,
४. साक्षरता अभियान, राष्ट्रिय शिक्षा नीतिमा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन,
५. सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन,
६. माध्यमिक शिक्षा सम्मको व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनुका साथै शिक्षामा तीनै तहका सरकारको साझा अधिकारको रुपमा रहनु ।

**३.५.२ उद्देश्यहरु**

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने ।
२. शिक्षाको अवसरबाट वञ्चित भएका वा बिचैमा पढाइ छाडेका नवसाक्षर र निरक्षर व्यक्तिहरूको पहिचान गरी साक्षरता अभियान, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा र वैकल्पिक शिक्षामार्फत औपचारिक शिक्षा सरहको शिक्षा प्रदान गर्ने ।
३. अनौपचारिक तथा खुला शिक्षाका लागि पाठयक्रम, पाठयपुस्तक तथा इ-पाठयपुस्तक , सिकाइ सामग्री निर्माण र वितरण तथा अनुगमन, निरीक्षण र कार्यान्वयन गर्ने ।
४. अनौपचारिक, खुला र वैकल्पिक माध्यमबाट प्राप्त ज्ञान सीपलाई दैनिक जीवन र आयआर्जनका पेसा व्यवसायसँग आवद्ध गरी सिकाइलाई जीवनपर्यन्त गर्ने ।





५. पठनसंस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउन सार्वजनिक पुस्तकालय, इ-पुस्तकालय, थप सामुदायिक सिकाइ केन्द्र र वाचनालयहरूको स्थापना, विकास र विस्तार गर्ने ।
६. सामुदायिक सिकाइ केन्द्रमार्फत सबै वडाहरुमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका सेवा विस्तार गर्ने ।
७. सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिप विकास तथा आयमूलक कार्यक्रम सञ्चालन गर्ने ।

**३.५.३ रणनीति**

१. केदारस्यूँ गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिकाको रूपमा कायम राख्न गाउँपालिकाको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गर्ने ।
२. साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, मोवाइल, अनलाइन जस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय, सहभागीमैत्री सामग्री तथा विधि समेतका आधारमा पहुँचको अभिबृद्धि गर्ने ।
३. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरि साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने ।
४. सामुदायिक सिकाइ केन्द्रलाई सुविधा सम्पन्न पुस्तकालय सामुदायिक सूचना केन्द्र एफएम सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देशीय संयन्त्रका रुपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोका रुपमा विकास गर्ने ।
५. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरू परिचालन गरी आवश्यक पर्ने स्थानमा सिपमुलक व्यावसायिक तालिमहरू र आयआर्जन कार्यक्रम सञ्चालन गर्ने ।
६. राष्ट्रिय योग्यता प्रारूप अनुसार अतिरिक्त, अनौपचारिक तथा औपचारिक शिक्षाबीच समकक्षताको लागि नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्डको विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
७. विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाइ र सिकाइ संस्कृतिको पालिका अवधारणापत्र तयार गर्ने ।
८. अनौपचारिक एवं आजीवन सिकाइका लागि नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारबीच स्रोत साझेदारी प्रारूप विकास गर्न समन्वय र सहजीकरण गर्ने ।
१०. सरोकारवालाहरूको क्षमता र अपनत्व विकासका लागि संघीय र प्रदेश सरकार र अन्य सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको मापदण्ड निर्धारण तथा संस्थागत सुदृढीकरण गर्ने
११. सामुदायिक सिकाइ केन्द्रहरुलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरी

### ४.१.२ उद्देश्य

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु।
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री अद्यावधिक तथा कार्यान्वयन गर्नु।
३. शिक्षण सिकाइमा रुपान्तरण गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीको विकास गर्नु।
४. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु।
५. सबै तह र कक्षाको परीक्षा प्रणालीमा विश्वसनियता र वैधता कायम गर्नु।

### ४.१.३ रणनीति

१. राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने।
२. पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालाहरुलाई प्रबोधीकरण गर्ने।
३. स्थानीय स्तरका आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रममा समसामयिक रुपमा सुधार गर्ने।
४. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धि गर्ने।
५. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने।
६. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने।
७. माध्यम भाषाका रुपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने।
८. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने।
९. विद्यालयमा आधारित विद्यार्थी सहयोग पद्धति विकास गर्ने।
१०. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने।
११. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुलाई प्राथमिकताका साथ समावेश गर्ने।
१२. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आवद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने।
१३. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा विकास गर्ने।
१४. स्थानीय आवश्यकतासँग सान्दर्भिक पाठ्यक्रम, सन्दर्भ सामग्री तथा शैक्षणिक सामग्रीहरुको निर्माण गर्ने।
१५. पाठ्यक्रमको प्रबोधीकरण, कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने।
१६. मूल्याङ्कनपछि विद्यार्थीलाई पृष्ठपोषण प्रदान गर्नु र सुधारका लागि मार्गदर्शन गर्नु।





**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष २०८१/०८२ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको संख्या | ३ | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| २. | सामुदायिक पुस्तकालयको संख्या | १ | आवश्यकता अनुसर विकास गर्ने | आवश्यकता अनुसर विकास गर्ने | आवश्यकता अनुसर विकास गर्ने | आवश्यकता अनुसर विकास गर्ने | आवश्यकता अनुसर विकास गर्ने |
| ३. | तालिम प्राप्त सहजकर्ता संख्या | ५६ | आवश्यकता अनुसर विकास गर्ने | आवश्यकता अनुसर विकास गर्ने | आवश्यकता अनुसर विकास गर्ने | आवश्यकता अनुसर विकास गर्ने | आवश्यकता अनुसर विकास गर्ने |

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | निरक्षरहरुको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश, स्थानीय तह |
| २ | सिकाइ केन्द्रका पदाधिकारीहरुलाई तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश, स्थानीय तह |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ४ | वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ५ | पढाइको वातावरण सिर्जना गर्ने वडाबाट सम्मान कार्यक्रम संचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |

# परिच्छेद ४
## अन्तरसम्बन्धित विषय तथा क्षेत्र

विभिन्न अन्तरसम्बन्धित विषय तथा क्षेत्र (Cross-cuttig Subjects and Areas) ले विद्यालय शिक्षको योजनामा अपेक्षित परिणाम हासिल गर्न सक्षम बनाउने कारकका रुपमा काम गरेका हुन्छन् । शिक्षा योजनामा शिक्षक व्यवस्थापन तथा पेसागत विकास समता तथा समावेशीकरण स्वास्थ्य पोषण तथा विद्यालय दिवा खाजा आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा शिक्षामा सूचना तथा सञ्चार प्रविधि विद्यालय भौतिक विकास जस्ता अन्तरसम्बन्धित विषय महत्वपूर्ण रहेका हुन्छन् ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन
### ४.१.१ वर्तमान अवस्था

शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार पाठ्यक्रम हो । शिक्षाको राष्ट्रिय, तहगत तथा कक्षागत उद्देश्यहरु परिपूर्ति गर्नका लागि सबैभन्दा महत्वपूर्ण साधन पाठ्यक्रम हो । पाठ्यक्रम अन्तरगत कुनै कक्षा वा तहमा कुन बिषयमा के पढाउने ? कुन कुन बिषयवस्तु पढाउने? के कस्ता विधि तथा क्रियाकलापहरुको माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने? के कसरी मूल्याङ्कन गर्ने? जस्ता महत्वपूर्ण पक्षहरु पर्दछन् । पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमका आधारमा तयार पारिने सामग्री पाठ्यसामग्री हो । नेपालमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप पहिलो पटक वि.सं. २०६३ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो । यसले मार्गनिर्देश गरे अनुसार विद्यालय शिक्षाको पाठ्यक्रम विकास र परिमार्जन गरिएको थियो । नेपालमा विद्यालय शिक्षामा पहुँच बढाउन तथा गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरूहुँदै आएको छ ।

समाजवाद उन्मुख राष्ट्र निर्माणका लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउदै सामाजिक न्यायमा आधारित सक्षम, नैतिक, राष्ट्रिय हितप्रति समर्पित र प्रतिस्पर्धि जनशक्ति तयार गर्ने र वि.सं. २०८९ सम्म मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्न आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य हासिल गर्न मेरुदण्डका रुपमा रहेको विद्यालय शिक्षामा राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ तथा राष्ट्रिय शिक्षा नीति २०७६ ले संघीय, प्रादेशिक तथा स्थानीय सरकारको जिम्मेवारी निर्दिष्ट गरे अनुसार स्थानीय सरकारले गाउँ शिक्षा योजनामा पाठ्यक्रम सम्बद्ध नीति तर्जुमा गर्न आवश्यक छ ।

हाल विद्यालय शिक्षाको नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक उपलब्धता र कार्यान्वयनको अवस्था समय सान्दर्भिक र समय सापेक्ष रहेको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनका लागि पालिका स्तरमा विभिन्न अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिएका छन् । यस पालिकाको स्थानीय पाठ्यक्रममा वातावरणीय दिगोपनाका लागि वृक्षारोपण, वातावरण संरक्षणको





रैथाने ज्ञान र सिपलाई समावेश गर्ने तथा हरित विद्यालय, एक विद्यालय एक करेसावारी ,एक विद्यालय एक बगैँचाको अवधारणा जस्ता विषयलाई समावेश गरेको छ । विद्यालयलाई सिकाइ सामग्री प्रदान गरि शैक्षिक अवस्था सुधार गर्ने प्रयास गरिएको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार सबै तहको शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित शिक्षा (STEM- EDUCATION) लाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाएको छ । नेपाल भौगोलिक, सामाजिक र सांस्कृतिक विविधतायुक्त देश हो । ठूलो सम्भावना बोकेको धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र संवर्धन भइ नसक्नु शैक्षिक गुणस्तर अपेक्षित रुपमा बढ्न नसकेका, समग्र शिक्षा पद्धतिबाट उत्पादित जनशक्तिले रोजगार बजारमा स्थान ग्रहण गर्न नसक्नु र स्वरोजगारको अवस्था समेत सिर्जना हुन् नसक्नु, उत्पादित जनशक्तिमा नैतिक मूल्य मान्यता र आचरण अपेक्षाकृत रुपमा वृद्धि हुन नसक्नु जस्ता मुख्य समस्याहरुलाई स्थानीय पाठ्यक्रम नीतिले सम्बोधन गर्नुपर्ने प्रमुख चुनौतिको रुपमा रहेको छ । यी बाहेक गाउँपालिकामा रहेका पाठ्यक्रम निर्माण, कार्यान्वयन तथा मूल्याङ्कन सम्बन्धी समस्या र चुनौती यस प्रकार छनः-

**प्रमुख समस्या तथा चुनौतिहरु**

१. पाठ्यक्रमले तोकेका व्यवहारिक तथा जीवनोपयोगी सीप विकास गर्नु ।
२. पाठ्यक्रमले तोके अनुसारका शैक्षणिक योजना निर्माण गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु/गराउनु ।
३. पाठ्यक्रम विकास एवम् कार्यान्वयनका लागि संस्थागत संयन्त्रको विकास गर्नु ।
४. वर्तमान सूचना तथा प्रविधिको भरपुर प्रयेग गर्न सक्ने गरी उपलब्ध जनशक्तिको क्षमता विकास गर्नु
५. स्थानीय तहको सक्रियतामा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा उत्पादन गर्नु ।
६. शिक्षणलाई सिकाइमा रुपान्तरण गर्न, शिक्षक र विद्यार्थीको सहकार्यबाट सिक्न र ज्ञान आर्जन गर्न मार्गनिर्देशित गर्ने पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास गर्नु ।
७. स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु ।
८. विद्यार्थी मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन पद्धति अनुरुप विकसित गर्ने, मूल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गर्न नसक्नु ।
९. पाठ्यपुस्तकको सीमित घेरा भन्दा बाहिर पनि शिक्षण सिकाइ क्रियाकलापलाई आबद्ध गराउनु ।
१०.स्थानीय स्रोत, साधन, स्थापित मूल्य मान्यता तथा मौलिक परम्परामा आधारित पाठ्यसामग्री निर्माण गर्नु ।
११.पाठ्यक्रम प्रबोधीकरण समयमा नहुनु ।

### शिक्षक पेसागत सहयोग पद्धति

नेपालमा रा.शि.प.यो. २०२८ ले विद्यालय सुपरिवेक्षणका लागि प्रा.वि.नि. र मा.वि.नि. को व्यवस्था गरेको थियो । ग्रामीण विकासका लागि सेती परियोजना (२०३८-२०४८), प्राथमिक शिक्षा परियोजना (२०४२-२०४७), आधारभूत प्राथमिक शिक्षा परियोजना प्रथम (२०४९-२०५४) र दोस्रो (२०५६-२०६१), विज्ञान शिक्षा विकास परियोजना (२०४४-२०५१), प्राथमिक शिक्षा विकास परियोजना (१९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (१९९३-२०००), शिक्षक शिक्षा परियोजना (२००२-२००९), विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६७/०६८- २०७२/०७३) हुँदै हाल विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७८/०७८) ले शिक्षकको पेसागत विकासलाई महत्व दिई देशभरिका १०५३ स्रोतकेन्द्रका स्रोतव्यक्ति मार्फत प्र.अ. लाई व्यवस्थापन सम्बन्धी तालिम, शिक्षकहरुका लागि विषयगत र विभिन्न किसिमका तालिम तथा क्षमता विकास कार्यक्रम संचालन भएको देखिन्छ । संघीय सरकारको स्थापना भएपछी यो व्यवस्था हटेको छ । प्रदेश स्तरमा एउटा मात्र रहेको तालिम केन्द्रले तालिम दिने कार्य परिणामात्मक रुपमा प्रभावकारी हुन सकेको छैन । स्थानीय स्तरमा शिक्षकलाई पेसागत सहयोग गर्न तालिम शाखाको स्थापना र आवश्यक पर्ने सबै किसिमका स्रोतको व्यवस्थापन गर्न आवश्यक छ ।

### शिक्षक उत्तरदायित्व

गुणस्तरीय शिक्षा र शिक्षकको उत्तरदायित्व परस्पर सम्बन्धित छन । बालबालिकाको सिकाइ प्रति उत्तरदायित्व लिने शिक्षकले दिने शिक्षा गुणस्तरीय हुन्छ । विद्यार्थीले हासिल गर्ने सिकाइ उपलब्धिका लागि शिक्षक अभिभावक र प्र.अ. प्रति उत्तरदायी हुनु पर्छ । शिक्षक सेवा आयोग नियमावलीले कार्य सम्पादन मूल्यांकन द्वारा स्थायी शिक्षकलाई प्र.अ. प्रति उत्तरदायी बनाउन खोजेको छ तर त्यो अपर्याप्त र प्रभावहीन छ । पन्ध्रौ योजनाले कक्षाकोठाको सिकाइ क्रियाकलापमा शिक्षकले बिताउने समयलाई जोड दिएको छ । विद्यार्थीद्वारा शिक्षकको निगरानी गरेको रुपमा यसलाई हेरि दिनाले यो कार्यक्रम प्रभावहीन भएको छ । शिक्षकको पद कुनै कारणले रिक्त भएमा र पद पूर्ति गर्न ढिलाई हुँदा विद्यार्थीहरुको सिकाइ क्रियाकलाप अवरुद्ध हुन्छ । स्थायी शिक्षक सेवा निवृत्त भै दरबन्दी रिक्त भएको अवस्थामा अर्को स्थायी शिक्षक नआउँदासम्म कक्षाकोठाको सिकाइमा संलग्न भएको सुनिश्चित गरी पारिश्रमिक तोकी शिक्षकलाई निरन्तरता दिने कानुनी व्यवस्था गर्नु पर्छ । अन्य कुनै कारणले शिक्षक पद रिक्त भएमा अर्को व्यवस्था नहुँदासम्म सक्षम सेवा निवृत्त शिक्षकलाई काममा लगाउने र पारिश्रमिक दिने व्यवस्था गर्नु पर्छ । यसबाट तत्कालै शिक्षकको आपूर्ति हुनाले विद्यार्थीको सिकाइ अवरुद्ध हुने छैन ।





### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रममा आवश्यक संशोधन भएको हुने छ ।
२. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी प्रबोधिकरण भएको हुने छ ।
३. स्थानीय पाठ्यक्रमको नतिजामूलक कार्यान्वयनको लागि पाठ्यसामग्री निर्माण भई कार्यान्वयन भएको हुने छ ।
४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्धारा सिकारुमा ज्ञान, सीप र व्यहारमा सकारात्मक परिवर्तन भएको हुने छ ।
५. निरन्तर, आवधिक तथा सतरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।
६. आधारभूत तहसम्म आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण भएको हुने छ ।
७. विद्यालय तहको सार्वजनिक परीक्षाले विद्यार्थीको क्षमताको उपयुक्त व्याख्या गरेको हुने छ ।
८. सिकाइ क्रियाकलाप बालमैत्री, सिकाइमैत्री र प्रभावकारी भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १. | स्थानीय पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | ५४ | ५२ | ५२ | ५२ | ५२ |
| २. | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | ५४ | ५२ | ५२ | ५२ | ५२ |
| ३. | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | ५४ | ५२ | ५२ | ५२ | ५२ |
| ४. | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय संख्या | ५४ | ५२ | ५२ | ५२ | ५२ |
| ५. | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ५४ | ५२ | ५२ | ५२ | ५२ |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | स्थानीय पाठ्यक्रम संशोधन, स्थानीय तथा अन्य पाठ्यसामग्री निर्माण र छपाइ | पटक | १५ | १५ | १० | १० | २ | ५२ | ५२ | |
| २ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५२ | ५२ | |
| ३ | पाठ्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५२ | ५२ | |
| ४ | प्रधानाध्यापकसँग नतिजामा आधारित कार्यसम्पादन करार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विद्यार्थी मूल्याङ्कन (आन्तरिक, प्रयोगात्मक र बाह्य) | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५२ विद्यालय | ५२ विद्यालय | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

शिक्षकको योग्यता, क्षमता, दक्षताको विद्यार्थी सिकाइमा प्रत्यक्ष प्रभाव पर्छ। नेपालमा विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरुले शिक्षकको पेशागत क्षमता विकासलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्दै आएका हुन्। पेसागत रुपमा दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको सिकाइमा सुधार आउन सक्छ। यसका निम्ति शिक्षकहरुलाई पेसागत विकासका अवसरहरु उपलब्ध हुनु आवश्यक छ। शिक्षकको पेसागत विकासका विभिन्न तौर तरिकाहरु छन्। शिक्षक तालिम कार्यशाला, सेमिनार, कन्फरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरुको सिकाइ सञ्जाल, अवलोकन, भ्रमण आदिबाट शिक्षकमा पेसागत विकास सम्भव छ। सरकारले विभिन्न कार्यक्रम मार्फत् शिक्षकहरुका लागि विभिन्न खालका तालिमहरु सञ्चालन गरि शिक्षकहरुको क्षमता विकासमा सहयोग गर्दै आएको छ।

शिक्षक तयारीका लागि माध्यमिक विद्यालयहरुले प्रविणता प्रमाण पत्र तह, विश्व विद्यालय तहले स्नातक तह र स्नाकोत्तर तह सञ्चालन गर्दै आएका छन्। शिक्षकको पेशागत क्षमताको





विकासका लागि दश महिने शिक्षक तालिम ,TPD तालिम, पुनर्ताजगी तालिम, शैक्षिक व्यवस्थापन तालिम जस्ता थुप्रै तालिमहरु आमने-सामने तथा सूचना प्रविधिको माध्यमवाट सञ्चालन हुँदै आएका छन्। शिक्षक सेवा आयोगले शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन, रिक्त दरबन्दीमा शिक्षक आपूर्तिका लागि परीक्षा सञ्चालन र स्थायी शिक्षकको बढुवाको लागि कार्य गरिरहेको छ।

अत: शिक्षक नियुक्तिको लागि छनौट, नियुक्ति, योग्य शिक्षकलाई शिक्षण पेशामा टिकाउने, विद्यार्थी अनुपातमा शिक्षक वितरण गर्ने तथा दरवन्दी मिलाउने कार्य स्थानीय सरकारले गर्दै आएको छ। यस पालिकामा प्राथमिक तहमा शिक्षक दरवन्दी संख्या विद्यार्थी अनुपातमा उपयुक्त छ तर निम्न माध्यमिक तह र माध्यमिक तहमा शिक्षक दरवन्दी न्यून छ। यसका साथै शिक्षण पेसामा आकर्षण बढाउन देहायका बुँदाहरु अबलम्बन गर्नु पर्ने देखिएको छ :

१. विद्यालयमा करार शिक्षक छनौट परीक्षालाई विश्वसनिय र वैध बनाउने,
२. आयोगबाट सिफारिस भएका शिक्षकहरूलाई पदस्थापना गरी क्षमता विकास गराउने,
३. शिक्षकको पेसागत विकास तथा प्राविधिक सहायता प्रदान गर्ने,
४. तालिमका विविध पक्षहरूलाई सुदृढीकरण गर्ने र तालिमपछि परीक्षासमेत सञ्चालन गर्ने,
५. शिक्षक वितरण तथा दरवन्दी मिलानको कार्यलाई नियमित गर्ने,
६. विद्यालयमा न्यूनतम संख्यामा विषयगत शिक्षक पूर्ति भएको सुनिश्चितता गर्ने,
७. प्रधानाध्यापकको नेतृत्व क्षमता विकास गर्ने।

विद्यमान शिक्षा ऐन तथा नियमावलीहरुले शिक्षकहरुलाई शिक्षण पेशामा आकर्षित गराउन विभिन्न व्यवस्था गरेको पाइन्छ। शिक्षा नियमावली २०५९ ले पेसागत सुरक्षाका लागि तलब ,भत्ता , उपदान ,निवृत्तिभरण ,औषधोपचार खर्च,संचित बिरामी विदा, कार्यरत शिक्षक मृत्यु भएमा सन्ततिलाई छात्रवृत्ति आदि व्यवस्था गरेको हुनाले युवाहरुको शिक्षण पेसाप्रति आकर्षण बढेको भएपनि शिक्षण पेसामा प्रतिभावान ,दक्ष र सक्षम व्यक्तिलाई प्रवेश सहज बनाउन आवश्यक छ। प्रदेश स्तरमा शिक्षक सेवा आयोग स्थापना गर्नुपर्ने, राहत तथा स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नु पर्दा प्रदेश स्तरको शिक्षक सेवा आयोगले छनौट परीक्षा लिने र सफल उमेदवारलाई गरेको सिफारिसको आधारमा नियुक्ति दिने व्यवस्था गर्न आवश्यक छ। हाल स्थानीय तहले भर्ना गरेका शिक्षकले पाउने तलब न्यून छ। यसले पेसागत सन्तुष्टिमा प्रभाव पारेको छ। संघीय सरकारबाट दरबन्दीको व्यवस्था भइ स्थायी शिक्षक नियुक्ति भइ नआउँदा सम्म स्थानीय स्तरमा स्थानीय स्रोत शिक्षकको दरबन्दी कायम गरी प्रदेश तथा संघ स्तरको शिक्षक सेवा आयोगले लिएको छनौट परीक्षाको करार सुचिमा भएका उमेदवारलाई नियुक्ति दिने र यस्तो उमेदवार उपलब्ध नभएमा प्रदेश स्तरको शिक्षक सेवा आयोगले छनौट परीक्षा संचालन गर्ने व्यवस्था गर्नु पर्छ। सफल हुने शिक्षकलाई नेपाल सरकारले तोकेको तलब भत्ता पाउने गरी नियुक्ति गर्नु आवश्यक छ।

७. शिक्षक सरुवा र वृत्ति विकासका लागि पारदर्शी, अनुमानयोग्य र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित भएको हुने छ

८. पारदर्शी, वस्तुनिष्ठ र न्यायोचित आधारमा शिक्षकको प्रोत्साहन र पुरष्कार पद्धति स्थापित भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको संख्या | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| २. | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक % | ५३ | आवश्यकता अनुसार बृद्धि गर्ने । | आवश्यकता अनुसार बृद्धि गर्ने। | आवश्यकता अनुसार बृद्धि गर्ने। | आवश्यकता अनुसार बृद्धि गर्ने। |
| ३. | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक % | ८२ | आवश्यकता अनुसार बृद्धि गर्ने । | आवश्यकता अनुसार बृद्धि गर्ने। | आवश्यकता अनुसार बृद्धि गर्ने। | आवश्यकता अनुसार बृद्धि गर्ने। |
| ४. | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक % | ३०% | ४०% | ५०% | ८०% | ९०% |
| ५. | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ५४ | ५२ | निरन्तर | निरन्तर | निरन्तर |
| ६. | दरबन्दी मिलान भएका विद्यालयको संख्या | २ | आवश्यकता अनुसर मिलान गर्दै जाने | आवश्यकता अनुसर मिलान गर्दै जाने | आवश्यकता अनुसर मिलान गर्दै जाने | आवश्यकता अनुसर मिलान गर्दै जाने |





**शिक्षक आपूर्ति र वितरण**

शिक्षा नियमावली २०५९ को नियम ९२ अनुसार विद्यालयमा रहने शिक्षक दरबन्दीको व्यवस्था अनुसूची १२ मा गरिएको छ। पूर्व प्राथमिकमा १ ,प्राथमिक तहमा ५० जना भन्दा कम विद्यार्थी भए २, ५० भन्दा बढी भए कम्तिमा ३, कक्षा ६-८ का लागि कम्तिमा ४, कक्षा ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था गरेको छ। शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रका लागि १:४०,पहाडी क्षेत्रका लागि १:४५ तथा तराइ क्षेत्रका लागि १:५० तोकेको छ। हाल शिक्षक व्यवस्थापन गर्दा नियमित अनुदान प्राप्त शिक्षक संख्या र अनुपातले तोके अनुसारको विद्यार्थी संख्या भन्दा जति बढी हुन्छन त्यतिको अनुपातमा चाहिने शिक्षकको तलब स्थानीय सरकार मार्फत विद्यालयले अनुदान पाउने व्यवस्था गरेको छ। यसरी पाउने अनुदानमा नियुक्ति हुनका लागि स्थानीय स्रोतमा कार्यरत शिक्षकहरुमा प्रतिस्पर्धा बढेको देखिन्छ। शिक्षक नियुक्ति गर्दा विद्यालयको विषयगत आवश्यकताका आधारमा गर्नु पर्दछ।

**अवसर तथा चुनौतिहरु**

१. विद्यार्थी संख्याका आधारमा प्रत्येक वर्ष शिक्षक दरवन्दी मिलान गर्नु।
२. सिपहरुको कक्षाकोठामा व्यावहारिक प्रयोग गर्ने उचित वातावरण नबन्नु।
३. नपुग शिक्षकको व्यवस्थापन गर्ने,शिक्षकलाई जिम्मेवार, उत्तरदायी, प्रविधिमैत्री एवम् अध्ययनशील बनाउने।
४. योग्य शिक्षक छनोट र नियुक्ति गर्नु,सरुवालाई स्वचालित र पारदर्शी बनाइ शिक्षण सिकाइमा केन्द्रित गर्नु।
५. शिक्षकहरूका लागि प्रोत्साहन तथा प्रभावकारी दण्ड र पुरस्कारको व्यवस्था गर्नु।
६. शिक्षक तालिमको कक्षाकोठामा उपयोग र विद्यार्थीको सिकाइ बृद्धि गर्नु।
७. शिक्षकको आवश्यकता केन्द्रित क्षमता विकासका अवसर सिर्जना गर्नु।
८. शिक्षकको शिक्षण सिकाइ तथा तालिम सम्बद्ध समग्र गतिविधिमा नविनता ल्याउनु।
९. पाठ्यक्रममा आधारित सिकाइ गर्नका लागि शिक्षकको सक्षमता विकास गर्नु।
१०. शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापना गर्नु।
११. विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादनसँग आबद्द गर्नु।
१२. स्रोत विकास केन्द्र मातहत ल्याइ शिक्षक तालिमका लागि केन्द्रीय स्तरमा नीति योजना तथा कार्यक्रम निर्माण गर्नु।
१३. शिक्षण पेशालाई रोजाइको पेशाको रुपमा विकास गर्नु।
१४. शिक्षकको पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।

१५. शिक्षक तथा कर्मचारीहरु लाई आफ्नो पेशाप्रति जवाफदेही तथा उत्तरदायी बनाउनु ।
१६. शिक्षकको पेशागत विकासको अवसर, विस्तार र प्रभावकारिता सुधार गर्ने गरी संस्थागत प्रवन्ध गर्नु।
१७. विद्यार्थी सिकाइ उपलब्धीलाई शिक्षकको कार्यसम्पादन मूल्यांकनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारी रुपमा विकास गरि उत्कृष्ट लाई पुरस्कृत गर्नु।
१८. सामुदायिक विद्यालयका प्रधानाध्यापक नियुक्ति प्रक्रिया प्रभावकारी कार्यन्वयन गर्नु।
१९. शिक्षकले तालिममा सिकेका कुराहरुलाई प्रभावकारी रुपमा कक्षा कोठामा कार्यान्वयन गर्नु।
२०. शिक्षकको पेशागत विकासलाई विद्यार्थीको सिकाइ उपलाब्धीसंग जोड्नु।
२१. शिक्षक दरबन्दी मिलान कार्यलाईहरेक वर्ष स्वचालित रुपमा कार्यान्वयनमा ल्याउनु

### ४.२.२ उद्देश्य

१. तहगत, कक्षागत तथा विषयगत रुपमा शिक्षकको व्यवस्थापन गर्नु।
२. शिक्षकको पेसागत विकास तथा पेसागत सहायता प्रणाली स्थापना गर्नु।
३. विद्यालय सुपरीवेक्षण प्रणालीलाई नियमित गर्नु।
४. योग्य र सक्षम शिक्षक उपलब्ध गराउन शिक्षक दरबन्दी मिलानलाई अध्यावधिक गर्नु।
५. सबै तहका शिक्षकहरुको क्षमता अभिवृद्धि गर्नु।
६. पालिका स्तरबाट हुने शिक्षक नियुक्तिलाई थप प्रभावकारी तथा सुदृढ बनाउनु।

### ४.२.३ रणनीति

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने।
२. रिक्त दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकको व्यवस्थापन गर्ने।
३. स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नु पर्दा शिक्षक सेवा आयोगको प्रतिक्षा सूचीमा रहेका उमेद्वारहरुलाई पहिलो प्राथमिकता दिने र सो उपलब्ध हुन नसकेमा स्थानीय स्तरको शिक्षक छनोट समितिद्वारा शिक्षक सेवा आयोगले निर्धारण गरेको मापदण्ड अनुसार शिक्षक छनोट परीक्षा सञ्चालन गर्ने।
४. स्थानीय तहमा प्रधानाध्यापक तथा विषयगत शिक्षक सञ्जाल तयार पार्ने।
५. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ र प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास लगायतका विषयमा सेवाकालीन तालिम सञ्चालन गर्ने।





६. विषयगत दक्षता र तालिम प्रशिक्षण अनुभव भएका सेवा निवृत शिक्षकहरुको सञ्जालद्वारा कार्यरत शिक्षकहरुको पेशागत विकास गर्ने।
७. शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृति विकासलाई विद्यार्थीको सिकाइसँग आवद्ध गर्ने।
८. शिक्षक नियुक्ति, सरुवा, तालिम तथा पेशागत विकासमा सहभागिता गराउँदा एवम् शिक्षकले १५ दिन भन्दा लामो विदामा बस्दा विद्यार्थीको सिकाइमा अवरोध नहुने पद्धतिको विकास गर्ने।
९. शिक्षित बेरोजगार युवाहरुलाइ विद्यालयको आवश्यकता अनुसार छोटो अवधिका लागि स्वयंसेवक शिक्षकका रुपमा परिचालन गर्ने।
१०. स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकता अनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मनिटरिङको पद्धति विकास गर्ने।
११. विद्यालयहरुमा रिक्त हुने शिक्षक दरबन्दीलाई चाँडै पदपूर्ति गर्ने व्यवस्था मिलाइने।
१२. विज्ञान, गणित तथा अंग्रेजी जस्ता शिक्षक अभाव भएका विषयका शिक्षक आपूर्तिका लागि शिक्षक तयारीका कार्यक्रम तथा उच्च शिक्षामा विद्यार्थी छात्रवृत्ति कार्यक्रम सञ्चालनमा ल्याउने।
१३. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टरिङ पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याउने।
१४. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. योग्य, सक्षम र प्रतिस्पर्धी शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइमा सुधार भएको हुने छ।
२. दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुने छ।
३. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुने छ।
४. शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने गरी संरचना निर्माण भएको हुने छ।
५. पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त भएको हुने छ।
६. शिक्षकको उपस्थिति, शिक्षण विधि तथा शैली र कार्यसम्पादनमा सुधार भएको हुने छ।

७. आधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरि सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने।

८. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत् यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने ।

९. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गरि विविधता कायम तथा विद्यालयमा कुनै प्रकारका विभेद दुर्व्यवहार बहिष्करण र हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलबधिमा सुधार आएको हुने छ।

२. विद्यालयमा सिकाइका लागि अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री भौतिक तथा शैक्षिक संरचनाहरु स्थापना भएका हुने छन्।

३. विद्यालयमा हुने सबै प्रकारका विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाई अन्त्य भई सिकाइका लागि बालमैत्री वातावरण सिर्जना भएको हुने छ।

४. बृहत् यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइ जीवनोपयोगी सिपसँग आबद्ध भएको हुने छ।

५. आधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरि सिकाइको अवसर प्रदान भएको हुने छ।

६. बालबालिकाहरुलाई किशोरीलक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा हासिल भएको हुने छ।

७. आर्थिक रुपले विपन्न, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाले छात्रवृत्ति पाएका हुने छन्।

८. बालमैत्री विद्यालय प्रारुप तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार तयार भएका हुने छन्।

९. विद्यार्थीहरुको अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गरी सिकाइमा समता तथा समावेशीकरण कार्यान्वयनमा आएको हुने छ।





### ४.२.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १. | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | मिनेट | ५० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५० विद्यालय | ५० विद्यालय |
| २ | नयाँ नियुक्ति पाएका शिक्षकहरूलाई सेवा प्रवेश तालिम सञ्चालन गर्ने | पटक | आवश्यकताको अधारमा | आवश्यकताको अधारमा | आवश्यकताको अधारमा | आवश्यकताको अधारमा | आवश्यकताको अधारमा | आवश्यकताको अधारमा | आवश्यकताको अधारमा |
| ३ | प्रधानाध्यापकबाट नियमित रुपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मुल्याङकन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | विषयगत शिक्षक समूह निर्माण गरी सम्बन्धित विषयमा पेशागत दक्षता अभिवृद्धि | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५४ विद्यालयमा | ५४ विद्यालयमा |
| ५ | शिक्षण सिकाइ क्रियाकलापहरुको सुधारका लागि कार्यमूलक अनुसन्धान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | शिक्षकको | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रत्येक महिनामा कक्षा अवलोकन र पृष्ठपोषण आदानप्रदान | | | | | | | | |
| ७ | एउटाविद्यालय मा बढीमा पाच वर्ष भन्दा बढी अवधी काम गर्न नपाउने गरी शिक्षकको सरुवालाई पारदर्शी र अनुमानयोग्य | नियमित | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

केदारस्यूँ गाउँपालिकामा सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातीयरुपमा विविधतायुक्त समुदायहरुको बसोवास छ। भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ। त्यसैगरी बिभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरु तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुमा शिक्षाको पहुच पुर्याइ सहभागीतामा थप प्रयास आवश्यक छ। उल्लेखित विविधता भएको केदारस्यूँको समाजमा विविधतालाई पहिचान दिनु, सम्मान गर्नु, र भिन्नताको सम्मान गरी विविधतालाई प्रोत्साहित गर्नु आवश्यक छ। बालबालिकामा भएका भिन्नताले पँहुच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था स्थापित गरी समता (Equity) कायम गर्नु आवश्यक छ। समता अभिबृद्धि सहित विविधतालाई समावेश (Inclusion) गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ। यसप्रकार शिक्षामा विविधता (Diversity), समता (Equity) र समावेशिता (Inclusivity) को प्रवर्धन गर्नु आवश्यक छ।

विभिन्न वर्ग, क्षेत्र, समुदाय, लिङ्ग लगायत विभिन्न समुदायका व्यक्तिहरुवीचको शैक्षिक असमानतालाई न्यूनिकरण गर्दै शिक्षामा समानता कायम गर्न अपनाईएको उपागम नै शैक्षिक समता हो। यो एक साधन हो। यसले विद्यालयमा अध्ययनरत सबै प्रकारका बालबालिकाहरुको जातजातीगत, लैङ्गिक तथा भाषिक विवरण उल्लेख गर्दछ। शिक्षामा समता तथा समावेशीकरण कायम गर्न यस पालिकाले अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचानका लागि अनुकुल पहुँच सुनिश्चित गर्न उपकरणको व्यवस्था र वैयक्तिक सहयोग प्रणाली लागु गरि यस्ता प्रकारका विद्यार्थीहरुको विवरण





शैक्षिक तथ्याङ्क प्रणालीमा उल्लेख गरिएको छ। पालिकाभरका प्रारम्भिक बाल कक्षा देखि कक्षा ३ सम्म अध्ययनरत विद्यार्थीहरुको स्वास्थ्य अवस्थाको प्रारम्भिक जाँच गरि प्राप्त नतिजाका आधारमा सहयता प्रदान गर्ने सामग्रीहरु वितरण काम गरेका छौ। आर्थिक रुपले विपन्न कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययन गर्ने बालबालिकाहरुलाई विपन्न लक्षित छात्रवृत्ति वितरण गरिएको छ।

पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ वातावरण तथा सिकाइ क्रियाकलापमा शैक्षिक समता तथा समावेशीकरण अबलम्बन गरिएको छ। विभिन्न कठिन परिस्थितिमा रहेका बालबालिकाका लागि वैकल्पिक विधिद्वारा सिकाइ प्रदान गरिएको छ। पालिकाले सबै बालबालिकाहरुलाई खेलकुद र अतिरिक्त क्रियाकलापहरुमा सहभागि गराई विद्यार्थीका सम्भावनाहरुको खोजी गर्ने कार्य गर्दै आएको छ। विद्यार्थीहरु शैक्षिक भ्रमणमा सहभागि भई विभिन्न अनुभवहरु हासिल गर्ने प्रणालीको स्थापना गरिएको छ। विद्यार्थी मूल्याङ्कन प्रणालीमा थप समय आवश्यक पर्ने विद्यार्थीहरुलाई थप समय उपलब्ध गराई शिक्षामा समता तथा समावेशीता कायम गर्ने प्रयत्न गरिएको छ। शिक्षक नियुक्ति र व्यवस्थापनमा अपाङ्गता भएका र महिलालाई पहिलो प्राथमिकतामा राखि व्यवस्थापन गरिएको छ।

### ४.३.२ उद्देश्य

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु।
२. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु।
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु।

### ४.३.३ रणनीति

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पुरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने।
२. बालमैत्री विद्यालय प्रारुप तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने।
३. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरुप पहिचान गरि विशेष शिक्षा प्रदान गर्ने।
४. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रुपले विपन्न, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागि हुने व्यवस्था गर्ने।
५. कार्यविधि तयार गरी आवश्यकताअनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने।
६. किशोरीलक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने।

४. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने।

५.विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने।

६.विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइनका साथै विद्यालयमा सेनीटरी प्याड डिस्पोजेयवल इन्सीनेटरको व्यवस्था गर्ने।

७.विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने।

८.दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन,संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाउने।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार र मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ।

२. दिवा खाजालगायत स्वास्थ्य तथा पोषण तीनै तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियामक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुने छ।

३. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुने छ।

४. सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै कक्षाका विद्यार्थीहरूले अभिभावकको सहभागिता तथा लगानीमा दिवा खाजा वा खाना प्राप्त हुने छ।

५. विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम,





**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १. | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या | ० | ० | ० | ०० | ० |
| २. | आधारभूत तहमा लैङ्गिक समता सूचक | छात्रा ५१.५% छात्र ४८.४१% | छात्रा ५१.५% छात्र ४८.४१% | छात्रा ५१.५% छात्र ४८.४१% | छात्रा ५१.५% छात्र ४८.४% | छात्रा ५१.५% छात्र ४८.४१% |
| ३. | माध्यमिक तहमा लैङ्गिक समता सूचक | छात्रा ४९.७% छात्र ५०.२% | छात्रा ४९.७% छात्र ५०.२% | छात्रा ४९.७% छात्र ५०.२% | छात्रा ४९.७% छात्र ५०.२% | छात्रा ४९.७% छात्र ५०.२% |
| ४. | छात्रवृत्ति प्राप्त गरेका बालबालिकाको संख्या | २२४ | २४० | २५० | २५५ | २६० |
| ५. | महिनावारी स्वच्छतासम्बन्धी शिक्षा हासिल गरेका विद्यार्थी संख्या | ४१ | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |

### ४.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य(१०बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | वैकल्पिक शैक्षिक कार्यक्रम कार्यान्वयन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | संघ,प्रदेश, स्थानीय तह |
| २ | बालबालिकाका लागि सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास। | पटक | १५ | १५ | २० | २ | ० | ५२ | ५२ | स्थानीय तह |
| ३ | शिक्षामा समता र समावेशीकरण क्षेत्रमा काम गर्ने सरकारी तथा गै स स सँग कार्यगत समन्वय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | स्थानीय तह |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारीसम्बन्धी सरसफाइ तथा स्वच्छता (Menstrual Hygiene) सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र अनुपस्थित हुने तथा बिचैमा विद्यालय छाडने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ । नेपालमा सन १९७४ देखि छानिएका जिल्लाका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वर्ष २०७७/२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीलाई प्रति विद्यार्थी रु १५ वरावरको खाजा खुवाउन थालिएको छ । सो कार्यक्रमलाई शैक्षिक सत्र २०७९ देखि कक्षा ६ र क्रमशः कक्षा ७ र ८ मा निरन्तरता दिदै लैजाने सरकारको नीति रहेको छ । यस केदारस्यूँ गाउँपालिकाका पूर्व प्राथमिक देखि कक्षा ५ सम्मका करिब ३ हजार बालबालिकाहरूलाइ एक शैक्षिक सत्रमा बढीमा १८० दिनका लागि दैनिक रु. १५ का दरले रकम निकासा भएर कार्यक्रम कार्यान्वयन निर्देशिका र सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडि बढाइएको अवस्था छ । गाउँपालिकाको सवै माध्यमिक र केहि आधारभूत विद्यालयहरूमा छात्र र छात्राका लागि अलग अलग शौचालय निर्माण गरिएको र निर्माण गर्ने प्रक्रियामा रहेका छन । प्राथमिक विद्यालयको हकमा नगन्य रूपमा छात्रा शुलभ शौचालय रहेको अवस्था छ । कक्षा ६ देखि १२ सम्म अध्यनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि गतवर्षदेखि सुरु गरिएको निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई चालू आर्थिक वर्षदेखि प्रभावकारी बनाउदै लगिएको छ । सबै विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस, सामुदायिक तथा संस्थागत विद्यालयहरुका सम्पूर्ण किशोरीहरका लागि निशुल्क आइरन चक्की प्रदान गरिए पनि गाउँपालिका अन्तरगत रहेका एउटा विद्यालयमा बाहेक अरु कुनै पनि विद्यालयमा विद्यालय नर्स कार्यक्रम सञ्चालन गर्न सकिएको छैन । प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्म सबै सामुदायिक विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरु स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रमबाट लाभान्वित छन् । विद्यालयमा सञ्चालित स्वास्थ्य तथा पोषणका कार्यक्रमहरु : विद्यालय दिवा खाजा पकाउने भान्साघर निर्माण, करेसाबारी निर्माण, स्थानीय उत्पादनमा आधारित दाल र तरकारी तथा सागपात संकलन, अगुवा कृषक क्षमता विकास, सहकारी मोड्यूलको अबलम्बन, ग्याँस चुलो र इन्धन वितरण, टि पि ट्याप निर्माण आदि । सबै आधारभूत तथा माध्यमिक विद्यालयहरुमा अ.न.मि. वा स्टाफ नर्सको





व्यवस्था गर्ने, दिवा खाजा, स्वास्थ्य र सरसफाइ तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दीगो वित्तीय प्रबन्ध सुनिश्चित गर्ने, उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने, खाजाका लागि खाना टोकरी तथा मेनु विकासलगायत पोषण तथा स्वास्थ्यको आधारभूत गुणस्तरका लागि विद्यालयको प्राविधिक क्षमता विकास गर्ने, विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोडने र सबै कक्षाका विद्यार्थीले प्राप्त गर्ने गरी कानुनी प्रबन्ध गर्ने, विद्यालय खाजा, विद्यालय स्वास्थ्य, पोषण तथा सफाइ तथा स्वच्छतासम्बन्धी कार्यलाई एकीकृत गर्ने तथा सवै विद्यालयमा Wash सुविधासहितको शुलभ शौचालय निर्माण एवं सञ्चालन गर्ने जस्ता कुराहरु विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमका चुनौतीहरु हुन् । यस अवसरहरु : दिवा खाजा सहितको स्वास्थ्य र पोषण कार्यक्रमलाई अन्तरसम्बन्धित अवधारणाको रूपमा अघि सार्नु, सोहि योजनाले एक विद्यालय एक स्वास्थ्य कार्यकर्ताको व्यवस्था गर्नु, विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४ बन्नु, सबै विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूमा स्वच्छ पिउने पानीसहित पर्याप्त पानी हुनु , ५.विद्यार्थी सङख्याअनुसार अलगअलग सफा र सुरक्षित स्थानमा बाल, लैङगिक, अपाङगता र वातावरण मैत्री शौचालय निर्माण हुनु , वातावरणीय सरसफाइ, हरियाली वातावरण र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्सा खाजा घर निर्माण गर्नु ,बालबालिकाकाको विद्यालयमा पहुँच, भर्ना दर तथा लैङगिक समानता सूचक जस्ता सङ्खयात्मक शैक्षिक उपलब्धिहरूमा सुधार हुनु रहेका छन् ।

### ४.४.२ उद्देश्य

१. बालबालिकालाई स्वस्थ एवम् तथा पौषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु ।
३. बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.३ रणनीति

१.बालबालिकाको लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाँडावर्तन र अन्य सामग्रीहरू तथा समूहमा हात धुने लगायतका सुविधा विस्तार गर्ने ।
२.दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।
३. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गर्ने ।

### ४.५.२ उद्देश्य

१. आपतकालीन समयमा विद्यार्थीको जीवनलाई सुरक्षित गर्नु।
२. आपतकालीन वा विपद्को समयमा शिक्षण सिकाइलाई निरन्तरता प्रदान गर्नु।
३. विद्यार्थीहरुलाई विपद् तथा प्राकृतिक प्रकोप बारे सचेत गराउनु।
४. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु।

### ४.५.३ रणनीतिः

१. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
२. विपदबाट जोगिनका लागि विद्यार्थीहरुका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
३. विपदको अवस्थामा शिक्षालाई निरन्तरता दिन वैकल्पिक विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको लागि पूर्वतयारी गर्ने।
४. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेशषण गर्ने ।
५. विपद व्यवस्थापनका लागि प्रत्येक विद्यालयमा आपतकालीन संयन्त्रको निर्माण गर्ने ।
६. प्रत्येक विद्यालयमा प्राथमिक उपचारका लागि चाहिने सामग्रीहरुको व्यवस्थापन गर्ने ।
७. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने।
८. आपतकालीन अवस्थाले सिर्जना गरेको तनाव तथा मनोवैज्ञानिक असरलाई न्यूनिकरण गर्ने।
९. स्थानीय स्तरमा शिक्षा समूह निर्माण तथा परिचालन गर्ने।
१०. विद्यालयमा आउन नसक्ने बालबालिकालाई वैकल्पिक प्रणाली, विधि र सामग्रीको प्रयोग गरी सिकाइ निरन्तरता गर्ने ।
११. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने।
१२. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने।
१३. विपद् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने।
१४. हरित विद्यालय अभियान, जलवायु परिवर्तन र दीगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने।





प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था हुने छ।

६. विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सुक्ष्म पोषक तत्व प्रदायक टयावलेटहरू किशोरीहरूको मासिक महिनावारीमा स्यानेटरी प्याड वितरण र डिस्पोजेवल इन्सीनेटरको व्यवस्था भएको हुने छ।

७. विद्यालयमा विद्यार्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुने छ।

८. विद्यार्थी र विद्यालयको अगुवाईमा स्मार्ट विद्यालय कार्यक्रम लागू गरी पूर्ण सरसफाईका सूचकहरु पूरा भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १००% | १००% | १००% | १००% | १००% |
| २. | कक्षा एकमा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १००% | १००% | १००% | १००% | १००% |
| ३. | दिवा खाजा प्राप्त गर्ने कक्षा | १-८ | १-८ | १-८ | १-८ | १-८ |
| ४. | बार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको संख्या | ५४ | २ | ५२ | ५२ | ५२ |
| ५. | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय संख्या | ४४ | २ | ४ | ० | ० |
| ६. | नर्सिङ सेवा नतथा सुविधा पुगेका विद्यालय संख्या | ० | १ | ० | ० | ० |

## ४.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य (१०बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | निरन्तर | ४ | ५ | ५ | ५ | ५ | २४ | २४ | संघ, प्रदेश, स्थानीय तह |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५२ | ५२ | |
| ३ | दिवा खाजाका लागि चाहिने खाद्य सामग्री आपुर्तिमा भाग लिने स्थानीय कृषि , सहकारी ,किसान समूहलाई तालिम तथा सहयोग | पटक | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | ५२ | ५२ | |
| ४ | विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी साबुन तथा सफाइ सामग्रीसहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई महिनावारी स्वच्छताका लागि सेनेटरी प्याडको व्यवस्था | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी र सुक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटहरु (भिटामिन ए, आइरन फोलिक एसिड आदि) प्रदान | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक | १० | १० | १० | १० | १२ | ५२ | ५२ | |





### ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

भूअवस्थिति तथा बनोटका कारण नेपालमा जुनसुकै बेला पनि भूकम्प जान सक्छ । भूमण्डलीय तापक्रम वृद्धि र वातावरण परिवर्तनले मौसम, बेमौसम अल्प तथा अति वृष्टिजन्य समस्या पनि बढ्दै गएको छ । नेपालको भुवनोट कमजोर भएकाले ठूला पहिरा गएर बेला बेलामा मानवीय जनधनको क्षति भएको छ । वर्षेनि तापमान बढ्दा खडेरी र अनिकाल परिरहेको छ । बाढी, पहिरो र भूकम्पले विद्यालय र विद्यार्थी प्रभावित हुदै आएका छन् । यस स्थानीय तहमा जुनसुकै बेला पनि प्राकृतिक तथा दैवीय विपत्ति आउनसक्छ र आपतकालीन अवस्था सिर्जना हुन सक्ने सम्भावना प्रवल छ । आपतकालीन अवस्थामा शिक्षा मानवीय जीवनको संवेदनशील पक्ष मानिएको छ ।

विगतमा कोभिड १९ को विषम परिस्थितिमा आपतकालीन अवस्थाको शिक्षा गाँस, बास र कपास जत्तिकै प्रभावकारी भएको छ । आपतकालीन अवस्थामा पीडितहरूले बालबालिकाको शिक्षाको व्यवस्था गर्न माग गरेका थिए । आपतकालीन अवस्थामा बालबालिका सिकाइमा संलग्न भए भने वयस्कलाई जीवन सामान्य बनाउन, उपाय सोच्न र कार्यान्वयन गर्न समय मिल्ने गर्दछ । विगतमा विभिन्न समयमा हाम्रो देशले विभिन्न आपतकालीन समस्याहरु भोग्दै आइरहेको छ । विपत्तिका अवस्थामा भोग्नु परेको शारीरिक तथा मानसिक तनाव, स्वास्थ्यसम्बन्धी समस्या, रोग, महामारी आदिबाट बच्न र आपतकालीन अवस्थामा गरिएको व्यवस्थाको जानकारी उपलब्ध गराएर शिक्षाले तनावपूर्ण जीवनलाई सरल बनाउन मद्दत गर्छ । आपतकालीन अवस्थामा शिक्षाको स्वरूप बदलिन्छ । यसको प्रभाव तथा असर प्रत्यक्ष रुपमा शिक्षा क्षेत्रमा परिरहेको हुन्छ । विशेष गरी वि.सं. १९९० को महाभूकम्प त्यस्तै २०७२ सालको महाभूकम्प र २०७६ सालदेखी करीव ३ वर्षसम्म देखापरेको कोभिड-१९ ले विशेष गरी शिक्षा क्षेत्रमा ठूलो असर पारेको छ । यसै गरि वर्षेयामको बाढी र पहिरोले पनि बेला बेलामा असर गर्ने गरेको छ । यी विभिन्न आपतकालीन अवस्थालाई मध्यनजर गर्दै शिक्षा क्षेत्रलाई सुरक्षित बनाउन केदारस्यूँ गाउँपालिकाले दश बर्षे शिक्षाक्षेत्र योजनामा आपतकालीन तथा सङ्कटपूर्ण अवस्थाबाट जोगिन र शिक्षालाई निरन्तरता दिन र वैकल्पिक विधि र माध्यमबाट शिक्षाको प्रदान गर्ने गरी योजना बनाइएको छ ।

यस पालिका अन्तरगतका केहि विद्यालयहरु सेती र कालङ्गा नदी तथा खहरे खोलाहरुका छेउछाउमा अवस्थित छन् भने केहि विद्यालयहरु कमजोर भुगोल रहेको क्षेत्र तथा पहिरो जाने भिरालो जमिनमा रहेका छन् । यसकारण विद्यालय तथा विद्यार्थीहरु जोखिम अवस्थामा रहेकाले पूर्व प्रतिकार्य योजनाको तयारीमा रहनुपर्ने आवश्यकता छ । आपतकालीन अवस्थामा शिक्षा र सिकाइ निरन्तरताका लागि विशेष योजना सहित तयारी गर्नुपर्ने छ ।

## ४. ६ विद्यालय भौतिक पूर्वाधार विकास (School Infrastructure Development)

### ४.६.१ वर्तमान अवस्था

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढनका लागि सुरक्षित कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि शुद्ध खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको आवश्यक पर्ने कुरा शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा प्रस्ताव गरिएको छ। यस पालिकामा हाल जम्मा ५४ वटा सामुदायिक विद्यालयहरु रहेका छन् । सामुदायिक विद्यालयहरुमा करिब १०० को हाराहारीमा विद्यालय भवन रहेकामा धरै जस्तो भवनहरु कच्ची छन् । प्रधानाध्यापकका लागि बेग्लै कोठा केहि विद्यालयमा मात्र देखिन्छ भने अधिकाशं माध्यमिक विद्यालयमा मात्रै अलग्गै कम्प्युटर ल्याब, विज्ञान ल्याब र पुस्तकालय कक्ष रहेका छन्। सबै विद्यालयमा शौचालय रहेकोमा धेरै जसोमा पानीको राम्रो आपूर्ति भएको देखिदैन । संघीयता कार्यान्वयन भन्दा अघि तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट विद्यालय शिक्षामा भौतिक पूर्वाधारको काम हुदै आएकोमा उक्त कार्यको कार्यान्वयनको जिम्मेवारी स्थानीय तहको रहेको छ भने निर्माणको मापदण्ड तथा आधार संघीय तहबाट हुँदै आएको छ।

विद्यालयमा भवन निर्माण गर्ने सिलसिलामा भवन आचार संहिताको पूर्ण रुपमा पालना नभएका कारण धेरैजसो विद्यालयहरू अपाङगतामैत्री र विपद् प्रतिरोधी बन्न सकेका छैनन् । समग्रमा विद्यालयको पूर्वाधार विकासमा तीनै तहका सरकार र विकास साझेदार निकायहरुबीचको समन्वय र सहकार्य अपेक्षित रुपमा प्रभावकारी र नतिजामूलक बन्न सकिरहेको छैन । साझेदार संस्थाहरु प्रगतिशील यूवा समाज र वर्ल्ड भिजन इन्टरनेश्नल नेपालको सहयोगमा केहि विद्यालयमा अपाङ्गमैत्री र विपद् मैत्री विद्यालय भवनहरु निर्माण भएका छन्। त्यसैगरी अर्को साझेदार संस्था एकीकृत विकास समाजको साझेदारीमा तीन वटा विद्यालयहरुमा भान्साघर निर्माणको कार्य भै रहेको छ। अझै पनि केहि विद्यालयहरुमा कक्षाकोठाको अभाव नै रहेको छ । सबै विद्यालयमा अलग्गै पुस्तकालय कोठा, प्रयोगशाला कोठा र कार्यालय कोठा नहुँदा सिकाइमा प्रभावकारीता ल्याउन सकिएको छैन्। गत वर्ष





### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१.विद्यालयमा विपद् उत्थानशील भौतिक निर्माण तथा सुविधाको व्यवस्था भएको हुने छ ।
२. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ।
३. आपतकालीन तथा सङ्कटपूर्ण अवस्था पनि वैकल्पिक व्यवस्था अनुसार शिक्षा निरन्तरता भएको हुनेछ।
४. जोखिम न्यूनीकरण तथा उत्थानशीलता शिक्षालाई संस्थागत भएको हुनेछ।
५. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ।
६. विपद व्यवस्थापनका लागि प्रत्येक विद्यालयमा आपतकालीन संयन्त्रको निर्माण भएको हुने छ।
७. विपद् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास भएको हुने छ।
८. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध भएको हुने छ।
९. स्थानीय स्तरमा शिक्षा समूह निर्माण तथा परिचालन भएको हुने छ।
१०. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार भई कार्यान्वयनमा आएका हुने छन्।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १. | विपद् सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चलन गर्ने विद्यालयको संख्या | १५ | १५ | १० | १० | २ |
| २. | हरित विद्यालय संख्या | १५ | १५ | १० | १० | २ |
| ३. | आपतकालीन संयन्त्र निर्माण भएका विद्यालयको संख्या | १५ | १० | ५ | १० | २ |
| ४. | विपद् पूर्व प्रतिकार्य योजना बनाएका विद्यालय संख्या | ० | १५ | १५ | १५ | ७ |
| ५. | प्राथमिक उपचार बाकस भएका विद्यालयको संख्या | १५ | १० | १० | ४ | ० |
| ६. | विपद्को समयमा वैकल्पिक शिक्षा प्रदान गर्ने विद्यालय संख्या | १५ | १० | १० | ४ | ० |

### ४. ५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १. | विपद् व्यवस्थापन सम्बन्धी वि.व्य.स. शिक्षक तथा विद्यार्थीको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २. | विपद योजना तयार गरी कार्यान्वयन गर्ने | विद्यालय | १५ | १५ | १० | १० | २ | ५२ | ५२ | |
| ३. | जोखिम नक्साङ्कन | विद्यालय | १५ | १५ | १० | १० | २ | ५२ | ५२ | |
| ४. | विद्यालयमा आपतकालीन कोषको स्थापना | विद्यालय | ० | १२ | १८ | ० | ० | ३० | ३० | |
| ५. | प्राथमिक स्वास्थ्य सामग्रीको व्यवस्था | विद्यालय | ० | ० | १२ | १८ | ० | ३० | ३० | |
| ६. | विद्यालयमा सूचना प्रविधिको विस्तार | विद्यालय | ० | ५ | १० | १० | ५ | ३० | ३० | |
| ७. | वैकल्पिक विधिको प्रयोग गरी शिक्षालाई निरन्तरता दिने क्षमता विकास | विद्यालय | १५ | १५ | १० | १० | २ | ५२ | ५२ | |
| ८. | हरित विद्यालय व्यवस्थापन | विद्यालय | ० | ३० | ० | ० | ० | ३० | ३० | |
| ९. | निरन्तर तथा सुरक्षित सिकाइका लागि शिक्षक-विद्यार्थी-अभिभावक सम्मिलित समिति गठन गरी परिचालन | विद्यालय | ५ | १० | १० | ५ | ० | ३० | ३० | |
| १०. | सिकाइ सिबिर सञ्चालन/ स्थानीय FM हरूसँग समन्वय | आवश्यकताको आधारमा | आवश्यकताको आधारमा | आवश्यकताको आधारमा | आवश्यकताको आधारमा | आवश्यकताको आधारमा | आवश्यकताको आधारमा | आवश्यकताको आधार मा | ५ | १० |
| ११. | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरवलोकन तथा निर्माण | ० | २० | १० | १० | ५ | ५ | ४ | | |
| १२. | विपद् प्रतिरोधी विद्यालय संख्या | आवश्यकता अनुसार | ० | ० | १५ | १५ | १५ | ७ | ५२ | ५२ |



।। विद्यालय शिक्षा क्षेत्र योजना, २०८१ - २०९१ ।।

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रलाई अलगै शौचालय तथा पानी तथा सरसफाइ को प्रबन्ध | य सङ्ख्या | | | | | | | | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइ का साथै अलगै शौचालय | वटा | १ | २ | २ | २ | १ | ८ | १६ | |
| ६ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | आवश्यकता को अधारमा | आवश्यकता को अधारमा | आवश्यकताको अधारमा | आवश्यकताको अधारमा | आवश्यकता को अधारमा | | | |
| ७. | एक माध्यमिक विद्यालय एक पुस्तकालय, विज्ञान प्रयोगशाला | वटा | ० | ० | ५ | ५ | ३ | १३ | १३ | |

### ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि
#### ४.७.१ वर्तमान अवस्था

सूचना प्रविधि भन्नाले सूचनाहरुलाई विद्युतिय यन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन सम्प्रेषण संग्रह र प्रवाह हो । आजको युग सूचना प्रविधिको युग हो । सूचना प्रविधिले शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रुपमा अघि बढाएको छ । शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । यसले सूचनाको पहुँचमा वृद्धि गर्छ । शिक्षक तथा विद्यार्थीले शैक्षिक आवश्यकताका लागि छापिएका पुस्तकहरुमा मात्र भर पर्नुपर्ने आवश्यकताको अन्त्य भएको छ । उनीहरु आफ्नो आवश्यकताको पूर्तिका लागि इन्टरनेट तथा वेभसाइटहरुको उपयोग गर्न सक्ने भएका





गएको भुकम्का कारण विद्यालय भवनहरु चर्किएर निर्माण तथा पुनर्निर्माण गर्नुपर्ने विद्यालय तथा कक्षकोठाको संख्या पनि थुप्रै रहेको छ ।

**चुनौति र अवसर**

**चुनौतिहरु**

१. विद्यालय शिक्षाअन्तर्गत भौतिक विकास एवम विस्तार गर्नुपर्ने ।
३. पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय, पारदर्शी एवहम् जवाफदेही बनाउनु ।
४. सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उययुक्त मापदण्ड र मोडालिटी विकास गर्नु ।
५. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि गुरुयोजना तयार गरि कार्यान्वयन गर्नु ।
६. भौतिक निर्माणका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्नु ।
७. पूर्वाधारहरूलाई अपाङ्गतामैत्री र लैङगिक मैत्री बनाउनु ।

**अवसरहरु**

१. तीनवटै तहका सरकार तथा विकास साझेदार संस्थाहरुले विद्यालयको पूर्वाधारको क्षेत्रमा लगानी गर्नु
२. विद्यालयको सिकाइ वातावरण निर्माण गर्ने सवालमा सबैको साझा प्रतिबद्धता रहनु ।
३. स्थानीय स्रोत साधनहरु सजिलै सुलभ दरमा प्राप्त हुनु ।

#### ४.६.२ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु ।
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु
३. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु

#### ४.६.३ रणनीति

१. विद्यालयको तह, विद्यार्थी सङख्या र लागतका आधारमा विद्यालयमा आवश्यक पर्ने पूर्वाधार विकासको मापदण्ड र गुरुयोजना निर्माण गर्ने ।
२. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी संख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने ।

३. विद्यालयहरुमा पूर्वाधार विकासका लागि संघ र प्रदेश सरकार, विकास साझेदार एवम् गाउँपालिकाको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरि सरोकारवालाहरुको सहभागिता कार्यान्वयन हुने प्रबन्ध गर्ने ।

४. एक माध्यमिक विद्यालय एक पुस्तकालय, एक विज्ञान प्रयोगशाला र सूचना प्रविधि प्रयोगशाला तथा एक आधारभूत विद्यालय एक पढाइ कुना निर्माण गरिने कार्यलाई प्राथमिकता दिने ।

५. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकताअनुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने ।

६. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माणको गर्ने गरी विद्यालय सम्पूर्ण निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।

७. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय (विद्यार्थी सङ्ख्याको अनुमान तथा उमेरलाई विचार गरेर), भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजाईन गर्ने निर्माण भइसकेका विद्यालयहरूमा थप संरचनाको योजना एकै पटक गर्ने ।

८. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

९. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैर सरकारी तथा समुदायमा आधारित संघसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर सुनिश्चित हुने छ ।

२. विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक मापदण्ड तथा गुरुयोजना निर्माण भएको हुने छ ।

३. पालिका प्रमुख शैक्षिक सुधार कार्यक्रम सञ्चालन भएको हुने छ ।

४. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीमा लागत साझेदारीको मोडालिटी अवलम्बन भएको हुने छ ।

५. सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार भएको हुने छ ।

६. विद्यालयहरूमा अपाङ्गमैत्री र बालमैत्री संरचनाहरु निर्माण भएका हुने छन् ।

७. सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय र प्रयोशालाहरु तथा आधारभूत विद्यालयहरुमा पढाइ कुना स्थापना भएका हुने छन् ।





**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| १. | भूकम्प प्रतिरोधी विद्यालय संख्या | १५ | आवश्यकता अनुसार वनाउने | आवश्यकता अनुसार वनाउने | आवश्यकता अनुसार वनाउने | आवश्यकता अनुसार वनाउने | आवश्यकता अनुसार वनाउने |
| २. | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा संख्या | ० | ० | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| ३. | सबलीकरण गर्नुपर्ने कक्षाकोठा संख्या | २ | १ | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| ४. | नयाँ निर्माण गर्नुपर्ने शौचालय संख्या | ३ | ५ | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| ५. | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय संख्या | १ | ० | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |

### ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | पटक | आवश्यकता को अधारमा | आवश्यकता को अधारमा | आवश्यकताको अधारमा | आवश्यकताको अधारमा | आवश्यकता को अधारमा | | | |
| २ | विद्यालयको सबलीकरण | सङ्ख्या | आवश्यकता को अधारमा | आवश्यकता को अधारमा | आवश्यकताको अधारमा | आवश्यकताको अधारमा | आवश्यकता को अधारमा | | | |
| ३ | विद्यालयमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | विद्यालय सङ्ख्या | आवश्यकता को अधारमा | आवश्यकता को अधारमा | आवश्यकताको अधारमा | आवश्यकताको अधारमा | आवश्यकता को अधारमा | | | |
| ४ | छात्रा र | विद्याल | १४ | ० | ० | ० | | १४ | १४ | ० |

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| १. | इन्टरनेट जडान भएका विद्यालयको संख्या | ४० | निरन्तरता दिने | निरन्तरता दिने | निरन्तरता दिने | निरन्तरता दिने | निरन्तरता दिने |
| २. | सिकाइमा कम्प्युटर लगायत प्रविधिको उपयोग भएका विद्यालय संख्या | २० | १० | १० | ५ | ५ | २ |
| ३. | डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय संख्या | ४ | ५ | २ | २ | ३ | ५ |
| ४. | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय संख्या | २५ | ५ | ५ | २ | ० | ० |
| ५. | विद्युतको पहुँच पुगेका विद्यालय संख्या | १० | ५ | ५ | ५ | ५ | ५ |





छन । सयौं व्यक्तिहरुले एकै पटक कुनै पनि समय कुनै ठाउँबाट कुनै पनि सामग्रीलाई हसिल गर्न सक्छन । अब सिकाइलाई अनलाईन पाठ्यवस्तुको माध्यमबाट चौविसै घण्टा हेर्न सकिन्छ । सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइले विद्यार्थीहरु एकै ठाउँमा भेला हुनु पर्ने अवस्थाको अन्त्य भएको छ । भौगोलिक, सामाजिक, साँस्कृतिक तथा पूर्वाधारहरुको अभावका कारण औपचारिक तवरबाट शिक्षा दिन नसकिने अवस्था अब रहेन । यसका लागि रेडियो, टेलिभिजन, भर्चुअल विद्यालय, भर्चुअल विश्वविद्यालयको माध्यमबाट शिक्षा हासिल गर्न सकिन्छ । शैक्षिक विकासका लागि सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण भूमिका रहने गरी यस योजनामा समावेश गरिएको छ ।

नेपाल सरकारले स्विकृत गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ र विज्ञान तथा प्रविधि नीति, २०७६ ले समेत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धि नीतिहरु उल्लेख गरेको छ । सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सन् २०२० सम्ममा नेपाललाई विद्युतीय सरकार सूचकांकमा Top Second Quartile मा पुर्याउने, ९० प्रतिशत नेपालीलाई डिजिटल साक्षरता बनाउन ब्रोडब्याण्ड सेवा, सबै नेपालीलाई इन्टरनेट र ८० प्रतिशत सरकारी सेवा अनलाइनमार्फत पुर्याउने महत्वाकांक्षी लक्ष्य लिएको देखिन्छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार सूचना तथा सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा शैक्षिक रूपान्तरणका लागि विषय, विषयवस्तु र माध्यमका रूपमा प्रयोग गर्ने गरी पाठ्यक्रम विकास गर्ने, सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सुनिश्चित गर्न पाठ्यक्रम, पाठ्यसामग्री विकास एवं तिनको विद्युतीय प्रतिको उपलब्धतालाई जोड दिने, नीतिहरु उल्लेख गरेको पाईन्छ । यस पालिकाका सबै माध्यमिक विद्यालयहरुमा ईन्टरनेट जडान भएको र ई हाजिरीलाई पनि अनलाईन प्रविधिसँग जोडिएको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमीले उत्पादन गरेका सिकाइ चौतारीमा श्रव्य दृश्य शैक्षिक सामग्रीहरु पनि विद्यार्थीहरु शिक्षकहरुले हेर्ने कार्य भई आएका छन् ।

सूचना प्रविधिको तिब्र विकासले नेपाल जस्ता अल्पविकसित मुलुकहरुलाई शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा व्यापार लगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकास गर्न सुअवसरहरु प्रदान गरेको छ । यस प्रविधिको व्यापक प्रयोगबाट कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो, तथा कम खर्चिलो ढंगबाट प्रदान गर्न सकिन्छ । यस अर्थमा सूचना प्रविधि नेपालको भौगोलिक विषमताबाट सिर्जित विकासका चुनौतीको सामना गर्न एउटा सशक्त पूर्वाधारको रुपमा समेत स्थापित हुन सक्ने देखिन्छ । केदारस्यूँ गाउँपालिकाका सबै माध्यमिक विद्यालयहरुमा सूचना तथा प्रविधि प्रयोगशालाको स्थापना भएको छ । सबै सामुदायिक विद्यालयहरुमा ईन्टरनेट सुविधाको विस्तार हुन सकेको छैन । केहि विद्यालयहरुमा स्मार्ट बोर्डको व्यवस्थापन समेत गरिएको छ । विद्यालयहरुका विभिन्न कक्षाहरुमा कम्प्युटर विषयको शिक्षण गरिएको पाइन्छ । शिक्षा तथा सूचना र सञ्चार

प्रविधिबीच गहिरो सम्बन्ध छ। शिक्षामा प्रविधिको प्रयोगलाई अर्थपूर्ण रुपमा हेर्न थालिएको छ। कक्षा कोठामा प्रविधिको प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको सुरुवात भएको पाइन्छ। द्रुतगतिमा विकास हुँदै गएको प्रविधिले थुप्रै अवसर र चुनौतीहरु ल्याएको छ। हाल शिक्षा क्षेत्रमा पनि विद्यालयका प्रशासनिक काम, नतिजा निर्माण कार्य, पावर प्वाइन्ट निर्माण गरी प्रोजेक्टरको माध्ययमबाट अध्यापन गर्ने शैक्षिक कार्य सामान्यरुपमा प्रयोग आएको पाइन्छ। केन्द्रिय शैक्षिक तथ्याङ्कमा जोड्नको लागि हाल एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को विकास गरिएको छ र त्यसको पुर्णतया उपयोग हुन नसकिएको अवस्था छ। उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा शिक्षामा सूचना प्रविधि क्षेत्रमा निम्न चुनौतिहरु पहिचान गरीएका छन।

१. सूचना तथा सञ्चार प्रविधि सम्बन्धि आधारभूत संरचना जस्तै विद्युत, ईन्टरनेट कनेक्टिभिटी आदिको विस्तार तथा सबै विद्यालयमा स्थापना।
२. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याब, डिजिटल पुस्तकालय सहितको एकिकृत प्रणालीको विकास।
३. सूचना तथा सञ्चार प्रविधि सम्बन्धि उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि दक्ष जनशक्तिको व्यवस्थापन।
४. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट समता अभिवृद्धि र डिजिटल डिभाईड कम गर्नु।
५. अन्तर्क्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास र पहुँच।
६. विभिन्न किसिमका अपाङ्गताको लागि प्रयोग हुने गरी सामग्री विकास र प्रयोग।
७. सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली र लेखा प्रणालीको विकास।
८. विभिन्न तहका ईन्टरनेट प्रदायक संस्थाहरुसँग समन्वय र सहकार्य।
९. विद्यालयलाई चाहिने सफ्टवेयर तथा एपको विकास तथा प्रयोग।
१०. अन्तर विद्यालयहरुसँग प्रविधिमा समन्वय साझेदारी र सहकार्य।

### ४.७.२ उद्देश्य

१. सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुर्याउनु।
२. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेट मार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँच कायम गर्नु।
३. सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु।
४. सिकाइलाई प्रचावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु।





### ४.७.३ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने ।
२. विद्यालयमा कम्प्युटर, ई–पुस्तकालय तथा ICT ल्याव स्थापना कार्य विस्तार गर्ने।
३. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने
४. विभिन्न कक्षा र विषयका लमागि तयार पारिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने।
५. विद्यालयहरुलाई शैक्षिक व्यवस्थापन सूचना प्रणालीको अधिकतम प्रयोग गर्न प्रोत्साहन र सहजीकरण गर्ने।
६. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने।
७. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने।
८. दक्ष प्राविधिक जनशक्तिको उत्पादन तथा मेन्टर शिक्षकको व्यवस्था गरी सबै शिक्षकलाई प्रविधिमा सहकार्य समन्वय गर्ने
९. सिकाईलाई सजीकरण गर्न विभिन्न आवश्यक सफ्टवेयर र एपको विकास र प्रयोग गर्ने।
१०. प्रविधिमैत्री विद्यालय र संयन्त्रलाई प्रोत्साहन गर्ने।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विभिन्न आधारभूत तथा माध्यमिक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना भइ विद्यालयको प्रशासनिक, शैक्षिक र व्यवस्थापकीय क्षेत्रमा प्रयोग गरिएको हुने छ।
२. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भै सबैको पहुँच पुगेको हुने छ
३. विभिन्न कक्षा तथा विषयका शिक्षकहरुको शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धि क्षमता विकास भएको हुने छ।
४. सबै माध्यमिक विद्यालयहरुले अनिवार्य रुपमा सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने छन्।
५. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएको हुने छ
६. सूचनामा आधारित एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको अधिकतम प्रयोग भएको हुने छ।
७. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।

## ५.१ उच्च शिक्षा

### ५.१.१ वर्तमान अवस्था ( Current Situation)

माध्यमिक शिक्षाको प्राप्ति पश्चात उच्च शिक्षाको शैक्षिक संरचनाको ढोका खुल्ने उच्च शिक्षालाई पनि यस योजनामा समेट्नु पर्ने आवश्यकता भएको हो । उच्च शिक्षाको व्यवस्थापन र प्रबन्धका लागि स्थानीय तहले आर्थिक, भौतिक, व्यवस्थापकीय लगायत सबै पक्ष र क्षेत्रमा काम गर्दै आएकोले उच्च शिक्षाको व्यवस्थापनलाई शिक्षा क्षेत्र योजनाको अन्य उपक्षेत्रको रुपमा लिइएको छ । उच्च शिक्षालाई राष्ट्रको निम्ति विभिन्न क्षेत्रमा योगदान दिन सक्ने उच्चस्तरीय दक्ष र समालोचक, सिर्जनशील, अनुसन्धानमूलक तथा विचार दिनसक्ने जनशक्ति उत्पादन गर्ने शिक्षाको रुपमा लिइन्छ । आजको विज्ञान र प्रविधिको युगमा अत्याधुनिक प्रविधिको उपयोग गरी दिगो विकासका लक्ष्यलाई हासिल गर्दै योग्य जनशक्ति उत्पादनका लागि प्राज्ञिक उत्कृष्टताको केन्द्र निर्माण गर्ने उच्च शिक्षाको खास मर्म हो । एकातिर उच्च शिक्षालाई गुणस्तरीय बनाई समतामूलक पहुँच सुनिश्चित गर्नु र आधुनिक ज्ञान, विज्ञान, कला, सीप एवम् प्रविधिमा दक्ष, प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस तहको शिक्षाको समय सापेक्ष रूपमा विकास र विस्तार गर्नु आवश्यक छ भने अर्कोतिर देशको उच्च शिक्षालाई माध्यमिक शिक्षाको जगमा विकास गर्नुपर्ने अपरिहार्यता त्यत्तिनै जरुरी छ । देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वावलम्बी, रोजगारन्मुख तथा मूल्यउन्मुख उच्च तहको जनशक्ति उत्पादन गर्नु यो तहको शिक्षाको प्रमुख ध्येय हो । लागत आपुरण, निजी क्षेत्रको लगानी, सामुदायिक सहभागिता, मागमा आधारित कार्यक्रम सञ्चालन र विश्वविद्यालयबाट आय स्रोतको परिचालन जस्ता नमुना विकास गर्नका लागि तीनै तहका सरकारहरू, समुदाय र निजी क्षेत्रलाई समेत उच्च शिक्षा विकास साझेदारका रूपमा सहभागी हुने अवसर खुला गरिनुपर्दछ।

विभिन्न विश्वविद्यालयबाट आंगिक र सम्बन्धन प्राप्त क्याम्पसहरुले उच्च शिक्षा प्रदान गर्दै आइरहेका छन् । यस पालिका अन्तरगत त्रिभुवन विश्वविद्यालय बाट सम्बन्धन प्राप्त एक मात्र बझाङदीप क्याम्पसमा शिक्षाशास्त्र संकाय अन्तर्गतका अग्रेजी, नेपाली , जनसंख्या , स्वास्थ्य जस्ता विषयमा स्नातक तहको अध्यापन गराइन्छ । यस क्याम्पसले मानविकी र वाणिज्य शास्त्र पनि सञ्चालन गरेको छ । यस दुर्गम क्षेत्रमा स्थानीय स्तरमा सबैको पहुँच पुग्ने गरि सर्वसुलव ढंगबाट उच्च शिक्षा प्रदान गर्न केदारस्यूँ गाउँपालिकाका जनसमुदाय, अगुवा नागरिक समाज, राजनीतिक दल, समाज सेवी, शिक्षा प्रेमी, वुद्धिजीवी, आम केदारस्यूँ वासीको अथक प्रयास बाट वि. स.२०६९ सालमा यस क्याम्पसको स्थापना भएको हो । क्याम्पसको स्थापना काल देखि नै साविकका गा.वि.स.हरु, जि.वि.स. र हाल पालिकाले क्याम्पसको आर्थिक , भौतिक, शैक्षिक कार्यक्रममा सहयोग गर्दै आएका छन।





### ४.७.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | विद्युत, कम्प्युटर, इन्टरनेट सबै विद्यालयमा जडान | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| २ | सूचना तथा सञ्चार प्रविधि ल्याव स्थापना | विद्यालय | ५ | ५ | ५ | ५ | १० | ३० | ३५ | |
| ३ | शिक्षकको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | इमिस व्यवस्थापन गर्ने विद्यालय | सङ्ख्या | ५४ | ५२ | निरन्तर | निरन्तर | निरन्तर | ५२ | ५२ | |

# परिच्छेद ५
## अन्य उपक्षेत्रहरु

### ५.१ छात्रवृत्ति
### ५.१.१ परिचय

विद्यालय शिक्षामा विद्यार्थीहरूको सहभागिता वृद्धि गरी सिकाइलाई निरन्तरता दिन तथा विद्यालय बाहिर रहेका, आर्थिक, सामाजिक रुपले पिछडिएका वर्गलाई विद्यालय शिक्षामा पहुँच पुऱ्याउन अगाडि सारिएको उत्प्रेणामूलक कार्य नै छात्रवृत्ति हो । जसको सहयोगले लक्षित समुदाय अर्थात गरिब, सुविधा बिहीन, अपाङ्गतथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्न मद्दत गर्दछ । छात्रवृत्ति लगायत विद्यार्थीलाई प्रदान गरिने सहयोगले न्यून आय भएका परिवार, सुविधा बिहीन तथा कठीन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच तथा सहभागिताका लागि सहयोग गरी समता तथा समावेशिताको अवस्था सुधारमा योगदान गर्दछ । यस्तो सहयोगले आर्थिक अभावका कारणले विद्यालय पोशाक, स्टेशनरी लगायतका सामग्रीहरू, दिवा खाजा आदि उपलब्ध हुन नसकी विद्यालयमा हुने अनुपस्थिति दर तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ । यसबाट सबै बालबालिकालाई विद्यालय तहको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न र आधारभूत तहसम्म अनिवार्य शिक्षा कार्यान्वयनमा सहयोग पुग्दछ । यसबाट विद्यालयमा विद्यार्थीको उपस्थिति दर र सक्रिय सिकाइ सहभागितामा वृद्धि भइ सिकाइ उपलब्धि दर तथा शिक्षाको गुणस्तर सुधारमा महत्त्वपूर्ण योगदान पुग्दछ । विद्यालय शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि प्रदान गरिने छात्रवृत्ति तथा प्रोत्साहन मूलतः गरिबी केन्द्रित हुन आवश्यक छ । यस प्रावधानले सुविधा विहीन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई पनि समेट्न सक्छ ।

### ५.१.२ वर्तमान अवस्थाः

नेपाल सरकारले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि दलित र छात्रा छात्रवृत्तिहरू प्रदान गर्दै आइरहेको गाउँपालिका अन्तर्गत आधारभुत तह कक्षा १-८ सम्म जम्मा १५५७ जनाले छात्रा छात्रवृत्ति र ८१६ जनाले दलित छात्रवृत्ती शैक्षिक सत्र २०८० मा सुविधा लिएका छन्।

### ५.१.३ अवसर र चुनौतिहरू

१. गैर आवासिय छात्रवृत्ति तथा बिपन्न लिक्षित छात्रवृतिको ब्यास्थापन गर्नु ।
२. विद्यार्थीको आर्थिक अवस्था अनुसार छात्रवृतिको ब्यवस्था गर्नु।
३. छात्रवृत्ति वितरण र यसको प्रभावकारिताको अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउनु।
४. छात्रवृत्ति सहित सामुदायिक आवासीय विद्यालय व्यवस्थापन गर्नु।
५. Online मा आधारित छात्रवृत्ती सम्बन्धी कार्य गर्न इन्टरनेटको व्यवस्था गर्नु ।





### ५.१.४ उद्देश्यः

१. विद्यालय तहको छात्रवृत्ति वितरणलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी बालबालिकाहरूको सहभागिता तथा सिकाइमा सुधार ल्याउनु
२. प्राविधिक तथा व्यवशायिक शिक्षामा वालवालिकाको पहुच सुनिश्चित गर्नु ।

### ५.१.५ रणनीतिहरूः

१. लक्षित वर्ग पहिचान गरी छात्रवृत्ति वितरण गरिने छ।
२. स्थानीय तहबाट कक्षा १० उत्तीर्ण गर्ने उत्कृष्ट तथा बिपन्न विद्यार्थी पहिचान गरी निःशुल्क प्राविधिक तथा उच्च शिक्षाको अवसर प्रदान गरिनेछ।
३. निःशुल्क प्राविधिक उच्चशिक्षा अध्ययनको अवसर पाएका विद्यार्थीलाई अध्ययन पश्चात ५ वर्ष आफ्नो क्षेत्रमा रोजगारीको अवसर प्रदान गरिने छ।
४. आवासिय विद्यालय सम्बन्धी कार्यविधि निर्माण गरि कार्यान्वयन गरिने छ|

### ५.१.६ उपलब्धि, नतिजा, मुख्य क्रियाकलाप तथा लक्ष्य
### उपलब्धि तथा नतिजा

- आर्थिक अभावमा रहेका बालबालिकाहरूलाई समेत शिक्षाको अवसर प्राप्त हुने।
- लक्षित वर्ग पहिचान गरी एकीकृत छात्रवृत्ति वितरण प्रणालीको विकास र कार्यान्वयन हुने।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा विपन्न वर्गको पहुच सुनिश्चित **हुने।**

### प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र.स. | मुख्य क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य (५ वर्षे) १० वर्ष | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय तहका बालबालिकाको सिकाइ प्रोत्साहन कार्यक्रम पहिचान र कार्यान्वयन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | माध्यमिक तहमा उच्च अंक ल्याउन सफल विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ती कार्यक्रम | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | विपन्न लक्षित छात्रवृत्ती कार्यक्रम प्रभावकारी बनाउन विद्यालयलाई अभिमुखीकरण | निरन्तर | | | | | | | | |

६. विपद्, महामारीको समयमा समेत शैक्षिक गतिविधिहरूलाई निरन्तरता प्रदान गर्नका लागि आवश्यक पर्ने प्रणाली स्थापना भएको हुने।
७. क्याम्पसको सञ्चालन तथा व्यवस्थापनलाई नतिजामूलक बनाउनका लागि लगानीमा अभिवृद्धि भएको हुने।
८. उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्न दिगो लगानी सुनिश्चित भएको हुने।
९. उच्च प्राविधिक जनशक्तिको रुपमा समाजका सबै वर्गका नागरिकहरुको प्रतिनिधीमूलक सहभागिता हुने।

## ५.९ प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target)

| क्र.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य (१०) वर्ष वर्ष) | जिम्मेवार पक्ष् |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | क्याम्पसको न्युनतम पूर्वाधार विकास एवं भौतिक सुधारमा सहयोग गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका रक्याम्पस |
| २. | क्याम्पसमा आधारित अनुसन्धान केन्द्रको स्थापना गर्न आवश्यक सहयोग गरिने | पटक | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | गाउँपालिका |
| ३ | इ- पुस्तकालयको स्थापना | संख्या | ० | १ | ० | १ | १ | ३ | ३ | गाउँपालिका |
| ४ | उच्च शिक्षामा छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका क्याम्पस |





**उच्च शिक्षाका समस्याहरू**

१. पाठ्यक्रम र शिक्षण विधिहरूको कार्यान्वयनको समस्या।
२. शैक्षिक सामग्री, पुस्तकालय, र प्राविधिक उपकरणहरूको कमी।
३. दक्ष शिक्षक र कर्मचारीहरूको कमीले अध्ययनमा अवरोध।
४. शैक्षिक शुल्क, साधन र अन्य खर्चहरूको चाप।
५. आवश्यक सुविधाहरू जस्तै इन्टरनेट, प्रयोगशाला रअन्य आधारभूत संरचनाको कमी।
६. आधुनिक प्रविधिको प्रयोगमा कमी र यसको प्रभावको बारेमा ज्ञानको अभाव।
७. विद्यार्थीहरूलाई सही करियरको मार्गदर्शन र अवसरहरूको कमी।
८. आर्थिक रूपमा कमजोर विद्यार्थीहरूको लागि छात्रवृत्तिको कमी।
९. स्थानीय समुदायको शिक्षा र विकासका लागि सक्रिय सहभागितामा कमी।
१०. जातीय र आर्थिक भेदभावका कारण शिक्षामा असमानता।
११. विद्यार्थीहरुमा सिकाई प्रति जागरुकताको कमि।
१२. कार्यरत शिक्षकहरुको भविस्यको अनिश्चितता।
१३. आंगिक क्याम्पसको रुपमा विकास नहुनु ।
१४. प्राविधिक उच्च शिक्षाको अभाव।

**उच्च शिक्षाका चुनौतिहरु**

१. उच्च शिक्षामा गाउँपालिकाभित्रका आर्थिक रूपले विपन्न र भौगोलिक रूपमा पिछडिएका माध्यमिक तह पूरा गरेका विद्यार्थीहरुको सहभागिता गराउनु।
२. प्राविधिक उच्च शिक्षामा जेहेन्दार तथा आर्थिक रुपले विपन्न विद्यार्थीहरुको पहुँचमा बृद्धि गर्नु
३. माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध कायम राख्नु।
४. सेवा क्षेत्र भौगोलिक रुपले विकट हुनु।
५. कमजोर भौतिक पूर्वाधार र आर्थिक लगानीको सुनिश्चितता गर्नु।
६. दक्ष र योग्य जनशक्तिको अभावमा गुणस्तरीय तथा प्राविधिक उच्च शिक्षा प्रदान गर्ने संस्थाको विकास गर्नु।
७. उच्च शिक्षालाई व्यावसायिक, व्यावहारिक र जीवनोपयोगी बनाई शैक्षिक बेरोजगारी न्यूनिकरण गर्नु।
८. उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरूलाई स्थानीय तहमा नै रोजगार सिर्जना गर्नु ।
९. समुदाय तथा जनताको आर्थिक अवस्था कमजोर हुनु।

**उच्च शिक्षाका अवसरहरु**

१. स्थानीय स्रोतको उपयोग: स्थानीय ज्ञान, परम्परा र संस्कृतिको समावेश गरेर शिक्षा प्रदान गर्ने अवसर।
२. व्यावसायिक तालिम: स्थानीय उद्योग र व्यवसायका आवश्यकताअनुसार व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गर्ने मौका।
३. संशोधन र नवप्रवर्तन: नयाँ शिक्षण विधि र पाठ्यक्रमको विकासमा प्रयोग गर्ने।
४. शिक्षा र स्वास्थ्य कार्यक्रम: सामुदायिक स्वास्थ्य र शिक्षा सँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने।
५. साझेदारी र सहयोग: विभिन्न संघसंस्था र सरकारी निकायसँग सहकार्य गरेर अनुदान र सहायता प्राप्त गर्ने अवसर।
६. सामाजिक र सांस्कृतिक गतिविधिहरू: विभिन्न सामाजिक र सांस्कृतिक गतिविधिहरूको आयोजना गरेर विद्यार्थी र समुदायलाई संलग्न गर्ने।
७. अन्तर्राष्ट्रिय सहयोग: अन्तर्राष्ट्रिय शैक्षिक संस्थासँग सहकार्य गरेर ज्ञान र संसाधनको आदानप्रदान गर्ने अवसर।
८. गाउँपालिकाका सबै सरोकारवाला, राजनीतिक दल तथा जनप्रतिनिधिहरूमा यस पालिकाको उच्च शिक्षाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा एकमत रहनु।
९. विश्व विद्यालय अनुदान बाट नियमित रुपमा अनुदान रकम र अन्य सहयोग प्राप्त गर्नु।
१०. प्रदेश सरकारले उच्च शिक्षा लाई प्राथमिकतामा राख्नु।

**५.२ उच्च शिक्षाका उद्देश्यहरु**

१. पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रर्वतनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउदै ज्ञानमा आधारित अर्थतन्त्र निर्माण गर्न सहयोग गर्नु।
२. उच्च शिक्षालाई सामाजिक र आर्थिक रूपान्तरणको लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित प्राविधिक, व्यावसायिक र उद्यमशील, प्रतिस्पर्धी, रोजगारमूलक र उत्पादनमुखी मानव संशाधन विकास गर्नु।
३. उच्च शिक्षा प्रदायक संस्थाको विकास सञ्चालन, व्यवस्थापन र विकास गर्नु।

**५.३ उच्च शिक्षाका रणनीतिहरु**

१. गाउँपालिकाभित्र सञ्चालनमा रहेको उच्च शिक्षा प्रदायक संस्थाको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउन सङ्घ र प्रदेश सरकारसँग समन्वय गरी आवश्यक कानूनी तथा संस्थागत संयन्त्रको निर्माण गर्न सहजीकरण गर्ने।





२. गाउँपालिकामा सञ्चालन रहेका उच्च शिक्षा प्रदायक संस्थामा समतामूलक पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई प्राविधिक तथा व्यावसायिक शिक्षाको मार्गमा लैजान सहयोग र सहजीकरण गर्ने।
३. गाउँपालिकामा रहेका उच्च तहको शिक्षा प्रदायक संस्थाहरुको विस्तार, सवलीकरण, गुणस्तर विकास गर्न सहयोग गर्ने।
४. गाउँपालिकामा बसोबास गर्ने विपन्न, महिला, युवा, अल्पसङ्ख्यक, लोपोन्मुख, पिछडिएका वर्ग, क्षेत्र, समुदाय र जनजातिहरूलाई निश्चित मापदण्डका आधारमा उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन, अनुसन्धानका अवसर सिर्जना गर्ने।
५. ज्ञानमा आधारित अर्थतन्त्रमा टेवा पुर्याउन सक्ने जनशक्ति उत्पादन गर्न तथा रोगजार प्रवर्द्धन गर्न नवीनतम खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गर्न आवश्यक सहयोग गर्ने।
६. विपद्, महामारी र सङ्कटको समयमा समेत शैक्षिक गतिविधिहरूलाई निरन्तरता प्रदान गर्नकालागि आवश्यक पर्ने प्रणाली स्थापना गर्न सहयोग, समन्वय र सहजीकरण गरिनेछ।
७. उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ।
८. शिक्षाको महत्व र आवश्यकता बारेमा जनचेतना जागाइ समुदायीलाइ प्रोत्साहित गरिने छ।

**५.८ अपेक्षित उपलब्ध( expected outcomes )**

**उपलब्धि( outcomes)**

१. उच्च शिक्षामा सवैको पहुँच सुनिश्चित भई समातामूलक सहभागिता सान्दर्भिकता र गुणास्तरमा सुधार हुने उच्च शिक्षा र विद्यालय शिक्षाबीच लम्वीय सम्बन्ध स्थापित हुने।
२. गाउँपालिकामा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाबाट सञ्चालन हुने उच्च शिक्षाका कार्यक्रमहरूमा समयानुकूल सुधार र स्तरोन्नति भएको हुने।
३. गाउँपालिकामा उपलब्ध जल, जमीन, जङ्गल, जडीबुटी र जैविक विविधता, पर्वतीय पर्यावरण, मौलिक कला संस्कति र सभ्यताको अध्ययन, अध्यापन र अनुसन्धान सुरुवात भएको हुने।
४. उच्च शिक्षालाई व्यावसायिक, व्यावहारिक र जीवनोपयोगी बनाई उत्पादन र आर्थिक उपार्जनसँग जोडेर स्वः रोजगारी सिर्जना र आत्मनिर्भर प्राविधिक र व्यावसायिक जनशक्ति उत्पादन भएका हुने।
५. उच्च शिक्षालाई उद्यम र व्यवसायसँग जोडेर जनताको आर्थिक समृद्धि र विकासको साधक प्राविधिक र व्यावसायिक जनशक्ति उत्पादन गर्न एक बहुप्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन गरिएको हुने।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय संख्या | ५४ | ५२ | ५२ | ५२ | ५२ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय संख्या | ५४ | ५२ | ५२ | ५२ | ५२ |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक नियुक्त गर्ने माध्यमिक विद्यालय संख्या | १३ | १३ | १३ | १३ | १३ |

**प्रमुख क्रियाकलाप र लक्ष्य:**

| क्रस | मुख्य क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य (५ वर्षे) १० वर्ष | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | माध्यमिक विद्यालयहरुमा सूचना अधिकारीको व्यवस्था | जना | ५ | २ | ३ | ३ | ० | १३ | १३ | |
| २ | सामाजिक परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | वार्षिक सार्वजनिक सुनुवाइ | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | प्रअ तथा शिक्षक कार्यसम्पादन सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | निःशुल्क |
| ५ | प्रअ तथा विव्यस/शि असं व्यवस्थापकीय तालिम | जना | ५४ | ५२ | ५२ | ५२ | ५२ | ५२ विद्यालय | ५२ विद्यालय | |
| ६ | लेखा व्यवस्थापनमा विद्युतीय प्रणालीको विकास | पटक | ० | ० | ४ | ५ | ६ | ६ | २५ | |
| ७ | विद्यालय पदाधिकारी,शिक्षक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | निःशुल्क |





## ६.१ विद्यालय सुशासन तथा व्यवस्थापन

### ६.१.१ परिचय

शिक्षा पद्धतिमा निर्णय तथासो को कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्ध (governance) लाई जनाउँदछ । यसमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । विद्यालय क्षेत्रको योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरुले सहभागिता तथा सहमतिमा निर्णय गर्नु तथा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उदेश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुन, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासन (good governance) को प्रत्याभूति गर्नुपर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारीहरुको भूमिका रहने भएकाले भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ ।

शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । सुशासन तथा व्यवस्थापन सम्बन्धी उल्लिखित तीन पक्षहरुको उचित व्यवस्थापनका लागि योजनाका उदेश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप संवैधानिक प्रावधानअनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्य-मान्यता र दृष्टिकोणमा आएको परिर्वतनलाई विचार गर्नु पर्दछ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचिसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । त्यसैगरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजा प्रतिको जिम्मेवारी र उत्तरदायित्वजस्ता पक्षहरुलाई प्राथमिकता दिनु पर्दछ ।

यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ । वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरुको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली स्थापित गर्नु आवश्यक देखिन्छ ।

### ६.१.२ संस्थागत क्षमता विकास:

**वर्तमान अवस्था**

केदारस्यूँ गाउँपालिकाको शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित रुपमा अगाडि बढाउन दक्ष रसक्षम जनशक्तिका साथै स्रोत साधनको आवश्यकता पर्दछ ।जनशक्तिको उचित व्यवस्थापन र संगठनात्मक सुदृढीकरणले संस्थाको कार्य सम्पादनमा वृद्धि हुने गर्दछ । वर्तमान बदलिँदो परिवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको संङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिर्वतन लगायतका पक्षहरुलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक छ । वर्तमान अवस्थामा केदारस्यूँ गाउँपालिका भरिका ५४ वटै विद्यालयहरूमा शिक्षा क्षेत्रको व्यवस्थापन गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयमा शिक्षा, युवा तथा खेलकूद शाखा रहेको छ । शिक्षा शाखामा शिक्षा प्रशासन,शिक्षा सेवाका अधिकृतस्तर तहको एक जना र शिक्षा प्रशासन शिक्षा सेवासहायक स्तर पाँचौ तहको एक जना गरी जम्मा २ जनाको दरबन्दी रहेको छ। शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण, पालिकास्तरीय योजनाको विकास, अनुगमन तथा मूल्याङ्कनका लागि विद्यालय, गाउँ शिक्षा समिति र गाउँपालिका बीच समन्वय स्थापित गरी अवश्यक सहजीकरण गर्नु शिक्षा शाखाको प्रमुख दायित्व रहेको छ । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय, प्रादेशिक र स्थानीय तहमा ऐन तथा नियमावलीहरुको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरु विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रुपमा सञ्चालन गर्न नसकेको कुराहरु सत्य सावित नै छ।

### ६.१.३ अवसर तथा चुनौतिहरू

१. शैक्षिक व्यवस्थापनमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने ,
२. विद्यालयका समग्र गतिविधिहरूलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने ,
३. शैक्षिक सुशासनकालागी दिगो स्रोत व्यवस्थापन गर्ने ।

### ६.१.४ उद्देश्य

१. सुशासनाकोलागी दक्ष जनशक्तिको व्यवस्थापन गर्नु।
२. सुशासनाकोलागी पेशागत तथा संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
३. आवश्यक स्रोत साधनको उचित व्यवस्थापन गर्नु ।
४. शैक्षिक तथा प्रशासनिक जवाफदेहिता अभिबृद्दी गरी शैक्षिक शुसासन कायम गर्नु ।





### ६.१.५ रणनीतिहरू

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिने छ
२. संस्थागत संरचना अनुसार जनशक्ति व्यवस्थापन गरिने छ ।
३. कार्यरत जनशक्तिको क्षमता विकास गरिने छ ।
४. प्रधानाध्यापक,विद्यालय व्यवस्थापन समिति अक्ष्यक्षलाई थप जिम्मेवार बनाइ क्षमता विकास गरिने छ ।
५. कार्यक्रमको प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गरिने छ ।
६. विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी र अभिभावकहरु विच निरन्तर समन्वय र सम्बन्ध स्थापित गरिने छ ।

### ६.१.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप

**उपलब्धीहरु**

१. शिक्षा क्षेत्रमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
२. शिक्षा क्षेत्रमा कार्यरथ जनशक्तीको क्षमता अभिवृद्धी भइ जवाफदेहिता, उत्तरदायित्व र जिम्मेवारीमा वृद्धि भएको हुनेछ ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ ।
४. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालीम प्राप्त प्रधानाध्यापक संख्या | १३ | १३ | १३ | १३ | १३ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालीम प्राप्त प्रधानाध्यापक संख्या | ५४ | ५२ | ५२ | ५२ | ५२ |

## प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | | १ | १ | १ | १ | १ | ५ | | |
| २ | कानुन,कार्यविधि र निर्देशिका निर्माण | पटक | | १ | १ | १ | १ | ५ | १० | | आवश्यकता अनुसार |
| ३ | कार्यक्रम कार्यान्वयनको लागि अभिमुखीकरण | पटक | | १ | १ | १ | १ | १ | १० | | |
| ४ | शैक्षिक तथ्याङ्क व्यवस्थापन | पटक | | १ | १ | १ | १ | १ | १० | | |
| ५ | शि असं र वि.व्य.सलाई विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक सम्बन्धी अभिमुखिकरण। | पटक | | १ | १ | १ | १ | १ | १० | | |
| ६ | सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल | पटक | | १ | १ | १ | १ | १ | १० | | |
| ७ | शैक्षिक तथ्याङ्क व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | | |
| ८ | शिअस र विव्यसलाई विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक सम्बन्धी अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | | |
| ९ | सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल | पटक | १ | १ | १ | १ | १ | ५ | १० | | |
| जम्मा रकम ७ लाख | | | | | | | | | | | |





| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी, आचार संहिता निर्माण | | | | | | | | | |
| ८ | वार्षिक विद्यालय कार्यसम्पादन परीक्षण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | निःशुल्क |
| ९ | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने। | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | निःशुल्क |
| १० | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | १ लाख |
| ११ | शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धती विकास गरी कार्यान्वयन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | निःशुल्क |
| जम्मा १० लाख | | | | | | | | | | |

### ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

#### ६.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको भएतापनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्नेछ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपना, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

#### ६.२.२ वर्तमान अवस्था

योजना निर्माण पश्चात कार्यान्वयनमा प्रभावकारीपन नभएमा योजना निर्माणको औचित्य रहँदैन ।नेपालमा योजना धेरै बन्छन् तर कार्यान्वयनको अभावमा कागजमा परिणत भएर थन्किएका विगतका अनुभवहरुबाट प्रस्ट हुन्छ ।यस सन्दर्भमा संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा गर्ने, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयहरुसँग समन्वय र सहकार्य गर्दछ। त्यसै गरी विकास साझेदारहरुसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमहरु कार्यान्वय गर्ने गर्दछ। संघीय संरचना अनुसार कार्य सम्पादन गर्नका लागि परिवर्तन भएको उल्लेखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कायम गरि कुशल व्यवस्थापनको लागि प्रयाप्त देखिदैन। गाउँपालिकामा कर्मचारी अभाव,स्पष्ट जिम्मेवारी नहुनु तथा कार्यबोझलेकार्यान्वयनमा जटिलता आउने गरेको छ ।

#### ६.२.३ अवसर तथा चुनौतिहरु

- शिक्षा सम्बन्धि कार्यक्रम कार्यान्वयन गर्ने निकायमा कार्य गर्ने जनशक्ति व्यवस्थापन गर्नु ।
- शिक्षा सम्बन्धि कार्य गर्ने केन्द्रिय निकाय, प्रदेश स्तरीय निकाय , स्थानीय तह तथा संघ संस्थाका कार्यहरुलाई एकद्धार प्रणालीमा ल्याउनु ।
- स्थानीय स्तरबाट शिक्षाका क्रियाकलाप कार्यान्वयन गर्नका लागि स्रोत तथा लगानी व्यवस्थापन गर्नु ।
- शिक्षक अभिभावक संघ र विद्यालय व्यवस्थापन समितिलाई सक्रिय गराउनु ।
- विद्यालयमा दक्ष जनशक्ति उपलब्ध गराउनु ।





#### ६.२.४ उदेश्यहरु

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गरि गुणस्तरीय शिक्षा प्रदान गर्नु ।

#### ६.२.५ रणनीतिहरु

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण भई प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरि वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तय गरिने छ ।
२. कार्यक्रम कार्यान्वयनको लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गरिने छ |
३. योजना कार्यान्वयनको लागि शिक्षा, युवा तथा खेलकुद शाखाको अतिरिक्त अन्य समिति तथा उपसमिति निर्माण गरिने छ |
४. शिक्षकहरुलाई समय-समयमा शैक्षिक योजनाको बारेमा अभिमुखीकरण गरिने छ ।
५. एकिकृत शैक्षिक सूचना व्यवस्थापनको आधारमा नियमित रुपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजा बारे समीक्षा गरिने छ ।
६. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गरिने छ ।
७. वित्तिय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्य सुनिश्चितताको आवश्यक मापदण्ड तयार गरिने छ ।
८. वडा कार्यालय मार्फत अभिभावक तथा सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल गरि शैक्षिक गतिविधिको बारेमा अवगत गराइने छ ।
९. विद्यालय व्यवस्थापन समितिसँग अन्तरक्रिया गरि निर्धारित कार्यक्रम कार्यान्वयनको लागि प्रधानाध्यापकहरुलाई जिम्मेवार बनाइने छ ।

#### ६.२.६ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलाप

**उपलब्धिहरु**

- शिक्षा योजनको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।
- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

१३. शिक्षा क्षेत्रको शैक्षिक, भौतिक तथा प्रशासनिक विकास तथा गुणस्तरको लागि गाउँपालिकाले आफ्नो समानीकरण अनुदानको कम्तिमा २० प्रतिशत लगानी।

### ७.७ अपेक्षित उपलब्धि

१. वि.सं. २०८९ (सन् २०३२) सम्म गाउँपालिकाले समानीकरण बजेटमा शिक्षामा गर्ने लगानी २०प्रतिशत पुगेको हुनेछ।

२. आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क भएको हुनेछ।

३. प्रविधिमैत्रि शिक्षाको विकास भइ शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ।

४. शिक्षकहरुको पेशागत क्षमता विकास भएको हुनेछ।

५. वित्तिय व्यवस्थापन क्षमतामा सुधार भइ वित्तिय कार्यकुशलता, पारदर्शिता, उत्तरदायित्व र जिम्मेवारी सुनिश्चित भएको हुनेछ।





# परिच्छेद ७
## लगानी र स्रोत व्यवस्थापन

### ७.१ परिचय

कुनै पनि योजना सफल रुपमा कार्यान्वयन गर्नको लागि आर्थिक स्रोतको सहि पहिचान र परिचालन गर्नुपर्ने आवश्यकता रहन्छ। त्यसै गरी आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गर्न तथा वढ्दो जन आकांक्षा र आवश्यकताहरुलाई कुनैपनि योजनाले सम्वोधन गर्नै पर्दछ र त्यसरी सम्बोधन गर्दा निश्चित रुपमा विगतका उपलब्धि र अनुभव एवं वर्तमानको आवश्यकता र भविष्यको दृष्टिकोण र लक्ष्यको आधारमा केही पूरानो कार्यक्रमहरुलाई निरन्तरता दिनु पर्ने तथा कतिपय नयाँ कार्यक्रमहरु थप गर्नुपर्ने हुन्छ। यसै सन्दर्भमा यस योजनामा निरन्तर तथा नयाँ कार्यक्रमहरुलाई समावेश गर्ने गरी यो वित्तीय योजना निर्माण गरिएको छ। विशेष गरी आधारभूत तथा माध्यमिक शिक्षामा गाउँपालिकाले जोड दिनुपर्ने देखिन्छ। शिक्षामा गरिने लगानी व्यक्ति, समाज र राष्ट्रको दीर्घकालिन हितको लागि हुन्छ। नेपालको संविधान, २०७२ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने व्यवस्था गरिएको छ। उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ जारी भएको छ भने उक्त ऐन कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ पनि स्वीकृत गरेको छ। संवैधानिक एवम कानुनी प्रावधान अनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आवश्यक स्रोतको खोजी, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ।

त्यसलाई कार्यान्वयन गर्नको लागि समेत यस योजनाले विशेष वित्तिय व्यवस्थापन गर्नुपर्ने देखिन्छ। शिक्षामा पर्याप्त लगानी गर्दा समतामूलक र न्यायमूलक समाज निर्माणमा विशेष सहयोग पुग्ने देखिन्छ। संघ तथा प्रदेशसँग समन्वय गरी वर्तमान समयको आवश्यकता बमोजिम शिक्षामा बजेट व्यवस्थापन गर्नु आवश्यक छ। शिक्षामा आवश्यक पर्ने आर्थिक स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा विनियोजन गर्ने, विनियोजन गरेपश्चात कसरी खर्च गर्ने र खर्च गरिएको क्षेत्रको उपलब्धि के कस्तो रहने जस्ता विषयहरु समेत योजनामा समावेश गर्न खोजिएको छ।

### ७.२ वर्तमान अवस्था

शिक्षामा लगानी बढाउनुपर्छ भनेर गाउँपालिकाका विभिन्न नीति तथा योजनाहरुमा समावेश गरिएको पाइन्छ। नेपालको संघीय तहबाट शिक्षामा जम्मा १० प्रतिशत लगानी गरिएको अवस्था छ भने गाउँपालिकाले शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिएको पाइन्छ। आर्थिक वर्ष २०८१।८२ मा केदारस्यूँ गाउँपालिकाले समानीकरण बजेट अन्तर्गत शिक्षामा करीव दुई करोड पचास लाख रकम

विनियोजन गरेको थियो। यसरी हेर्दा गाउँपालिकाले शिक्षा क्षेत्रलाई विकासको प्रमुख पूर्वाधारको रुपमा अङ्गिकार गरेको पाइन्छ। त्यसैगरी शिक्षामा घरपरिवारको अप्रत्यक्ष तथा प्रत्यक्ष लगानी तथा नीजि क्षेत्रको लगानी समेत उल्लेख्य रुपमा रहेको पाइन्छ। स्थानीय सरकारले शिक्षामा गरेको प्रशासनिक र व्यवस्थापकिय लगानी समेत महत्वपूर्ण रहेको छ। हाल संघीय सरकारबाट सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरिएको छ। त्यसैगरी सामुदायिक विद्यालयहरुमा विभिन्न किसिमका छात्रवृत्तिको व्यवस्था गरिएको छ। पूर्व प्राथमिक कक्षा १ देखि कक्षा ८ सम्म दिवा खाजाको व्यवस्था गरिएको छ भने कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि स्यानिटरी प्याडको व्यवस्था गरिएको छ। केदारस्यूँ गाउँपालिकाले आधारभूत शिक्षालाई निःशुल्क बनाउनका लागि वार्षिक नीति, बजेट तथा कार्यक्रमको व्यवस्था गरिएको छ र त्यसको लागि एउटा कार्यविधि समेत निर्माण गरी सकेको छ। शिक्षामा गरिने लगानीलाई मानव संशाधन विकासको प्रमुख लगानीको रुपमा लिईन्छ।

**चुनौतिहरु तथा अवसर**

१. विद्यालय शिक्षामा लगानी वृद्धि र दिगो स्रोतको व्यवस्थापन गर्नु।
२. नीजि क्षेत्रबाट शिक्षामा गरिने लगानीलाई सार्वजनिक सेवा, सामाजिक दायित्व र सेवामूलक बनाउनु।
३. प्राविधिक तथा व्यावसायिक शिक्षामा अध्ययन गर्ने विद्यार्थी संख्या बढाउनु।
४. सूचना तथा सञ्चार प्रविधि मैत्रि शिक्षण प्रणालिको व्यवस्थापन गर्नु।
५. विद्यार्थीको सिकाइ तथा कुशलतामा वृद्धि गर्ने गरी आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नु।
६. शिक्षामा समावेशीता र समतामा सुधार गर्न आर्थिक रुपमा कमजोर, विपन्न तथा कठिन परिस्थितिमा रहेका र अपाङ्ता भएका बालबालिकाहरुको पहुँच, सहभागिता र गुणस्तरीयता सुनिश्चित गर्नु।
७. वित्तिय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने ।
८. शिक्षक तालिमका लागी श्रोत व्यवसथापन गर्ने।
९. विद्यालयमा शैक्षिक सामाग्रीको व्यवस्थावन गर्ने।
१०. विद्यालयको आर्थिक श्रोतको दिगो व्यवस्थापन गर्ने।





**७.३ उद्देश्य:**

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक बजेटको प्रक्षेपण गर्नु।
२. विद्यालय शिक्षा सम्बन्धि पहिचान गरीएका कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक वित्तिय स्रोत पहिचान गर्नु।
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमहरुको प्राथमिकताक्रम तोकि कार्यक्रमगत बजेट निर्धारण गर्नु।
४. खर्चको प्रक्रिया, भूमिका र दायित्व स्पष्ट पार्नु।
५. लागत प्रतिफलको जानकारी लिने उपयुक्त विधि, प्रक्रिया उपयुक्त पद्धतिको विकास गर्नु।

**७.४ रणनीतिहरु**

१. गाउँसभालाई शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखि बजेट छुट्याउने गरी कार्यक्रमहरुको प्रस्ताव तयार गर्ने।
२. शिक्षकहरुको क्षमता विकासका लागि पालिकास्तरीय क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने र गाउँस्तरीय क्षमता विकासका लागि आवश्यक बजेट स्थानीय सरकारको लगानी।
३. सामुदायिक विद्यालयमा कार्यरत स्वयंसेबक शिक्षकहरुको लागि तलब भत्ता र प्रोत्साहनको व्यवस्था।
४. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास गर्न पालिकाले आफ्नो लगानीमा अन्य विद्यालयहरूमा विस्तार।
५. उच्च शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाहरुलाई व्यवस्थापन तथा क्षमता विस्तार।
६. संघीय र प्रदेश सरकारबाट समेट्न नसकेका कार्यक्रमहरुको हकमा सशर्त नै कार्यक्रम विस्तार गर्न संघीय र प्रदेश सरकारलाई पहल।
७. भौतिक पूर्वाधार विकासका लागि संघीय सरकारको ६०%, प्रदेश सरकारको २०% र गाउँपालिकाको २०% लगानी गर्ने
८. विद्यालयहरुलाई अनुदान प्रदान गरीए पश्चात गुणस्तर सुनिश्चितका लागि सम्बन्धित विद्यालयलाई नै जिम्मेवार बनाउने।
९. विद्यालयहरुलाई अनुदान प्रदान गर्नुपूर्व जुन शीर्षकमा अनुदान प्रदान गरिएको छ त्यसको खर्चको आधार तथा कार्यविधि
१०. विद्यालयका सम्पूर्ण आर्थिक क्रियाकलापहरु सफ्टवेयरमा आधारित बनाउने।
११. तोकिएकै शिर्षकमा रकम खर्च गर्न विद्यालयहरुलाई निर्देशन।
१२. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशालाको विस्तार गर्न संघीय, प्रदेश सरकार मार्फत पहल गर्ने छ र सो बाट अपुग रकम व्यवस्थापन।

**ग ) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target )**

| क्र स | क्रियाकलाप | एकाइ | पहिलो बर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाच वर्ष | जम्मा | लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अनुगमनको जिम्मेवारी सहित एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन विकास | संघ, प्रदेश ,गाउँपालिका | ३ | ३ | ३ | ३ | ३ | १२ | २४ | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार तथा अध्यावधिक गर्ने | गाउँपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ३ | कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तह तथा निकायले आफुले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | संघ, गाउँपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ४ | कार्यक्रम कार्यान्वयनको मासिक तथा बार्षिक समीक्षा तथा प्रतिवेदन | गाउँपालिका | प्रत्यक महिना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ५ | शैक्षिक सूचना व्यवस्थापन \| सुधार–पटक पद्धतिमा सुधार गरी तीनै तहका सरकारले आवश्यक कार्यान्वयन–पटक सूचना लिन सक्ने गरी एकीकृत तथा व्यवस्थित गर्ने | गाउँपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ६ | स्थिति प्रतिवेदन तयार गर्ने | शिक्षा शाखा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ७ | विभिन्न कार्यक्रमको आवधिक \| कार्यक्रम मूल्याङ्कन गर्ने | गाउँपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ८ | शिक्षा क्षेत्रको योजना पटक कार्यान्वयनको | गाउँपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |





# परिच्छेद ८

## अनुगमन तथा मूल्याङ्कन

### ८.१ परिचय

स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरुमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैनन् भन्ने सुनिश्चितताको लागि एउटा संयन्त्र निर्माण गरी कार्यकम कार्यान्वयनको लक्ष्य तथा प्रगतिका बारेमा समय तालिका अनुसार निरीक्षण, पर्यवेक्षण, निगरानी, पूर्ननिरीक्षण, रेखदेख, जाँचबुझ भौतिक रुपमा वा अन्य कुनै साधनको प्रयोग गरी गर्ने गराउने काम अनुगमन हो । यसले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाको जानकारी गराउँछ । यसरी नै मूल्यांकनले शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता, उपयुक्तता, सान्दर्भिकताकोलेखाजोखा तथा जाँचबुझ गरी उक्त कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त गरिन्छ । अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा गरिन्छ भने मुल्यांकन सम्बन्धी कार्यक्रमहरूको सञ्चालनका चरणहरु साथसाथै कार्य सम्पन्न भएपछि पनि गरिन्छ । स्थानीय स्तरमा संचालन भएको शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायीपूर्ण बनाउनको लागि अनुगमन तथा मूल्यांकन अनिवार्य छ ।

केदारस्यू गाउँपालिकाको १० वर्षे शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनुगमन तथा मूल्यांकनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू, उद्देश्य, रणनीति एवं यस शिक्षा क्षेत्रको योजनामा स्थानीय स्तरमा अनुगमन तथा मुल्यांकन प्रणालीको विकासका लागि गाउँपालिका भित्रका सबै वडाहरुमा सञ्चालित सामुदायिक विद्यालय, संस्थागत तथा निजी विद्यालयहरु, बालविकास तथा सिकाई केन्द्रहरुमा संचालित सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन, ढाँचा, साधन, विषय र प्रतिवेदन प्रस्तुत गरिएको छ ।

### ८.२ वर्तमान अवस्था

अवलोकन तथा मूल्यांकनलाई योजनाको अभिन्न अंगका रुपमा लिँदै हाल विद्यमान रहेको गाउँ शिक्षा संयन्त्रलाई आवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउदै आवश्यक मानवीय तथा भौतिक व्यवस्थापनमा जोड दिँदै पालिका अध्यक्षको अध्यक्षतामा रहेको गाउँ शिक्षा समितिबाट आवश्यक रूपमा बैठक बसि कार्य प्रगति समीक्षा हुने गर्दछ । त्यसैगरी गाउँपालिकाको शिक्षा शाखाबाट पनि शैक्षिक गतिविधि तथा गाउँपालिका भित्र रहेका विद्यालयहरुको अनुगमन र मूल्यांकन भइरहेको छ । अनुगमन तथा मूल्यांकनका लागि विद्यालय क्षेत्र योजना, चालू आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रमलाई आधार लिई सोको विवरण आवश्यकताका आधारमा शिक्षा विकास तथा

समन्वय इकाई, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पुऱ्याउने प्रबन्धमा गरिएको छ।
हाल आएर स्रोतकेन्द्र/ स्रोत व्यक्ति नभएको र विद्यालय निरीक्षण गर्ने स्पष्ट जिम्मेवारी सहित विद्यालय निरीक्षकको व्यवस्था पनि नभएको अवस्था छ।

**८.३ अवसर तथा चुनौतीहरु**

- मापन योग्य सूचकहरूको निर्धारण गरी सोसँग सम्बन्धित दक्षता र सीप भएका जनशक्ति तयार गर्ने।
- अनुगमन कार्यलाई नियमित र प्रभावकारीबनाउन पर्याप्त स्रोत साधनको प्रबन्ध गर्ने।
- अनुगमन तथा मूल्याङ्कनकार्यमा सूचना तथा प्रविधिको उपयोगगर्ने।
- क्षेत्राधिकार सहितको स्पष्ट अनुगमन संयन्त्र निर्माण गरी कार्यान्वयन गर्ने।
- पालिकाभित्र रहेका विद्यालयबाट योग्य तथा दक्ष शिक्षकहरूको सहयोगमा कार्यक्रम अनुगमनगर्ने।
- स्थानीय। स्तरमा विज्ञ समुह गठन गरी उक्त समुह मार्फत विद्यालय अनुगमनको थालनी गर्ने
- विद्यालय अनुगमन तथा मुल्यांकन कार्यमा शिक्षा क्षेत्रकासाझेदार संघसंस्थाहरु,विद्यालय व्यवस्थापन समिति, शिक्षक अविभावक संघ लाई उत्प्रेरित गर्ने |

**८.४ उद्देश्यहरु**

- स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु
- योजनाको निर्माण देखि प्रयोग तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु।

**८.५ रणनीतिहरु**

- संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबीच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागु गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिनेछ।
- गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति गठन गरि समग्र शैक्षिक कार्यक्रमको अनुगमनगरिनेछ।





- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी IEMIS का सूचकको आधारमा अनुगमन तथा मुल्यांकन गरिने छ|।
- जननिर्वाचित प्रतिनिधिर शिक्षा, युवा तथा खेलकुद शाखाबाट नियमित रुपमा अनुगमन गरिनेछ।
- विद्यालय तहमा प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ।
- स्थानीय विज्ञ समूहलाई थप जिम्मेवार बनाई विद्यालयको अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित गरिनेछ।
- विध्यालय अनुगमन तथा मुल्यांकन संगै शिक्षकहरुलाई कक्षाकोठामै सहयोग पुर्याउने पद्धतिको विकास गरिनेछ।
- विद्यालयको अनुगमन तथा मुल्यांकन कार्यलाई प्रभावकारी बनाउन शिक्षा संगसम्बद्ध निकायहरुको क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको आयोजना गरिनेछ।

**८.६ उपलब्धि, नतिजा रप्रमुख क्रियाकलाप**

**उपलब्धि**

- योजना कार्यान्वयनका क्रममा आएका समस्या तथा चुनौतीहरु समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने।
- आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने।
- सूचकमा आधारित अनुगमन प्रणाली लागुहुने।
- अनुगमनका आधारमा नतिजा सुधार हुने।
- अनुगमन तथा मूल्याङ्कनकालागी संस्थागत संरचना तथा क्षमता विकास हुने।
- विद्यार्थी उपलब्धि तथा विद्यालय कार्यसम्पादन परीक्षण थप व्यवस्थित र नियमित गरी त्यसका नतिजाका आधारमा थप सुधार गर्ने प्रणाली विकास हुने।

## परिच्छेद ५ : अन्य उपक्षेत्र

५.१ उच्च शिक्षा

५.२ मातृभाषामा शिक्षा

५.३ सार्वजनिक पुस्तकालय

५.४ नैतिक शिक्षा

## परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

## परिच्छेद ७ : लगानी र श्रोत व्यवस्थापन

७.१ वर्तमान अवस्था

७.२ उद्देश्य

७.३ रणनीति

७.४ प्रमुख उपलब्धि

७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

७.६ योजनाको वार्षिक वजेट तर्जुमा प्रक्रिया

७.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

## परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

८.१ वर्तमान अवस्था

८.२ उद्देश्य

८.३ रणनीति

८.४ प्रमुख उपलब्धि तथा नतिजा

८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य





| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | समग्र मूल्याङ्कन गर्ने | | | | | | | | | |
| ९ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | शिक्षा शखा र सम्बन्धित बिधालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| १० | विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने। | वि.व्य. स र न गाउँपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ११ | स्थानीय तहले अनुगमन पद्धति विकास तथा कार्यान्वयन गर्ने | गाउँपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| १२ | , मूल्याङ्कन तथा। प्रतिवेदन प्रणालीलाई सुदृढ गर्न क्षमता विकास गर्ने | संघ, गाउँपालिका र विधालय | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | गाउँपालिका |
| १३ | विद्यालयहरूमा गरिने विद्यालय सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | सम्बन्धित विधालय | १ | १ | १ | १ | १ | ५ | १० | सम्बन्धित विधालय |
| १४ | विद्यालयहरूको लेखा परीक्षण | सम्बन्धित विधालय | १ | १ | १ | १ | १ | ५ | १० | सम्बन्धित विधालय |
| १५ | विभिन्न विषय तथा मुद्दामा अध्ययन तथा अनुसन्धान | विषय शिक्षक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | विधालय तथा शिक्षक |

### ८.७ समन्वय र सहजीकरण

योजना निर्माण पश्चात कार्यान्वयन चरणमा प्रवेश गर्छ । योजनाको प्रभावकारी रुपमा कार्यन्वयन गर्न सम्बद्ध सबै संयन्त्रहरुको उचित सहयोग र सहकार्यको आवश्यकता पर्दछ । योजना कार्यान्वयनमा कतिपय कार्यक्रमहरू सहजै कार्यान्वयन गर्न सकिने प्रकृतिका हुन्छन भने कतिपय कार्यक्रमहरू विविध समस्याहरु भएपनि वाध्यात्मक रुपमा कार्यान्वयनमा लैजुपर्ने खालका हुन्छन । योजनाको कार्यान्वयन गर्दा देखा परेका समस्या, चुनौति र अवसरहरूको उचित निकास निकाल्न सम्बद्ध सरोकारवाला तथा विज्ञ पक्षहरुसँग आवश्यकतानुसार समन्वय र सहजीकरण गर्नु सान्दर्भिक हुन्छ।

हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको अधिकार क्षेत्रमा आधारभूत र माध्यमिक तहको शिक्षाको अधिकारको व्यवस्था गरेको छ। यसै अन्तरगत औपचारिक शिक्षा, विशेष शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा लगायतका शैक्षिक अधिकार समेत समावेश गरीएका छन।

यी सबै अधिकारको पूर्ण रुपमा लागि गाउँपालिका आत्मनिर्भर भइ नसकेको अवस्थामा यस्तो महत्वपूर्ण गाउँ शिक्षा क्षेत्र योजना कार्यान्वयनमा प्रदेश र संघीय सरकार सघं संस्थाहरुको समन्वय र सहजीकरण आवश्यक हुन्छ ।

यस योजनाको कार्यान्वयनमा तपसील बमोजिमका निकायहरुसँग समन्वय र सहजिकरण गरिनेछः

१. संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरु
२. प्रदेश सामाजिक विकास मन्त्रालय र अन्तर्गतका निकायहरु
३. शिक्षा सम्बद्ध विभिन्न सरकारी संघ संस्थाहरु
४. शिक्षा सम्बद्ध विभिन्न गैरसरकारी संघसंस्थाहरु
५. शिक्षासँग सम्बन्धित संघ तथा प्रदेशका अन्य कार्यालयहरु
६. स्थानीय FM हरू





# अनुसूचीहरु

## अनुसुचि १

**परिच्छेद १ : परिचय**

१.वर्तमान अवस्था

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

**परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण**

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

२.२ दूरदृष्टि

२.३ लक्ष्य

२.४ उद्देश्य

२.५ रणनीति

२.६ कार्यनीति

२.७ अपेक्षित उपलब्धि

२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

२.९ लक्ष्य निर्धारण

**परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्र**

३.१ प्रारम्भिक वालविकास र शिक्षा

३.२ आधारभूत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

४.२ शिक्षक व्यवस्थापन र विकास

४.३ शैक्षिक समता र समावेशीकरण

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

४.५ विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

## अनुसूची –४

### गाउँ शिक्षा योजना निर्माण मस्यौदा समितिका पदाधिकारीहरु र सल्लाहकार समितिका पदाधिकारीहरुको विवरण २०८१

(क) **शिक्षा क्षेत्र योजना निर्माण मस्यौदा समितिका पदाधिकारीहरु**

| क्र.सं. | नाम थर | पद | ठेगाना र विवरण |
|---|---|---|---|
| १ | केशव राज भट्ट | नि.प्रमुख प्रशासकिय अधिकृत | केदारस्यूँ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय देउरा, बझाङ |
| २ | हिक्मत बहादुर भण्डारी | प्राविधिक साहक | श्री चन्द्रोदय माध्यमिक विद्यालय, भाडसैन |
| ३ | रोशन धमेना | शिक्षक | चन्द्रोदय मा. वि |
| ४ | धुर्व बहादुर कुँवर | शिक्षक शिक्षोदय मा.वि | शिक्षोदय मा.वि |
| ५ | खगेन्द्र नाथ | शिक्षक | भैरव मा.वि . झोता |
| ६ | नारायण मल्ल | शिक्षक | गर्जेपानी मा.वि रायल |
| ७ | विक्रम भण्डारी | शिक्षक वेताल मा.वि | |
| ८ | पदमा खत्री | शिक्षा अधिकृत | समुदायिक विकास केन्द्र डोटी |

(ख) **शिक्षा क्षेत्र योजना निर्माण सल्लाहकार समितिका पदाधिकारीहरु**

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | गणेश बहादुर बोहरा | अध्यक्ष (संयोजक) | 9865620270 |
| २ | मनिषा धामी | उपाध्यक्ष (सदस्य) | 9864328722 |
| ३ | शेर बहादुर विष्ट | सा.वि.स.संयोजक (सदस्य) | 9868439520 |
| ४ | तस्विर वि.क. | प्रवक्ता (सदस्य) | 9765913775 |





## अनुसुचि २.

### केदारस्यूँ गाउँपालिकको १० वर्षे शिक्ष क्षेत्र योजना कार्यान्वयनको लागी आवश्यक कार्यक्रम तथा बजेट

| क्र स | क्रियाकलाप | १० वर्षको लागी अवश्कय पर्ने बजेट | कैफिएत |
|---|---|---|---|
| १ | उत्कृष्ट सिकाइ उपलब्धि हासील गर्ने विषयगत शिक्षक लाइ सम्मान गर्ने | १ लाख | शिक्षा संग सरोकार राख्ने संघ संस्था आवश्यक सहकार्य गरि कार्ययोनालाइ कार्यान्वयन गर्ने। |
| २ | विपन्न लक्षित छात्रवृदिको व्यवस्थापन | ५ लाख | |
| ३ | एक विद्यालय एक स्वास्थ्य किटको व्यवस्थापन | २ लाख | |
| ४ | सस्थागत र सामुदायीक विद्यालयहरु विच अनुभव आदानप्रदान गर्न कार्यक्रम सचालन गर्ने। | १ लाख | |
| ५ | शिक्षकहरुको क्षमता विकासका कार्यक्रम सँचालन गर्ने | ५ लाख | |
| ६ | ECD शिकहरु विच शिकाई आदानप्रदान कार्यक्रम सँचचालन गर्ने | ३ लाख | |
| ७ | एक शिक्षक एक कम्प्युटरको व्यवस्थापन गर्ने | १० लाख | |
| ८ | माध्यामिक विद्यालयमा ICT को माध्यामबाट शिक्षण प्रविधिको व्यवस्थापन गर्ने। | १० लाख | |
| ९ | अभिभाबकको सक्रियता बढाउन वि.व्य.स,शि.अ.स , विद्यार्थी र शिक्षकहरु विच अन्तरक्रिया कार्यक्रम सँचालन गर्ने | १ लाख | |
| १० | अभिभाबक र कक्षा शिक्षक सँग अन्तरक्रिया कार्यक्रम सँचालन गर्ने। | ० | |
| ११ | हरित विद्यालयको अवधारणा बारे शिक्षाकहरुलाइ तालिमको व्यवस्थापन गर्ने। | १ लाख | |
| १२ | शिक्षा क्षेत्रको गुणास्तर कायम गराउनको लागी त्रैमासीक रुपमा गाउँपालिका र वडा कार्यालय बाट अनिबार्य रुपमा अनुगमन गर्ने। | १ लाख | |
| १३ | कमजोर विद्याथीहरुका लागी थप कक्षाको व्यवस्थापन गर्ने | १ लाख | |
| १४ | ECD बाट नै विद्यार्थीहरुको शिकाइ सुधार गर्नको लागी शिक्षा शाखा, गाउँपालिका ,वडा कार्यालय , प्रधानाध्यापक र सरोकारवालाहरु सहितको अन्तरक्रियात्मक कार्यक्रम संचालन गर्ने। | निशुल्क | |
| १५ | कम्तीमा एक वडामा एक नमूना प्रारम्भिक बालविकास केन्द्र र एक नमूना विद्यालयको विकास गर्ने छ। | ५ लाख | |
| १६ | विद्यालयमा नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारी र सरोकारवालाहरुको क्षमता अभिबृद्धि गरिने । | ४ लाख | |
| १७ | कार्य सम्पादनका आधारमा प्रत्येक बर्ष उत्कृष्ट विद्यालय, विद्यार्थी र शिक्षक छनौट गरी पुरुस्कृत गर्ने। | ५ हजार | |
| १८ | विपन्न तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी लक्षित छात्रवृत्ति, | ५० हजार | |

| | | | |
|---|---|---|---|
| | शैक्षिक | | |
| १९ | विद्यालयमा बालबालिका भर्ना गरेका अभिभावकलाई कम्तीमा एक दिनको अभिभावक शिक्षा व्यवस्थापन गर्ने कार्यशाल गर्ने। | निशुल्क | |
| २० | सञ्चालनमा रहेका प्राविधिक शिक्षालाई व्यवस्थित गरी थप प्राविधिक विद्यालयको स्थापना गर्ने। | १ लाख | |
| २१ | प्रधानाध्यापकहरुसंग गाँउपालिकाले करार समझौता गरि निश्चित प्रतिशत सिकाइ उपलब्धि प्राप्त गर्न जिम्मेवार बनाइउने। | ५० हजार | |
| २२ | सामुदायिक अध्ययन केन्द्र मार्फत परम्परागत सीप र दक्षता संरक्षण र विकास कार्यलाई निरन्तरता गर्ने। | ३ लाख | |
| २३ | बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री, बाल उथ्थानको व्यवस्थापन गर्ने। | ३ लाख | |
| २४ | विद्यार्थी केन्द्रित शिक्षण र परियोजना कार्यमा प्राथमिकता दिनेबारेमा शिक्षकहरुलाई तालिमको ब्यवस्थापन गर्ने। | १ लाख | |
| २५ | विद्यालयका सम्पूर्ण आर्थिक क्रियाकलापहरु सफ्टवेयरमा आधारित बनाउने | निशुल्क | |
| २६ | ागत सहयोग र विद्यालय सुपरिवेक्षण<br>विज्ञ समूह, समूहको रोष्टर समूह गठन गरी परिचालन गरिनुका साथै<br>ाई तथ्यङ मैत्री बनाउ बनाइने । | ५० हजार | |
| २७ | शिक्षा प्रणालीलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाउने अभ्यास गरिने छ | २ लाख | |
| २८ | विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको आधार बाउने। | ५० हजार | |
| २९ | ोकिएकै शिर्षकमा रकम खर्च गर्न विद्यालयहरुलाई निर्देशन। | निशुल्क | |
| ३० | पदको बेलामा पनि सिकाइलाई निरन्तरता दिनका लागि पालिकास्तरमा वैकल्पिक सिकाइ सहजीकरण कार्यविधि तयार पारी प्रभाव कारी रुपमा लागु गरिने छ। | २ लाख | |
| ३१ | १० वर्षे शिक्षा क्षेत्र योजना लाइ कार्यान्वयन तथा शिक्षाको गुणस्थर सुधारको लागी आश्यक पर्ने रकम रु:६९ लाख पचास हजार मात्र। | | |





## अनुसूची ३

### सन्दर्भ सामग्रीहरू


१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७५), उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (अप्रकाशित), लेखक : सिंहदरबार, काठमाण्डौं।

२. शिक्षा मन्त्रालय (२०२८), राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८-२०३२ सम्मको योजना, लेखक : केशरमहल, काठमाण्डौं।

३. शिक्षा मन्त्रालय (२०६६), विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२, लेखक : केशरमहल, काठमाण्डौं।

४. अर्थ मन्त्रालय (२०७६), आर्थिक सर्वेक्षण आर्थिक बर्ष २०७५/२०७६, लेखक: सिंहदरबार, काठमाण्डौं।

५. Department of Education (2019), FLASH I Report 2076 (2019-20), Author: Sanothimi, Bhaktapur.

६. नेपाल कानून आयोग (२०७८), नेपालको संविधान, लेखक: www.lawcommission.gov.np

७. शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/७४-२०८०/०८० लेखक: सिंहदरबार, काठमाण्डौं।

८. राष्ट्रिय योजना आयोग पन्ध्रौ योजना(२०७६/०७७- २०८१/०८२) सिंहदरवार, काडमाण्डौं।

९. राष्ट्रिय जनगणना २०७८।

१०. केदारस्यूँ गाउँपालिकाको बस्तुगत विवरण (२०७५) केदारस्यूँ गाउँपालिका बझाङ

११. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

१२. जिल्ला शिक्षा योजना (२०७३/०७४) जिल्ला शिक्षा योजना बझाङ

१३. राष्ट्रिय शिक्षा नीति २०७६

१४. दीगो विकासका लक्ष्यहरू २०१५–२०३०

१५. नेपाल सरकारको २०७९/०८० को बजेट बक्तव्य

१६. IEMIS Report 2079/80

१७. केदारस्यूँ गाउँपालिकाको २०७९/०८० को बजेट बक्तव्य

१८. moecdc.gov.np

१९. moest.gov.np

२०. cehrd.gov.np

२१. npc.gov.np

२२. tsc.gov.np

२३. kedarasyumun.gov.np

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५० | ६८०३९००१२ | श्री महादेव प्राथमिक विद्यालय | केदारस्यूँ ३ गडीगाउँ बझाङ्ग | कक्षा (१-३) | मदन खाति | ९८६८३३६९३० |
| ५१ | ६८०३९००१३ | श्री केदार प्राथमिक विद्यालय | केदारस्यूँ ३ हस्साडा बझाङ्ग | कक्षा (१-३) | रण बहादुर विष्ट | ९८६८७०६९५९ |
| ५२ | ६८०३९००१४ | श्री भगवती वा.वि प्राथमिक विद्यालय | केदारस्यूँ १ चौडाला बझाङ्ग | कक्षा (१-३) | सुलोचना मल्ल | ९८४४१३५४४१ |
| ५३ | ६८०३९००१५ | श्री समैजी वा.वि. विद्यालय | केदारस्यूँ १ जुवालीखेत बझाङ्ग | कक्षा (०) | कुम्भराज भण्डारी | ९८६५८७६४२५ |
| ५४ | ६८०३९००१६ | श्री नमादेव वा.वि. प्राथमिक विद्यालय | केदारस्यूँ २ बाईतोली बझाङ्ग | कक्षा (१-३) | लक्ष्मी कुमारी विष्ट | ९८४८४१०९४१ |
| ५५ | ६८०३९००१७ | श्री रनिदुर्गे प्राथमिक विद्यालय | केदारस्यूँ १ चौडामवगर बझाङ्ग | कक्षा (०) | पूर्ण बहादुर भण्डारी | ९८४८६४०९२५ |
| ५६ | ६८०३९००१८ | श्री भवानी प्राथमिक विद्यालय | केदारस्यूँ ३ खातिगाउँ बझाङ्ग | कक्षा (०) | जनक खाती | ९८६०१३७३५८ |
| ५७ | | श्री केदार डिलाईट बोर्डिङ स्कुल | केदारस्यूँ ४ बागथला बझाङ्ग | कक्षा (१-६) | प्रताप गुर्धामी | ९८६८५३६७६४ |
| ५८ | | श्री गोल्डेन फ्युचर एकेडेमी स्कुल | केदारस्यूँ ४ बागथला बझाङ्ग | कक्षा (१-३) | शैलेन्द्र मल्ल | ९८६८७०८८०१ |





# अनुसुची – ५

## सामुदायिक विद्यालयहरु र प्रधानाध्यापकहरुको विवरण

| क्र. स. | इमिस कोड | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | प्रधानाध्यापक को नामथर | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | ६८००१०००१ | श्री सिद्गिगणेश आधारभूत विद्यालय | केदारस्यूँ ४ बखेत बझाङ्ग | कक्षा (१-५) | माया मल्ल | ९८६५९४०२८६ |
| २ | ६८००१०००२ | श्री भूवनेश्वरी आधारभूत विद्यालय | केदारस्यूँ ४ सुदाडा बझाङ्ग | कक्षा (१-७) | पदम बहादुर मल्ल | ९८६५६१३६७२ |
| ३ | ६८००१०००३ | श्री जनजागृति प्राथमिक विद्यालय | केदारस्यूँ ५ चौडेल्ली बझाङ्ग | कक्षा (१-५) | नरदीप बोहरा | ९८६८६५८७७६ |
| ४ | ६८००१०००४ | श्री भवानी माद्यमिक विद्यालय | केदारस्यूँ ५ बाँझ बझाङ्ग | कक्षा (१-१०) | **दलबहादुर** बोहरा | **९७४५३५५२४५** |
| ५ | ६८००१०००५ | श्री जानकी प्राथमिक विद्यालय | केदारस्यूँ ५ धुलकाटिया बझाङ्ग | कक्षा (१-५) | **धन बहादुर भण्डारी** | **९८६५७०१९५४** |
| ६ | ६८००१०००६ | श्री रत्न माद्यमिक विद्यालय | केदारस्यूँ ५ पाउटा बझाङ्ग | कक्षा (१-१२) | हरिलाल ठगुन्ना | ९८४८४०१६३६ |
| ७ | ६८००१०००७ | श्री जगन्नाथ माद्यमिक विद्यालय | केदारस्यूँ ४ सैन्स्यूँ बझाङ्ग | कक्षा (१-१२) | नरेन्द्र बहादुर भण्डारी | ९८६८५७६६९४ |
| ८ | ६८००१०००८ | श्री शिक्षोदय माद्यमिक विद्यालय | केदारस्यूँ ४ बाग्थला बझाङ्ग | कक्षा (१-१२) | गगन बहादुर विष्ट | ९८४८६०७६५७ |
| ९ | ६८००१०००९ | श्री जनचेतना आधारभूत विद्यालय | केदारस्यूँ ५ सिङ्गेचुला बझाङ्ग | कक्षा (१-५) | अहिल्या बम | ९८६८९४४५८४ |
| १० | ६८००१००११ | श्री सुल्जन प्राथमिक विद्यालय | केदारस्यूँ ५ गुरेना बझाङ्ग | कक्षा (१-५) | रमेश प्रसाद जोशी | ९८६५६२००९५ |
| ११ | ६८००१००१२ | श्री लालीगुराँस प्राथमिक विद्यालय | केदारस्यूँ ५ बहुराडी बझाङ्ग | कक्षा (१-३) | चन्द्र बहादुर गुर्धामी | ९८६५९८२०५७ |
| १२ | ६८००१००१३ | श्री घण्टेश्वर आधारभूत विद्यालय | केदारस्यूँ ४ कुवाखोला बझाङ्ग | कक्षा (१-३) | सरस्वति रोकाया | ९८६५६१३६०७ |
| १३ | ६८००२०००१ | श्री नमादेव प्राथमिक विद्यालय | केदारस्यूँ ८ मल्लेसी बझाङ्ग | कक्षा (१-५) | लोक बहादुर जेठारा | ९७४८२४७३५४ |
| १४ | ६८००२०००२ | श्री त्याडी प्राथमिक विद्यालय | केदारस्यूँ ९ कोलढुङ्ग्रा बझाङ्ग | कक्षा (१-५) | धन बहादुर शाही | ९८६६४२४०६५ |
| १५ | ६८००२०००३ | श्री केदार प्राथमिक विद्यालय | केदारस्यूँ ८ बैलेक बझाङ्ग | कक्षा (१-५) | नरेश बहादुर बोहरा | ९७६५४४२६१४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | ६८००२०००४ | श्री कैलाश प्राथमिक विद्यालय | केदारस्यूँ ९ जुईल बझाङ्ग | कक्षा (१-३) | अम्बिका मल्ल | ९८४८४०२८६० |
| १७ | ६८००२०००५ | श्री भैरव माध्यमिक विद्यालय | केदारस्यूँ ९ झोता बझाङ्ग | कक्षा (१-१२) | शान्ति बोहरा | ९८६७४१३७१४ |
| १८ | ६८००२०००६ | श्री कैलाश माध्यमिक विद्यालय | केदारस्यूँ ८ लोतु बझाङ्ग | कक्षा (१-१२) | नबराज थापा | ९८४८४०४८४५ |
| १९ | ६८००२०००७ | श्री मौभेरी प्राथमिक विद्यालय | केदारस्यूँ ८ लोतु बझाङ्ग | कक्षा (१-५) | प्रेम राज जोशी | ९८४४१६०३६६ |
| २० | ६८००२०००८ | श्री नमादेव प्राथमिक विद्यालय | केदारस्यूँ ९ गल्लेक बझाङ्ग | कक्षा (१-५) | अम्मर बहादुर बोहरा | ९८६५६५०५८७ |
| २१ | ६८००२०००९ | श्री महादेव प्राथमिक विद्यालय | केदारस्यूँ ८ सिम्पानी बझाङ्ग | कक्षा (१-५) | लोकेन्द्र बहादुर धामी | ९८६४७६३३६१ |
| २२ | ६८००२००१० | श्री बाठपाली प्राथमिक विद्यालय | केदारस्यूँ ८ सिराडी बझाङ्ग | कक्षा (१-५) | सिद्धराज जोशी | ९८४८०५३३४४ |
| २३ | ६८००२००११ | श्री बाठपाली आधारभुत विद्यालय | केदारस्यूँ ८ खेती बझाङ्ग | कक्षा (१-३) | द्रोपति पन्त | ९८४२३९१६५४ |
| २४ | ६८००२००१२ | श्री जवा प्राथमिक विद्यालय | केदारस्यूँ ९ सेकु बझाङ्ग | कक्षा (१-३) | आशासिहं शाही | ९८६४६३८९६८ |
| २५ | ६८००२००१४ | श्री डाडाबाघ प्राथमिक विद्यालय | केदारस्यूँ ८ दुनिधारी बझाङ्ग | कक्षा (०-१) | कोपिला कुमारी बोहरा | ९८६५७३२१०३ |
| २६ | ६८००३०००१ | श्री सरस्वति प्राथमिक विद्यालय | केदारस्यूँ ६ बिनाडा बझाङ्ग | कक्षा (१-५) | महाविर धामी | ९८६४३१३४३५ |
| २७ | ६८००३०००२ | श्री महादेव आधारभुत विद्यालय | केदारस्यूँ ७ भामचौर बझाङ्ग | कक्षा (१-८) | विरेन्द्र दौल्याल | ९८६५८३३८८० |
| २८ | ६८००३०००३ | श्री केदार आधारभुत विद्यालय | केदारस्यूँ ६ थापागाउँ बझाङ्ग | कक्षा (१-८) | वीर बहादुर गुर्धामी | ९८६८५४७२२९ |
| २९ | ६८००३०००४ | श्री बालविकास प्राथमिक विद्यालय | केदारस्यूँ ७ जसुडा बझाङ्ग | कक्षा (१-५) | मिन बहादुर जाग्री | ९८६४३२५४३४ |
| ३० | ६८००३०००५ | श्री सुर्मा भवानी माध्यमिक विद्यालय | केदारस्यूँ ७ काडाचौर बझाङ्ग | कक्षा (१-१२) | दिपेन्द्र धामी | ९८४२१८८०३१ |
| ३१ | ६८००३०००६ | श्री चन्द्रोदय माध्यमिक विद्यालय | केदारस्यूँ ६ भाँडसैन बझाङ्ग | कक्षा (१-१२) | जनक धामी | ९८६८५७४२४९ |
| ३२ | ६८००३०००७ | श्री कैलाश भवानी माध्यमिक विद्यालय | केदारस्यूँ ७ कोटेली बझाङ्ग | कक्षा (१-१२) | प्रेम बहादुर धामी | ९८६७४१३९४१ |





| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३३ | ६८००३०००८ | श्री सरस्वती आधारभुत विद्यालय | केदारस्यूँ ६ गाँजरी बझाङ्ग | कक्षा (१-८) | लाल बहादुर धामी | ९८६८८४५०३६ |
| ३४ | ६८००३०००९ | श्री भूमिदेव आधारभुत विद्यालय | केदारस्यूँ ६ रोतागडा बझाङ्ग | कक्षा (१-८) | खडक बहादुर बोहरा | ९८६४७६०८४० |
| ३५ | ६८००३००१० | श्री नवज्योति प्राथमिक विद्यालय | केदारस्यूँ ६ त्याडीगाउँ बझाङ्ग | कक्षा (१-५) | दिपक बोहरा | ९८६८७९३७४१ |
| ३६ | ६८००३००१५ | श्री बाहदेव बालविकास | केदारस्यूँ ६ उपरगाउँ बझाङ्ग | कक्षा (०) | हिक्मत बहादुर धामी | ९८४२२०८४६६ |
| ३७ | ६८००३००१६ | श्री धैलपुर बालशिक्षा विद्यालय | केदारस्यूँ ६ छिप्यान बझाङ्ग | कक्षा (०) | कल्पना धामी | ९८४७५३३१०६ |
| ३८ | ६८००३००१७ | श्री लटबाघ बालविकास केन्द्र | केदारस्यूँ ६ गोठेखान बझाङ्ग | कक्षा (०) | मिना बोहरा | ९७४९३०६५५० |
| ३९ | ६८०३९०००१ | श्री अमृत प्राथमिक विद्यालय | केदारस्यूँ २ कोटिगाउँ बझाङ्ग | कक्षा (१-५) | धन बहादुर विष्ट | ९८६५६१६४३५ |
| ४० | ६८०३९०००२ | श्री नमादेउ प्राथमिक विद्यालय | केदारस्यूँ २ चिरगाउँ बझाङ्ग | कक्षा (१-५) | गणेश बहादुर भण्डारी | ९८६८७९१८६८ |
| ४१ | ६८०३९०००३ | श्री भवानी माध्यमिक विद्यालय | केदारस्यूँ १ डुडिल बझाङ्ग | कक्षा (१-१०) | माधव प्रसाद बोहरा | ९८६३१०७५४८ |
| ४२ | ६८०३९०००४ | श्री गर्जेपानी माध्यमिक विद्यालय | केदारस्यूँ १ रायल बझाङ्ग | कक्षा (१-१२) | डम्मर बहादुर मल्ल | ९८४८२३४९९२ |
| ४३ | ६८०३९०००५ | श्री नमादेव माध्यमिक विद्यालय | केदारस्यूँ ३ डाफ्रु बझाङ्ग | कक्षा (१-१०) | गोविन्द रावल | ९८६५६२७४७३ |
| ४४ | ६८०३९०००६ | श्री जनचेतना प्राथमिक विद्यालय | केदारस्यूँ १ देउरा बझाङ्ग | कक्षा (१-५) | विमला कुमारी धामी | ९८६७८७५८४० |
| ४५ | ६८०३९०००७ | श्री बेताल माध्यमिक विद्यालय | केदारस्यूँ १ रातापानी बझाङ्ग | कक्षा (१-१२) | कर्ण बहादुर भण्डारी | ९८६८८००७४९ |
| ४६ | ६८०३९०००८ | श्री भवानी प्राथमिक विद्यालय | केदारस्यूँ ३ मैतोली बझाङ्ग | कक्षा (१-५) | गणेश बहादुर विष्ट | ९७६५५४३५७२ |
| ४७ | ६८०३९०००९ | श्री भगवती प्राथमिक विद्यालय | केदारस्यूँ १ चौडाम बझाङ्ग | कक्षा (१-३) | जनक भण्डारी | ९८६५८३६६६० |
| ४८ | ६८०३९००१० | श्री मष्टादेव प्राथमिक विद्यालय | केदारस्यूँ २ जुब बझाङ्ग | कक्षा (१-५) | धनलाल नेपाली | ९८६८५८८४४८ |
| ४९ | ६८०३९००११ | श्री नमादेव प्राथमिक विद्यालय | केदारस्यूँ २ महरगाउँ बझाङ्ग | कक्षा (१-३) | मिना कुमारी रावल | ९८४८६८०२२० |

**अनुसूची ६ :** विद्यालय शिक्षामा विद्यमान समस्या, तिनका कारण र असरका केही उदाहरण देखाइएको नमूना समस्या वृक्ष

**अनुसूची ७ :** विद्यालयमा प्रारम्भिक बालविकास शिक्षाका क्षेत्रमा भएका सबल पक्ष, कमजोरी, अवसर र चुनौतीका केही उदाहरण देखाइएको SWOT विश्लेषण नमूना

**अनुसूची ८ :** शिक्षासँग सम्बन्धित ऐन, नियम,निर्देशिका लगायतका नीतिगत दस्तावेजहरुको सूची

## सन्दर्भ सामग्री

१. नेपालको संविधान् २०७२, कानुन किताब व्यवस्था समिति
२. उच्च स्तरीय कार्यदलका प्रतिवेदन २०५५, शिक्षा मन्त्रालय, काठमाण्डौं
३. उच्च स्तरीय कार्यदलका प्रतिवेदन २०५८, शिक्षा मन्त्रालय, काठमाण्डौं
४. चौधौं (त्रिवर्षीय) योजना (२०७३) राष्ट्रिय योजना आयोगको सचिवालय, काठमाण्डौं
५. विद्यालय क्षेत्र सुधार कार्यक्रम मूल दस्तावेज (२०६६–२०७२) शिक्षा मन्त्रालय, काठमाण्डौं
६. विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३–२०८२), शिक्षा मन्त्रालय, काठमाण्डौं
७. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, केन्द्रीय तथ्यांक विभाग, थापाथली काठमाण्डौं
८. शिक्षा ऐन (संशोधन सहित), २०२८, कानुन किताब व्यवस्था, समिति, काठमाण्डौं
९. शिक्षा नियमावली (संशोधन सहित), २०५९ कानुन किताब व्यवस्था समिति, काठमाण्डौं
१०. स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठमाण्डौं
११. निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, काठमाण्डौं
१२. दीगो विकास लक्ष्य २०१७–३० राष्ट्रिय योजना आयोग, काठमाण्डौं
१३. उच्च स्तरीय कार्यदलको प्रतिवेदन शिक्षा मन्त्रालय, काठमाण्डौं
१४. नेपाल सरकारको कार्यक्रम बजेट २०८२/८१ , काठमाण्डौं
१५. १६ औं योजनाको आधारपत्र
१६. Emis रिपोर्ट केदारस्यू गाउँपालिका
१७. सरोकारवालाहरु संगको छलफल